## प्रकाशनबारे जानकारीः

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६७ वर्षदेखि अविच्छिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइटः www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

**- प्रहरी द्वैमासिक प्रकाशन**


**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल काठमाडौं

फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३

इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com

वेवसाइट : www.nepalpolice.gov.np


प्रहरी PRAHARI

फागुन-चैत २०८२

ISSN 26616122

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ | वर्ष ६७, अंक ६ | फागुन-चैत २०८२








# प्रहरी

मे.अ.द.न. ६४/१५८

## द्वैमासिक प्रकाशन

वर्ष : ६७ अंक : ६ २०८२ फागुन-चैत



**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि.अबि नारायण काफ्ले

**सल्लाहकार**
प्र.व.उ.दीप शम्शेर ज.ब.रा.

**प्रधान सम्पादक**
प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**
प्र.ना.उ. मिन बहादुर कुँवर क्षेत्री
प्र.नि.रन्जु के.सी
प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**
प्रा.प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**
प्रा.प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**
एम.एस. प्रिन्टिङ्ग सोलुसन

**छपाइ प्राविधिक**
प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.ह लक्ष्मी बोगटी
प्र.ज. चुडामणी भट्ट

**प्रकाशक**
**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## ✍ सम्पादकीय...

### आमनिर्वाचनमा सुरक्षा व्यवस्थापन

यही फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। निर्वाचनलाई शान्तपूर्ण, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक एवम् महत्वपूर्ण पक्ष शान्ति सुरक्षा नै हो । यसमा राज्यका सुरक्षा निकायको भूमिका प्रत्यक्ष जोडिएको हुन्छ । त्यसमाथि अग्रपंक्तिमा तैनाथ रहेर मतदानस्थलदेखि मतगणना स्थलसम्म खटी निर्वाचन सुरक्षाको व्यवस्थापन गर्ने प्रथम जिम्मेवारी नेपाल प्रहरीको हुने गर्दछ । अत्यन्तै चुनौतीपूर्ण तर राष्ट्र र नागरिकको सेवा गर्ने अवसरको रुपमा प्राप्त यस ऐतिहासिक एवम् महत्वपूर्ण जिम्मेवारीलाई नेपाल प्रहरीले नेपाल सरकार गृह मन्त्रालयको नीति निर्देशन, अन्य सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँगको सहकार्य र समन्वय, निर्वाचन प्रहरी एवम् आम नागरिकसमेतको सहयोगमा अत्यन्त संवेदनशील, सजग र क्रियाशील भई पूरा गरेको छ।

देशभर एकै चरणमा सम्पन्न निर्वाचनमा सिमित साधनस्रोत र जनशक्तिका बाबजुत सुरक्षा व्यवस्थापन निश्चय पनि चुनौतीपूर्ण थियो। मूलभूत रुपमा निर्वाचनको सम्भावित सुरक्षा चुनौती, मतदाता, मतदानस्थल, उम्मेदवार लगायतको सुरक्षा, निर्वाचनलाई प्रभाव पार्न सक्ने विभिन्न समूहका

गतिविधि तथा त्यसको नियन्त्रण, विष्फोटनबाट सर्वसाधारणलाई आंतकित पार्ने गतिविधि, सम्भावित भौतिक आक्रमण, झडप, चुनावी सभा अवरोध, सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा उत्तेजनात्मक सामाग्रीहरू प्रकाशन लगायतका चुनौती थिए । यस्ता चुनौतीको सामना गरी निर्वाचन सम्पन्न गराउन संगठनबाट आवश्यक सुरक्षा सम्बन्धी रणनीति तयार गर्न पूर्व प्रहरी वरिष्ठ अधिकृत, सुरक्षा विज्ञ र अन्य सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । केन्द्रिय स्तरमा AI सेल र ७७ वटै जिल्ला प्रहरी कार्यालयहरूमा सोसियल मिडिया मनिटरिङ्ग सेल स्थापना गरी भ्रामक सूचना, अफवाह तथा उत्तेजनात्मक सामग्रीहरू निग्रानी गरी आवश्यक कारबाही गरियो । त्यसैगरी निर्वाचनलाई थप व्यवस्थित बनाउन CCTV सर्भिलेन्स, GIS सफ्टवेयरको प्रयोग, ड्रोनबाट निग्रानी, बडी वर्न क्यामेरा लगायतका आधुनिक प्रविधिहरूको प्रयोगबाट सुरक्षा प्रबन्ध मजबुद भई उत्कृष्ट रुपमा जिम्मेवारी पूरा गर्न सहज भएको देखिन्छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागको तथ्याङ्क अनुसार यस निर्वाचनमा ७५ हजार, एक सय ५९ प्रहरी कर्मचारी र १ लाख ३३ हजार ३ सय ९३ निर्वाचन प्रहरीलाई परिचालन गरिएको थियो । सातवटै प्रदेशहरूमा असभावका साधन, हातहतियार तथा प्रहरी जनशक्तिहरूलाई आवश्यकता अनुसार परिचालन गर्न केन्द्रीय निर्वाचन सेल र प्रदेश तथा जिल्लाहरूमा निर्वाचन सेलको गठन गरी संवेदनशीलताको आधारमा प्रभावकारी जनशक्ति परिचालन भए । यसरी आवश्यक जनशक्ति, हातहतियार, सञ्चार साधन र सवारी साधनको व्यवस्थापन सहित समग्रमा तोकिएको जिम्मेवारी पूरा गर्न नेपाल प्रहरी संगठन सफल भएको छ ।

सङ्क्षेपमा, पेसागत निष्ठा, व्यावसायिक क्षमता, त्याग, जिम्मेवारीप्रति समर्पण, कानुनसम्मत कदम, कामप्रति सक्रियताको साथै सरोकारवाला निकायबीचको ऐक्यबद्धता आपसी सहयोग र समन्वय गर्दै काम गरेमा सफलता प्राप्तिमा कुनै अड्चन आउन सक्दैनन् । यसपटक सबैतिर अग्रपंक्तिमै तैनाथ रहेर निर्वाचन सुरक्षामा नेपाल प्रहरीले देखाएको व्यावसायिकता, उत्कृष्ट काम र पूरा गरेको जिम्मेवारीले प्रहरी संगठनप्रतिको विश्वास उँचो भएको महसुस भएको छ । अग्रपंक्तिमा रहेर जिम्मेवारीलाई उच्च सतर्कता, संवेदनशीलता र महत्वका साथ लिएर सफलतापूर्वक सम्पादन गरी नेपाल सरकार तथा आम नागरिकबाट प्रशंसा पाउनु नेपाल प्रहरी संगठनका लागि गौरवको विषय मान्न सकिन्छ ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ बाल विवाह सम्बन्धी कसुर कानूनी.... | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ नेपालमा अग्रिम जमानत सम्बन्धी........... | ✍ प्र उ मोहन कुमार थापा | ११ |
| ♦ बल प्रयोग र कानुनी व्यवस्था | ✍ प्र ना उ कृष्ण खड्का | २५ |
| ♦ प्रहरी नेतृत्वको कुशलता | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ३४ |
| ♦ अन्वेषणमा आधारित प्रहरी सेवा प्रवाह........... | ✍ प्र नि मन्दिप चौहान | ४४ |
| ♦ प्रहरी सुरक्षा, भरोसाको आधार | ✍ प्रल्हाद दाहाल | ५३ |
| ♦ नियम होइन, संस्कार बदलौं | ✍ प्र व ना नि बिष्णु थापा | ६१ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ मोङलामुनि भैंसी र बाङदेल | ✍ युवराज नयाँघरे | ६ |
| ♦ अन्तिम पत्र | ✍ पूर्व प्र व उ बिक्रम गुरुङ | २१ |
| ♦ आवरण | ✍ गङ्गा कर्माचार्य पौडेल | ३३ |
| ♦ रङ फेर्ने शब्दहरू | ✍ घन बहादुर थापा | ३७ |
| ♦ आस्थाको यात्राले दिलाएको आत्मबोध | ✍ मुरारीराज मिश्र | ३८ |
| ♦ बिसु पर्वको शुभकामना | ✍ दीपा भट्ट जोशी | ५० |
| ♦ व्यावसायिक कृषि | ✍ रामप्रसाद धिताल | ५५ |
| ♦ बारीको पाटामा त्यो भतेर.............. | ✍ सीताकुमारी न्यौपाने धिताल | ५६ |
| ♦ पीर | ✍ गंगा खड्का | ६० |
| ♦ श्रीमती कमाउने | ✍ बिन्दु अधिकारी ढकाल | ६५ |
| ♦ दिगो विकास र गरिबीको अन्तरसम्बन्ध | ✍ सुदर्शन अधिकारी | ७१ |
| ♦ चलान | ✍ रत्न प्रजापति | ७६ |
| ♦ प्रहरी सेवामा मेरा ३० वर्ष | ✍ पूर्व प्र ना नि नृप बहादुर रावल | ८१ |
| ♦ चौसठ्ठी ज्योतिर्लिङ्ग र मकवानपुर | ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' | ८७ |
| ♦ महँगो चन्दा | ✍ रञ्जना पराजुली लम्साल | ९० |
| ♦ देशको समृद्धिः विज्ञान र प्रविधि | ✍ राजेशमान के. सी. | ९१ |
| ♦ भिल्टुङमा महाकविलाई भेट्दा | ✍ लीलाराज दाहाल | ९४ |

| | | |
|---|---|---|
| ♦ इन्टरनेटको विकासक्रम | ✍ त्रिचन्द्र प्रतीक्षा | १०० |
| ♦ पुराणमा कर्म र भाग्यः एक विवेचना | ✍ ऐन्देवी शर्मा | १०४ |


## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ झरी | ✍ लक्ष्मी पोखरेल | १० |
| ♦ गीत | ✍ श्यामकृष्ण डंगोल 'प्रतिक्षा' | २० |
| ♦ प्रहरी पहिचान | ✍ पदम दाहाल | ३२ |
| ♦ नारी | ✍ श्रीहरि के.सी. | ५२ |
| ♦ गीत | ✍ यशु श्रेष्ठ | ६४ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ६९ |
| ♦ देश, रक्षक र म | ✍ मिथिलेश आदित्य | ७० |
| ♦ अनुभूति | ✍ डा बमबहादुर थापा 'जिताली' | ७५ |
| ♦ नेपाल | ✍ प्र स ह गोविन्दराज ओझा | ८० |
| ♦ शब्द | ✍ देवकी के.सी. | ८६ |
| ♦ सद्भावको सनतरी | ✍ जयश्वर रिमाल | ९९ |
| ♦ फुलबारी | ✍ अरुण बहादुर खत्री 'नदी' | १०९ |
| ♦ कसैसँग झुक्दिन म | ✍ लक्ष्मी प्रसाद मिश्र | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र ज अभिन गुरुङ | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# बाल विवाह सम्बन्धी कसुर कानुनी व्यवस्था र न्यायिक व्याख्या



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. पृष्ठभूमि

विवाह उमेर पुगेका महिला र पुरूष बिचको सहमतिमा कायम हुने पारिवारिक सम्बन्ध हो। विवाहले विवाहिता जोडी बिच हुने यौन सम्बन्धलाई अनुमति एवम् वैधता प्रदान गर्दछ । उनीहरूको यौन सम्बन्धबाट जन्मेका बच्चालाई सन्तानको रूपमा वैधता दिन्छ । प्राचिन समयदेखि आधुनिक समयसम्म विवाहलाई पारिवारिक र सामाजिक संस्थाको रूपमा स्वीकार गरिएको पाइन्छ। विश्वमा अभ्यासमा रहेका सबै धर्म र संस्कारमा वैवाहिक सम्बन्धलाई स्वीकार गरिएको छ। विवाह गर्ने वा नगर्ने व्यक्तिको स्वतन्त्रता हो । आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने व्यक्तिको हक, अधिकारको विषय हो। यो मानव अधिकारको विषयवस्तु पनि हो । विवाह गर्ने कार्य जैविक तथा प्राकृतिक आवश्यक विषय पनि हो । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ र अन्य लिखतहरूले पनि विवाहलाई इच्छापूर्वक गर्न पाउने अधिकारको रूपमा व्यवस्था गरेको छ। त्यस्तै सबै प्रकारको जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५, महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ले विवाह गर्ने तथा स्वतन्त्र रूपले बरबधु छान्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ। सामान्यतया पुरूष र महिला बिचमा यौन सम्पर्क स्थापित भई लोग्ने स्वास्नी सरह बस्नु नै नेपाल कानुन अनुसार विवाह हो।[१] विवाह योग्य पुरूष र महिलाको सँगै बसी जीवनयापन गर्ने दुई बिचको सम्झौता हो।[२] अहिले पछिल्लो

°सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय।

१. फौजदारी कानुनको समीक्षात्मक विवेचना, प्रा. माधवप्रसाद आचार्य समेत, प्रथम संस्करण, (२०६३) भाद्र, पृ. ५८९।

२. रा.न्या.प्र. (२०७०), फौजदारी कसुर सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ दफाबार व्याख्यात्मक टिप्पणी, हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. २४५।

समयमा आएर समान लिङ्गका व्यक्तिहरूको बिच र तेस्रो लिङ्गका व्यक्तिहरूका बिचमा पनि विवाह हुन सक्ने भन्ने मान्यताको विकास भइरहेको पाइन्छ।[३]

प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुन्छ।[४] आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने व्यक्तिको अधिकार हो । तर रोजेको व्यक्तिसँग विवाह गर्न पाउने अधिकारलाई जति पनि, जोसुकैसँग, जुनसुकै उमेर वा अवस्थामा पनि गर्न पाउने भन्ने बुझ्न हुँदैन । विवाह गर्दा कानुनी मर्यादा वा सीमा नाघेर गर्न सकिँदैन। यदि कानुनले तोकेको अवस्था भन्दा बाहिर गएर वा रोकेको अवस्थामा विवाह गरिन्छ भने त्यस्तो विवाह अपराध मात्र हुँदैन। त्यो बदर पनि हुन्छ।[५] कानुनले तोके बमोजिम गरिएका बाहेकका विवाह गैरकानुनी हुन्छन्।

ती विवाह स्वतः बदर हुने प्रकृतिका वा बदर गराउन सकिने प्रकृतिका हुन्छन् । विवाह गर्ने व्यक्तिहरूको उमेर, शारीरिक तथा मानसिक अवस्था, आचरण, नाता सम्बन्ध, सहमति आदिका आधारमा विवाहलाई स्वतः बदर हुने र बदर गराउन सकिने विवाह भनी छुट्याउन सकिन्छ।

## २. विवाह सम्बन्धी कानुनी व्यवस्था

विवाह पारिवारिक तथा व्यक्तिगत मामिला हो । सामाजिक सम्बन्ध हो । वंश निरन्तरताको प्रक्रिया हो । महिला र पुरूष बिचको दाम्पत्य सम्बन्ध कायम गर्ने अनुमति हो । महिला र पुरूष बिच विवाह गर्ने कार्य हिजो पनि थियो। आज पनि छ। भोलि पनि कायम रहन्छ। यो हरेक व्यक्तिसँग जोडिएको मामिला हो । व्यक्तिहरू एक देशबाट अर्को देशमा आउने जाने क्रमसँगै उमेर अनुसार वैवाहिक सम्बन्ध कायम हुन्छ। तर प्रत्येक देशमा विवाह गर्न पाउने उमेर र अवस्था फरक फरक हुने गर्दछ । त्यस अवस्थामा उनीहरू बिच भएको कुन विवाह कानुन अनुकूल छ वा प्रतिकूल छ भन्ने विषय विचारणीय रहन्छ। अतः विवाह सम्बन्धी कानुनी व्यवस्थालाई निजी अन्तर्राष्ट्रिय कानुनको विषय समेत मानिन्छ। यसकारण यस सम्बन्धी कानुनी व्यवस्थाले हरेक व्यक्तिलाई प्रभाव पार्दछ । सोही अनुसार चासो र सरोकार समेत रहन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २

३. रमादेवी पराजुली, बहुविवाह सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन, आर्थिक/सामाजिक अपराधको प्रवृत्तिगत विश्लेषण, अपराधशास्त्रीय अनुसन्धान केन्द्र, (२०७४), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं, पृ. ३८।

४. मुलुकी देवानी संहिता, २०७४ को दफा ६९।

५. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानुनको परिचय, पाँ. सं. (२०७९), लुम्बिनी प्रकाशन, पृ. ४२७।

को उपदफा (३) मा (ज) कुनै नेपाली नागरिकले नेपाल बाहिर रहँदा विवाह सम्बन्धी कसुर गरेमा निजलाई नेपाल भित्र नै त्यस्तो कसुर गरे सरह सजाय हुने कानुनी व्यवस्था गरिएको छ। यस कानुनी व्यवस्था बमोजिम कुनै नेपाली नागरिकले विदेशमा रहँदा पनि नेपालको विवाह सम्बन्धी कानुन पालना गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था गरिएको छ। नागरिकले आफ्नो देश बाहिर रहे पनि आफ्नो देशका केही कानुन पनि पालना गर्नु पर्दछ। पालना नगरेमा व्यक्तिगत क्षेत्राधिकार (Personal Jurisdiction) ग्रहण गरी सजाय गर्न सक्दछ।

नेपालमा विवाह गर्न पाउने कानुनी व्यवस्था सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को दफा ७० ले देहायका अवस्थामा पुरूष र महिलाबिच विवाह हुन सक्ने व्यवस्था गरेको छ :

(**क**) पुरूष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

(**ख**) कानुन बमोजिम पुरूष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा,

(**ग**) पुरूष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,

(**घ**)बीस वर्ष उमेर पूरा भएमा।

तर आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन।

**बाल विवाह**

कानुनले तोकेको उमेर पूरा नगरी विवाह गर्ने वा उमेर पूरा नभएका व्यक्तिसँग विवाह गर्नु वा गराउनु बाल विवाह हो। बाल अधिकार सम्बन्धी महासन्धिले कुनै पनि व्यक्ति सम्बन्धित देशको कानुनले अगावै वयस्क हुने कानुनी व्यवस्था गरेमा बाहेक १८ वर्ष नपुगेसम्म नाबालक मानिन्छ भन्ने व्यवस्था गरेको छ। सामान्यतया १८ वर्ष उमेर पूरा गरेको व्यक्ति बालिग मानिन्छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) ले अठार वर्ष पूरा नगरेको व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गरेको छ।

मुलुकी देवानी संहिता, २०७४ को दफा ३२ मा अठार वर्ष उमेर पूरा भएको प्रत्येक व्यक्ति बालिग भएको मानिनेछ र सोही हैसियतमा निज कानुनी रूपमा सक्षम भएको मानिनेछ। सक्षम व्यक्तिले कानुनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्नेछ भन्ने कानुनी व्यवस्था गरिएको छ। तर १८ वर्ष उमेर पूरा हुँदैमा नेपालको कानुनले विवाह गर्न पाउने अनुमति दिएको छैन। बीस वर्ष उमेर पूरा नगरी विवाह गर्न पाइँदैन। यदि बीस वर्ष उमेर नपुगी विवाह भएको रहेछ भने त्यो बाल विवाह हुन्छ। बाल विवाह हुन विवाह गर्ने व्यक्तिहरू मध्ये दुवै वा कुनै एक उमेर नपुगेको व्यक्ति हुनु पर्दछ।

बाल विवाह नेपालमा मात्र नभएर प्राय सबै देशहरूमा निषेधित छ । भारतमा Child Marriage Restraint Act, 1929 ले विवाह गर्ने उमेर पुरूषको हकमा एक्काइस वर्ष र महिलाको उमेर अठार वर्ष तोकेको छ । सो उमेर नपुगी विवाह गरेमा बाल विवाह गरेको मानिन्छ । त्यस्तो विवाह गर्नेलाई सामान्य कैद र जरिवाना तथा गराउने अभिभावकलाई समेत कैद, जरिवाना गर्ने व्यवस्था रहेको छ ।[६] नेपालमा मुलुकी ऐन, २०२० मा नै बाल विवाहलाई अपराध घोषणा गरी सजायको व्यवस्था गरिएको थियो । मुलुकी देवानी संहिता, २०७४ ले बीस वर्ष नपुगेसम्म विवाह गर्न नपाइने कानुनी व्यवस्था गरेको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले महिला र पुरूषको उमेर बीस वर्ष नपुगेसम्म विवाह गर्न वा गराउन निषेध गरेको छ । त्यस्तो बालविवाह भएमा स्वतः बदर हुने कानुनी व्यवस्था गरेको छ । साथै बाल विवाह गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने कानुनी व्यवस्था रहेको छ । यस कानुनी व्यवस्थाले सहरी क्षेत्रमा खासै असर नपारे पनि विशेष गरी तराई क्षेत्र र कर्णाली र सुदूर प्रदेश लगायतका ग्रामिण क्षेत्रमा बढी समस्या परेको भन्ने आवाजहरू सुनिएको अवस्था छ ।[७] संहिताको दफा १७३ को उपदफा (१) ले बाल विवाह गर्न वा गराउन निषेध गरे पनि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई मात्र सजाय हुने कानुनी व्यवस्था गरी विवाह गराउने व्यक्तिलाई सजायको प्रबन्ध गरिएको छैन ।

बाल विवाह गैरकानुनी भए पनि बीस वर्ष उमेर नपुगेका बालबालिका बिच प्रेम सम्बन्ध भई एक आपसमा विवाह गरी पति पत्नी समेत भई बस्ने गरेको पनि व्यवहारमा देखिन्छ । सो अवस्थामा उनीहरू बिच सहमतिमा यौन सम्बन्ध समेत हुने अवस्था हुन्छ । यस अवस्थामा कानुनी कारबाही के कसरी गर्ने भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सन्तोष कुमार यादव विरूद्ध नेपाल सरकार[८] भएको मुद्दामा नेपाल सरकारको अभियोग दाबी अपहरण तथा शरीर बन्धक तथा जबरजस्ती करणी कसुर समेत रहेकोमा सर्वोच्च अदालतले अरू कसुरमा सफाइ दिई बाल विवाह मात्र कायम गरी प्रतिवादीलाई सजाय हुने भनी देहाय बमोजिम फैसला गरेको छ :

- जबरजस्ती करणी (Statutory Rape) र बालविवाह (Child Merriage)

६. Child Marriage Restraint Act, 1929, secs. 2-6.

७. पूर्वपाद टिप्पणी नं. ५, पृ. ४३४ ।

८. सन्तोषकुमार यादव वि. नेपाल सरकार, ने.का.प. २०८० अंक १ नि.नं. ११०१५ ।
चेतन लावती वि. नेपाल सरकार, ने.का.प. २०८१ अंक ९ नि.नं. ११३४८ ।

मा हुन सक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूत रूपमा फरक रहन जाने हुनाले जबरजस्ती करणी (Statutory Rape) लाई बाल विवाहको सन्दर्भमा उमेर मात्रको आधारमा सिमाबद्ध गर्न सकिने अवस्था रहँदैन। साथै यी दुवै कसुरका सम्बन्धमा रहे भएको आधारभूत फरकपनलाई नछुट्‌याउने हो भने बाल विवाह सम्बन्धी कानुनमा भएको व्यवस्था नै अन्ततोगत्वा निस्कृय रहन जाने अवस्था बढ्छ।

- पुनरावेदक प्रतिवादीले यी पीडितलाई अपहरण तथा शरीर बन्धक बनाई जबरजस्ती करणी गर्नेसम्मको कसुर स्थापित भएको नदेखिएको र दुवै बिचको आपसी सहमतिमा विवाह गर्ने सम्मको कार्य गरेको देखिएको हुनाले बाल विवाहको कसुर ठहर गरी सजाय हुने।


यसैगरी चेतन लावती वि. नेपाल सरकार[९] भएको मुद्दामा वैवाहिक बलात्कारको कसुर कायम गरी सजाय हुने उल्लेख गरेको छ। सो मुद्दामा सर्वोच्च अदालतबाट "प्रतिवादी र पीडित बिच प्रेम सम्बन्धका कारणबाट आपसी सहमतिमा विवाह गर्ने सम्मको कार्य भएकोले निज पीडित र प्रतिवादीबिच सम्बन्ध विच्छेद नहुँदासम्म निजहरू बिचको विवाह बदर नभई विवाहबाट पति पत्नी भएको भन्ने तथ्यहरू मिसिल संलग्न निजहरू बिचको विवाह दर्ताको प्रमाणपत्र, झापा जिल्ला अदालतमा पीडितले लोग्ने स्वास्नीको सम्बन्ध बिच्छेद गरी पाउँ भनी दायर गरेको फिरादपत्र र सोही मुद्दामा यी पुनरावेदक प्रतिवादी टिका भन्ने चेतन लावती र पीडित नाम परिवर्तन सेलिना सुब्बा (शेर्मा) बिचमा सम्बन्ध विच्छेद हुने गरी झापा जिल्ला अदालतमा भएको मिलापत्र समेतले पुष्टि गरेको देखिएकोले परम्परा अनुसार विवाह भएको तथ्य स्थापित भई विवाहित जोडी कायम भएकै अवस्थामा जबरजस्ती करणी गरेमा अन्य अवस्थामा भएको जबरजस्ती करणी गर्ने व्यक्तिलाई हुने सजाय सरह विवाहितहरू बिच भएको जबरजस्ती करणीलाई पनि सजाय गर्नु न्यायोचित हुँदैन।

विवाहित जोडीहरू बिचमा करणी भएको तर त्यस्तो करणीमा महिलाको असहमति रहेको देखिएको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर कायम गरी ऐ. महलको ३ नं. को देहाय ६ बमोजिमको सजाय गर्दा नै न्यायोचित हुने देखिन्छ" भनी जबरजस्ती करणी ठहर नगरी वैवाहिक बलात्कार ठहर गरेको छ। ♦

९.चेतन लावती वि. नेपाल सरकार, ने.का.प. २०८१ अंक ९ नि.नं. ११३४८।

नियात्रा

# मोङलामुनि भैँसी र बाङदेल



✍ युवराज नयाँघरे

'बाटो त सजिलो, अप्ठेरो त मै पो भएँ!' मोङला छोड्ने बेलामा मनमा कुरा बिझ्यो ।

मोङलाबाट छेउ लागेर पश्चिम हुँदै दक्षिण आयो बाटो । पानी र कुइरो सरोबरी छ । पानीको भलले बाटोभरि कुलकुलाउन थालेको छ। पानीले खोल्सा बनाउन भ्याएछ । बाटोको माटो बगेर ढुंगाले दाँत माँझेर सेता-सेता पारेर हाँसे ।

'बोक्न नसके नि डोऱ्याउन त सक्छु नि ।' बीरुले भरोसा पोखे मलाई ।

उभिएर उनका कुरा सुनिरहेको छु । छाताको पानीले सुर, ताल झिकी-झिकी राग अलापिरहेको छ। तप्लाक... तुप्लुक... सिमसिम... स्यार्रसुर्र... ।

आँखाले पर-पर झरीमा रुझेका पहाडको ताँती देखिरहेछु । एउटा बेग्लै आवाज ती थुम्कातिर होला भन्ठान्छु।

'मोङला पुग्न मात्रै गाह्रो नि । त्यसपछि त तेर्छैतेर्छो ।'

'सास बिसाउन कतै-कतै त ओरालो आएर माया गर्छ नि सर ।' अघि फोर्चे ठाँगामा भनेथे। उनका लागि बोलीमा सजिलो रहेछ, अहिले मेरा घुँडालाई हुनसम्म सकस भो। मेरा पाइला चल्दै चलेनन्।

'अलि-अलि हिँड्नुस्। उभिरहँदा हरेक कुरा अडिन्छ । हिँड्दा बाटो पनि सजिलो बन्छ। खुट्टालाई पनि केही न केही आँट आउँछ ।' बीरुले फकाए मलाई । छाता समाएर उनले सघाए। थिल्लिएको घुँडो घिसार्न थालेँ। एक, दुई, तीन। फेरि एक, दुई, तीन । पाइला सार्दै, उभिँदै त्यै कछुवा तालमा ओर्लिन थालेँ ।

'हिमालका याकजस्तो बुद्रुक-बुद्रुक उफ्रिनुपर्ने, कछुवाको चाल भो' मनमनै खित्काएँ।

कुइरो गुजुल्टो परेर आउँछ । जाडो बेपत्तै छ । लुगा घुँडामुनि भ्यात्तै भएका छन् । झोलाको पछाडि पनि उस्तै छ ल्याफल्याफी ।

'यो गजबको ठाउँ हो । आज पानीले सबै छोप्यो। आमादब्लम र सगरमाथा देखिने खास ठाउँ यै हो।' बीरु बोले।

मैले पश्चिमपट्टि फर्केर हेरेँ बादल हाँसेर बसेको थियो– सगरमाथा र आमादब्लमको रुपमा । मन चसक्क भो–

झरी, कुइरो र स्याँठ देखेर ।

भूकम्पले चर्काएको गुम्बासँग बाटैमा भेट भयो । चर्केको गुम्बालाई झरीले पखालेर सुकिलो पारे पनि गुम्बा घुम्नेका मन छियाछिया थिए दुखेर ।

ला अर्थात् पाखा रहेछ- शेर्पा बोलीचालीमा । मोङ अर्थात् धेरै । नाम्चे र फोर्चे ठाँगा बीच धेरै पाखा-पखेरा छन् । अझ गोक्यो ताल वरपरका बस्ती झनै मुख्य पाखामा नै रहेको छ । धेरैले सोलु र खुम्बु मात्र भने पनि मैले तेस्रो तह खुम्जुङ माथिको धर्ती भनेर सोलुखुम्बुलाई तीन तहको ठानेँ ।

थकाउने मोङलालाई 'मुला...' भन्दै भनेथ्यो ओठले गाली गरेर– तर किलकिलेमुनि नै थन्काएँ ।

दुवैतिर याक र नाकका हूल चरिरहेथे । बेला-बेला भुत्ला हल्लाएर चौँरीले ज्यानको पानी फ्याक्थे । लामा-लामा झ्याप्ले रौँले गर्दा चौँरीलाई झरीको कुनै छोइछिटो नभएको लाग्थ्यो ।

आङ कामीले चौँरीतिर देखाएर भने–' यसको किन धेरै भुत्ला भएको थाहा छ ?'

'छैन त ।'

'ल सुन्नुस कथा– उहिल्यै चौँरी र भैँसी सँगसँगै एउटै घाँस खाने, एउटै तालको पानी खाने, एउटै गोठमा बस्दा रहेछन् । धेरै वर्षपछि अर्थात् अलिक तन्नेरी भएको चौँरीलाई नुन बोक्न माथि तिब्बततिर लैजाने शेर्पा गोठालोले योजना बुनेछन् ।'

'चौँरीले जाने बेलामा भैँसीसँग भनेछ– ए साथी तेरो र मेरो जिउमा उत्तिकै भुत्ला छ । हिमाल नाघेर तिब्बत जानुपर्ने भयो । त्यहाँ हिउँ पर्छ, जाडो हुन्छ । तेरो जिउको भुत्ला दे न । म पछि आएर फर्काउँछु । जाडोबाट त बच्नै पऱ्यो ।'

'भैँसीले पनि आफ्नो जिउको भुत्ला थोरै मात्र आफूलाई राखेर दिएछ । भैँसीको रौँ समेत थपेर न्यानो पारेर चौँरी हिमाल गयो । उतै हरायो । हिमालतिरै रमाएर बस्न थाल्यो । यता भैँसी चैँ कहिले चौँरी आउँछ भनेर उतै मुन्टो उठाएर बसिरह्यो । हिमालमा गएको चौँरी फर्केन । यता थोरै भुत्लाकै कारण भैँसीको जिउ पनि घामले डढेर कालै भयो ।'

ओरालो छ । अँधेरो बढ्न थाल्यो । बाटो, पानीभन्दा पनि अन्धकारले मनमा खिन्नता पोत्न थालेको छ । राति मलाई अलिक गाह्रो हुन्छ– हिँड्न, डुल्न, लम्किन ।

'बत्ती के छ ?'

'माग्नु न । सबैथोक छ नि ।'

'लाल्टिन, पेट्रोमेक्स, टुकी, राँको, अगुल्टो सबै छ त ?' मैले बीरुलाई सोधेँ ।

'अरु त यो लेकमा के पाउनु र । मोबाइलको धिपधिपे ।' उनी बोलेर मस्तले हाँसे । म पनि घुँडा दुखेको बिर्सन हाँसेँ- हि हि... हि हि... हि हि हि... ।

पानी केही थामिए पनि छाता मैले

खुम्चाइनँ । भुइँको साथी बनाइरहेँ । खुट्टा स्वात्त-स्वात्त चिप्लिन्थे । हात भित्तोमा समाउँदै झरिरहेछु ओराली ।

बाटोमा सानो छाप्रो जस्तो ठूलो ढुंगेनी ओडार थियो । अस्ति अकाशमा उड्दा यो पाखो, यो गोरेटो, यो भीर र यो पाटन मज्जाले देखेथेँ । आज चैं पाटनले सातो खाएको छ । घुँडा खुम्च्याउन बल गरी-गरी हिँडिरहेको छु ।

कुइनेटोपछि निकै फराकिलो तेर्छो र ढुंगा छापेको बाटो टुप्लुकियो ।

'सर, यो बाटो त काकुको पासाङ शेर्पा बूढाले बनाएको नि । उहिल्यै २०४१ सालदेखि बूढाले चन्दा मागी-मागी यो बाटो यत्तिको बनाई छाड्यो ।' अघि गएका आङ कामीले मलाई बताए ।

अघि-अघि जानेहरू कुरिरहेका रै'छन् । हामी गएर अडियौँ । उनीहरू पाइला सार्न जरकमरक गर्न थाले ।

'जाओ-जाओ... । पर्खिनु हुँदैन । पर्खिनेले जित्दैन । बरु चाँडो गएर दाउरा ठोसठास पार... ।' मेरो मन गर्जियो ।

अघिसम्म ओरालो हुँदै आएको पाखो अब निकै तल झर्दै रहेछ गोरेटो बोकेर । यसो कुइनेटामा मिङमार शेर्पा भेटिए ।

'यस्तो झरीमा कता हिँड्नु भयो ?'

'गोरेकी स्वास्नी दिबुचे पुगिसकी रे । नाम्चेतिरका चौंरी गोठालाले एउटा गोरे यतै गएको छ भनेको हुनाले खोज्दै आएको... । आफैँलाई खोज्न आऊ भन्ने अवस्था आयो ।'

कुइनेटाको ढुंगेनी ओडारमा उनी 'ओडी' घुड्कराइरहेथे । राता ओठ झन्-झन् राता भइरहेथे । अनि गाला र कानमा ओडीले गुलाफी रङ थपिरहेथ्यो ।

साङ्सा पुगिएछ ।

'लौ है साङ्सा, अब यतै बसेर घुँडा सेक्न पाए नि हुने ।' मेरा कुरा सुन्ने बीरु थिए । अरु अघि-अघि थिए ।

पानी फेरि दर्किन थाल्यो । वरिपरिका पहरा, भित्ता र झल्याकझुलुक घरहरूमा बत्ती पिलिली बलेको देखिन्थ्यो । उज्यालोले एउटा आशा उमार्‍यो आँखामा ।

मिङमारले भनेको सम्झँदै छु– 'अरु लेक लागेर मर्छन् । हामी त औलले मर्छौं ।'

बाटो कट्दैछ । साङ्सा पुग्दा छलफल भएको थियो– मेरो हिँडाइले धेरैलाई सातो लिएछ । 'ओरालो निकै छ । खुम्जुङ भएर पो जाने हो कि ?' खुम्जुङपछि ओरालो नभएर केही सजिलो बाटो छ भन्ने उनीहरूको तर्क थियो । उनीहरू मेरो हिँडाइले अत्तालिएका रहेछन् । बोक्नु न छोड्नु– अवस्थातिर म छु भन्ने उनीहरूको निचोड अनुहारमा आइरहेको थियो ।

मनमा फेरि मिङमारको बोलीले चिमोट्यो ।

'हेर मिङमार, स्थितिले मान्छे मर्ने र बाँच्ने कुरो रै'छ । मौसमलाई किन

घानमा हाल्छौ ? यतिखेर बाटैले पो मरुँला भइसकेको छु म ।' ओरालो नाघेर तेर्छो पुग्दा मनका छेउकुनासँग कुरा गर्दैछु ।

क्याङजुम पुगिएछ । क्याङजुममा टन्नै होटल, रेस्टुराँ थिए । बाटैमा गुम्बा र छोर्तेनहरू थिए । ठूला-ठूला झ्याप्ले भोटे कुकुरले आएर सुँघे अनि पिँढीतिर गएर चाक टेकाए । तिनका थुतुनो सुँघ्न व्यस्त थिए । हामी जस्तै अरु 'झरीले चुटिएका बटुवा' यता मुन्टिएका छन् कि भनेर नाक तन्काएका होलान् कि ? ती आउँदा मात्र क्याङजुमको संसार उज्यालिन्थे ।

'म त यो बाटो धेरैचोटि भारी बोकेर गएको छु । कति घुमाउँछ-घुमाउँछ यो भिरले । दुई घण्टा लाग्छ । त्यै भएर ठोकुवा गर्न नसकेको ।' अँध्यारोमा अरुका अनुहार कस्ता थिए ? देखिनँ मैले । तर जे होस्– सबैका मनमा निकै हिँडिसकेको थकानले टाँडे घर हालिसकेको थियो ।

लम्किरहेका छौँ । भिर भेटिन्छ । अलिक बाटो फराकिलो नि देखा पर्छ । दक्षिण, पश्चिमतिर घुमेको बाटोले पानीको छप्लाङ-छुप्लुङ्मा चोबलिएको ईशारा गर्न छोडेको छैन ।

'आएन त ?' मनले सोधिरहेको छ । घुँडा दुःखेर लेथ्नो भएछ । अब त अघिदेखिको पिल्लिएको पीडा बिर्सेर सहन सक्ने भइसकेको छु ।

मैले ठमेलतिर एउटा पोस्टर प्रायः देखेको छु ।

नाम्चेबाट उकालो लाग्दा झलमल्ल सेतो हिउँचुली हेरेर टक्क अडिएका गोरागोरीहरू । त्यो कहाँनिरको ठाउँ होला भनेर मैले खुबै मनमा लिएको थिएँ । यो फोटोबाट निकै तानिएको थिएँ ।

एक दिन ठमेलकै पिलग्रिम्समा भेटिए– प्रख्यात चित्रकार लैनसिंह बाङ्देल । उनी पनि ठमेल पुग्दा रै'छन् भन्ने लाग्यो । पिलग्रिम्समा पुस्तकका खातै खात थिए । दक्षिणपट्टि तस्विर थियो– एउटी निकै वृद्ध उमेरकी आइमाईको कम्मरमा हातको टेको दिएर अर्को बूढो मन र लट्ठीको साहाराले अगाडिको हिमालमा निमग्न देखिन्थ्यो ।

त्यही तस्विर निकै बेर हेरिरहे वाङ्देलले । मैले पिलग्रिम्समा ३-४ फन्को मारेर फर्किंदा पनि मोटो चस्मा सारी-सारी वाङ्देल हेरिरहेथे त्यही तस्विर । मैले नमस्कार गर्दा यसो पुलुक्क हेरेभन्दा बाँकी सबै समय त्यही भित्ते तस्विरले पाएको थियो लैनसिंहबाट ।

आज धेरै वर्षपछि मैले मोङ्लाबाट नाम्चे झरिरहँदा यही बाटोमा खिचिएको त्यो तस्विर रहेछ भन्ने पत्तो पाएँ । वास्तवमै २०५९ सालमा मरेका बाङ्देल नाम्चे मास्तिर उक्लेर यता आए कि आएनन्– पत्तो भएन मलाई । २०५० सालको असोजतिर मैले मोङ्ला र नाम्चे

बीचको यो आपट्टे पाखोमा निमग्न भएको पाएथैं उनलाई ।

बाटोमा तातो चिया आएपछि भरङ्ङ भयो मेरो मन ।

घनघोर अन्धकार छ ।

'ओहो दल्जा, काँ हिँडेको यतिखेर चौंरी धपाउँदै ?' आङ कामीले सोधे । तीस-पैंतीस चौंरीका लावालस्कर तल गइरहेको एउटा लिखुरे केटो थियो ।

'केटो त राईजस्तो छ ?' ल्हाक्पा बूढाले भने ।

'म शेर्पा हो शेर्पा ।' गोठालाले आफ्नो अडिलो स्वरमा भन्यो ।

हिलारी स्तुपा पुग्दा बाटैभरि जोप्क्यो उग्राइरहेका थिए । काला रङका जोप्क्यो अँध्यारोमा पनि चम्केका देखिन्थे ।

झलमल्ल बत्ती बाक्लै आए । मोङलाबाट हिँडेको पाँच घण्टापछि नाम्चे पुगेछौं । त्यसो त निकै अघिदेखि अकाशमा एउटा ताराजस्तो टिल्पिलिइरहेथ्यो बत्ती । जून ठानिरहेथैं त्यसलाई । आङ कामीलाई कोट्याएरै देखाएँ–'जून उत्तरतिर पो उदाएको हो त खुम्बुमा ?'

'हैन, त्यो त होटल एभरेष्ट भ्यू हो नि ।' सगरमाथा दिनभरि राम्रो नदेखे पनि हेर्न मिल्ने होटलसम्मको बत्ती त देखियो । मनमा नयाँ खुसी थपियो ।

तातो आगोको भुङ्ग्रोमा ज्यान सेक्ने माया पाइयो मध्यरातको नाम्चेमा । ♦

कविता

## झरी



✍ **लक्ष्मी पोखरेल**

झरी तँ
जीवन रहेछस्
खुसी पीडा मिश्रित
व्यथा पो रहेछस् झरी तँ !

उत्साह जाँगर
मन विवशतामा अल्झिएर
नैराश्यको सुस्केराले
नयनबाट बगाउने पीडा रहेछस् झरी !

सहमति सहकार्य
समर्थनको विगुल अन्तै बजेपछि
नैराश्यको सुस्केराले
तप्त बगिरहेछ झरी !

बाध्यताले छोडेका
ठाउँ सम्झेर निस्तब्ध
अनकन्टार रातमा
प्रवाह हुन्छ झरी !

मौनतामा निःशब्द भई
भयातुर कम्पित मुटु पग्लिएर
वर्षे झरीझैं
आखाँबाट बग्छ झरी !!

# नेपालमा अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता र औचित्य



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः-**

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसुर गरेको प्रमाणित नभएसम्म कसुरदार मानिने छैन भन्ने फौजदारी न्यायका सामान्य सिद्धान्तको रुपमा अंगिकार गरिएको छ। यो सिद्धान्त मानवता, मानवअधिकार र फौजदारी न्याय अन्तर्गतका सारवान र कार्यविधि न्यायको आधारस्तम्भ हो । वास्तवमा संसारमा विद्यमान सम्पूर्ण कानुनी र न्यायिक संयन्त्रहरूको अन्तिम ध्येय पनि न्याय स्थापना नै भएकाले यस सिद्धान्तलाई पूर्वीय एवं पाश्चात्य न्याय दर्शनले मान्यता दिएको र ती दर्शनबाट मार्गनिर्देशित सबै देशका कानुन प्रणालीहरूले अङ्गीकार गरेको पाइन्छ । यसको स्वाभाविक अर्थ अभियोग स्थापित नभएसम्म अभियुक्तलाई थुनामा राखिनु हुँदैन भन्ने हुन्छ।

यसै अवधारणामा आएको अग्रिम जमानतलाई आधुनिक फौजदारी कार्यविधि कानुनको नवीनतम व्यवस्थाको रुपमा लिन सकिन्छ । अग्रिम जमानत भन्नाले कुनै व्यक्तिलाई आफू फौजदारी कसुरको अभियोगमा पक्राउ पर्न सक्ने प्रबल सम्भावना छ भन्ने विश्वास भएमा वा पक्राउ पूर्जी जारी भएमा वा पक्राउ पूर्जी जारी भई हिरासतमा राखिएको अवस्थामा पक्राउ नगरी वा हिरासतमा नराखी कुनै व्यक्तिको जिम्मामा रहने गरी वा धरौटी रकम माग गरी अनुसन्धान गर्ने अदालतले अग्रिम जमानत लिनुलाई बुझिन्छ। यसलाई अग्रिम धरौटी वा जमानत वा पूर्व-गिरफ्तारी जमानत पनि भन्ने गरिन्छ। अग्रिम जमानतको आदेश सामान्यतयाः धरौट तारिखमा छाड्न सक्ने कसुरहरूमा दिइने गरिएको भए तापनि गैरजमानती कसुरमा समेत निर्दोष हुन सक्ने प्रबल सम्भावना भएको व्यक्तिलाई केही सर्तको अधिनमा पक्राउ नगरी मुद्दाको अनुसन्धान प्रक्रिया अघि बढाउने गरी अग्रिम जमानत लिने गरिन्छ। यसरी अग्रिम जमानतले निर्दोष व्यक्तिले गैरकानूनी थुनामा बस्नु नपर्ने भएकोले यसलाई व्यक्तिको विशेष प्रकारको संरक्षणात्मक व्यवस्थाको रुपमा समेत हेर्न सकिन्छ । नेपालमा अग्रिम

जमानत दिन सकिने कानुनी व्यवस्था हालसम्म रहेको पाइदैन। दक्षिण एशियाका मुलुकहरूमा हेर्दा भारत र श्रीलङ्कामा अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था रहेको पाइन्छ भने पाकिस्तान र बंगलादेशमा अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था नभए तापनि अदालतबाट अग्रिम जमानतको सुविधा उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ।

वैयक्तिक स्वतन्त्रताको सुरक्षा गर्न र कानुनको दुरुपयोग गरी हुन सक्ने गलत अभियोजनलाई रोक्न नेपालमा पनि अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था गर्न आवश्यक रहेको देखिन्छ । प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले धरौट वा तारिखमा छाड्न सक्ने कानुनी व्यवस्था रहेको भए तापनि मुलतः हिरासतमा राखेरै अनुसन्धान प्रारम्भ गर्ने अभ्यास प्रचलनमा रहेको देखिन्छ।

त्यसैले मुद्दाको अवस्था हेरी पक्राउ नगरी अनुसन्धान गर्ने पद्धतिको विकास गर्न समेत अदालतबाट अग्रिम जमानत लिन सक्ने कानुनी व्यवस्थाको आवश्यकता रहेको देखिन्छ । नेपालमा अग्रिम जमानत सम्बन्धी हालसम्म कानुनी व्यवस्था नभए तापनि नेपालका अदालतहरूले निषेधाज्ञाको रिट निवेदनमा निवेदकलाई पक्राउ नगर्नु, धरपकड नगर्नु, थुनामा नराख्नु भनी कतिपय मुद्दाहरूमा आदेश दिने गरेको पाइन्छ । अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था समावेश गर्ने प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ संसदमा दर्ता भएको देखिन्छ।

**धरौट वा जमानतका प्रकारहरू :**

धरौट वा जमानत माग गर्दाको अवस्थाको आधारमा हेर्दा धरौट वा जमानतलाई देहाय बमोजिमका प्रकारहरूमा विभाजन गर्न सकिन्छ।

**अग्रिम जमानत (Anticipatory Bail)**ःकुनै कसुरको आरोपित व्यक्तिले आफूलाई पक्राउ गर्न खोजिएको जानकारी पाई त्यस्तो पक्राउबाट जोगिन लिने जमानतलाई अग्रिम जमानत भनिन्छ।

**अनुसन्धानको अवस्थाको धरौट वा जमानत (Bail during Investigation)**ः कुनै कसुरको आरोपित व्यक्तिलाई अनुसन्धानको सिलसिलामा थुनामा नराखी धरौट वा जमानतमा छाड्नुलाई अनुसन्धानको अवस्थाको धरौट वा जमानत भनिन्छ।

**पुर्पक्षको अवस्थाको धरौट वा जमानत (Pre–trial Bail)**ः अदालतमा अभियोगपत्र दायर भएपश्चात थुनछेकको क्रममा धरौट वा जमानतमा छाड्नुलाई पुर्पक्षको अवस्थाको धरौट वा जमानत भनिन्छ।

**पुनरावेदनको अवस्थाको धरौट वा जमानत (Bail During Appeal Proceedings)**:सुरु अदालतबाट धरौट वा जमानीमा छुटेको अभियुक्तको सम्बन्धमा मुद्दा फैसला हुँदा कसुर कायम भई सजाय भएकोमा पुनरावेदन तहले पुनरावेदन अवधि भरको लागि धरौट वा जमानीमा छाड्न सक्ने अवस्थालाई पुनरावेदनको अवस्थाको धरौट वा जमानत भन्न सकिन्छ।

**विधेयकमा प्रस्तावित कानुनी व्यवस्था :-**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयकमा संहिताको दफा ६७ क. थप गरी अग्रिम जमानत सम्बन्धी निम्न कानुनी व्यवस्था प्रस्ताव गरिएको छ।

**दफा ६७ क. अग्रिम जमानत (एन्टिसिपेटरी बेल) दिन सकिने**:

(१) जघन्य कसुरको आरोप लागेको कुनै व्यक्ति बाहेक अन्य व्यक्तिलाई आफू पक्राउ पर्न सक्ने सम्भावना छ भन्ने विश्वास भएमा वा पक्राउ पूर्जी जारी भएमा वा पक्राउ पूर्जी जारी भई हिरासतमा राखिएको भएमा निजले अग्रिम जमानतको लागि सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ । तर देहायका अवस्थामा यस दफा बमोजिम निवेदन दिन सकिने छैन :-

(क)विदेशी नागरिक भएमा,

(ख)निज विरुद्ध कुनै अदालतमा मुद्दा विचाराधीन रहेको भएमा, फौजदारी मुद्दामा यसभन्दा पहिला सजाय पाएको भएमा।

(२)उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित अदालतले देहायको अवस्था रहेको देखेमा तत्कालै कुनै व्यक्तिको जिम्मामा रहने गरी वा धरौटी रकम माग गरी अग्रिम जमानतको आदेश दिन सक्नेछ :-

(क)निवेदकलाई लगाइएको वा लगाउने सम्भावना भएको कसुरमा निजको संलग्नता छ भन्ने प्रारम्भिक रुपमा विचार गर्दा विश्वसनीय आधार नभएमा,

(ख)निजको संलग्नताको आधारमा थुनामा राखी अनुसन्धान गर्नु पर्ने वस्तुनिष्ठ आधार नभएमा,

(ग)निवेदकले प्रमाण संकलन गर्ने कार्यमा हस्तक्षेप गर्ने वा प्रमाण लोप गर्ने सम्भावना नदेखिएमा,

(घ)निवेदक यस अघि अदालतबाट कुनै गम्भीर फौजदारी कसुरमा दोषी ठहर भएको नदेखिएमा।

(३)उपदफा (२) बमोजिम अग्रिम जमानत दिने गरी आदेश गरेमा सम्बन्धित व्यक्तिले देहाय बमोजिमको शर्त पालना गर्नु पर्नेछः-

(क)मुद्दाको अनुसन्धानको क्रममा सहयोग गर्ने र अनुसन्धान गर्ने निकायले बोलाउँदा उपस्थित हुने,

(ख)कसुरसँग सम्बन्धित व्यक्ति वा निजको परिवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रलोभन वा दबाब दिन नहुने,

(ग)प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुद्दाको कुनै

पनि प्रमाणलाई मेटाउन वा हस्तक्षेप गर्न नहुने वा न्यायको प्रक्रियामा अवरोध नगर्ने,

(घ)अदालतको पूर्व अनुमति बिना निवेदकले देश नछोड्ने,

(ङ)अदालतले स्थान हद तोकेकोमा सो स्थान छोड्न नहुने,

(च)अदालतले निर्धारण गरेका अन्य शर्तको पालना गर्नुपर्ने ।

(४)उपदफा (१) बमोजिमको निवेदन अदालतमा अभियोगपत्र दर्ता भएपछि दिन सकिने छैन ।

(५)यस दफा बमोजिम प्राप्त अग्रिम जमानत वा धरौट अभियोगपत्र दर्ता भई थुनछेकको आदेश नभएसम्मको लागि कायम रहनेछ ।

(६)उपदफा (३) बमोजिम अग्रिम जमानतमा रहेको व्यक्तिलाई उक्त जमानतको आदेशको अवस्था कायम रहुन्जेलसम्म पक्राउ गर्ने अनुमति प्रदान गरिने छैन । अग्रिम जमानतमा रहनु पूर्व जारी भएको पक्राउ अनुमति वा पूर्जी समेत निष्क्रिय भएको मानिनेछ ।

(७)उपदफा (२) बमोजिम दिएको अग्रिम जमानतको आदेश अदालतले जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

(८)अदालतबाट अग्रिम जमानतको आदेश जारी नभएमा वा जारी भएको आदेश खारेज भएमा सोउपर पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिनेछ ।

(९)यस दफा बमोजिमको निवेदनलाई अदालतबाट बन्दी प्रत्यक्षीकरणको निवेदन सरह प्राथमिकता दिई कारबाही र किनारा गरिनेछ ।

**अन्तर्राष्ट्रिय महासन्धीमा भएको व्यवस्था**

**नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६:**

अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात पूरा गरी अभियोग पत्र सहित उपस्थित गराएको अभियुक्तलाई अदालतले धरौट वा जमानतमा मुक्त गर्न अस्वीकार गरी पुर्पक्षको लागि थुनामा पठाउने कार्य वास्तवमा अपवादजन्य कार्य हो । पुर्पक्ष पर्खिरहेका व्यक्तिलाई थुनामा राख्ने भन्ने सामान्य नियम हुनु हुँदैन, तर अभियुक्तलाई थुनाबाट छाड्दा मुद्दा सुनुवाई हुँदा वा कारावाहीको रोहमा वा अवस्था अनुसार फैसला कार्यान्वयनको क्रममा निजको उपस्थितिको प्रत्याभूति प्राप्त गरी छोड्न सकिन्छ (धारा ९ (३))।[1]

**भारतमा भएको कानुनी व्यवस्था :**

१.It shall not be the general rule that persons awaiting trial shall be detained in custody, but release may be subject to guarantees to appear for trial, at any other stage of the judicial proceedings, and should occasion arise, for execution of the judgement. - International Covenant on Civil and Political Rights (Art. 9.3)

भारतमा The Code of Criminal procedure, १९७३ को दफा ४३८ मा धरौट वा जमानत स्वीकार नहुने कसुर (Non–Bailable Offence) मा पक्राउ पर्ने सम्भावना देखाई परेको निवेदनमा माथिल्लो अदालतले यस्तो अग्रिम जमानतको सुविधा दिन सक्ने[२] कानुनी प्रावधान रहेको छ। कसैलाई अग्रिम जमानतको सुविधा दिने वा नदिने भन्ने कुरा संहिताले पूर्णतः अदालतको स्वविवेकमा छाडेको छ। तर केही राज्यले यो संहितामा संशोधन गरी अग्रिम जमानतको सुविधालाई सशर्त बनाएका छन् । निर्दोष व्यक्तिलाई अनावश्यक पक्राउबाट बचाउन भनी संहितामा राखिएको पक्राउ पूर्वको धरौटको प्रावधानको धेरै दुरूपयोग भएको छ भनी हालै भारतीय सर्वोच्च अदालतले टिप्पणी गरेको छ।

**नेपालमा अग्रिम जमानतको आवश्यकता र औचित्य** :

नेपालमा अग्रिम जमानत (Anticipatory Bail) को कानुनी व्यवस्था फौजदारी न्याय प्रणालीमा व्यक्तिगत स्वतन्त्रताको रक्षा, पूर्वाग्रही पक्राउ रोक्न र निर्दोष व्यक्तिलाई प्रतिष्ठाको क्षतिबाट जोगाउन अत्यावश्यक छ। अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था नेपालको हकमा नवीनतम व्यवस्था हो । कुनै आरोप लाग्नासाथ पहिला थुनि हाल्ने अहिलेको कानुनी व्यवस्थामा सुधार गर्नुपर्ने सन्दर्भमा आएको यो व्यवस्थालाई स्वच्छ सुनुवाइको सिद्धान्तको महत्वपूर्ण पक्ष मान्न सकिन्छ । हाल प्रचलनमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा पक्राउ गरिसकेपछि मात्र अनुसन्धान गर्ने न्यायीक प्रणाली रहेकोमा अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनमा आएपश्चात जघन्य कसुर बाहेक अन्य अपराधमा पहिला हाजिर हुन बोलाउने र अनुपस्थित भएमा मात्र पक्राउ पूर्जी जारी गर्ने तथा अन्य मुद्दामा मुद्दाको अवस्था हेरेर तोकिएको आधार र शर्त समेतलाई विचार गरी पक्राउ नगरी अनुसन्धान गर्ने पद्धति विकास हुने देखिन्छ । पक्राउ नगरी अनुसन्धान गर्ने पद्धतिको विकास गर्न कानुनमा व्यावहारिक सुधारको आवश्यकता रहेको सन्दर्भमा आएको यो व्यवस्थाले अनुसन्धान प्रभावकारी

२.The Code of Criminal procedure, 1973, Section 438. Direction for grant of bail to person apprehending arrest.—(1) When any person has reason to believe that he may be arrested on an accusation of having committed a non-bailable offence, he may apply to the High Court or the Court of Session for a direction under this section; and that Court may, if it thinks fit, direct that in the event of such arrest, he shall be released on bail.

हुने विश्वास गर्न सकिन्छ । जुनसुकै आरोपको जाहेरी पर्नासाथ व्यक्तिलाई पक्राउ गरी थुनामा ल्याएर मात्रै उसको कुरा सुन्ने, अनुसन्धान प्रारम्भ गर्ने अहिलेको अभ्यासलाई यो व्यवस्थाले सुधार गर्ने विश्वास गर्न सकिन्छ। विश्वको धेरैजसो विकसित एवम् लोकतान्त्रिक देशमा अग्रिम जमानतको कानुनी व्यवस्था छ ।

झुठ्ठा जाहेरी दरखास्त दर्ता हुनासाथ पक्राउ गर्ने कार्यले सम्बन्धित मानिसको सम्मान तथा प्रतिष्ठामा चोट पुग्ने गरेकाले अग्रिम जमानतको कानुनी व्यवस्थाको आवश्यकता रहेको थियो । कुनै पनि व्यक्तिलाई उसको मान, सम्मान र ख्यातीमा पर्न सक्ने सम्भावित क्षतिबाट बचाउन, त्यस्तो व्यक्तिको स्वतन्त्रताको रक्षा गर्न, कसैलाई हतोत्साहित वा बेइज्जत गर्ने नियतको अनावश्यक वा अनुपयुक्त पक्राउबाट बचाउन पक्राउ पूर्वको धरौट वा जमानतको आवश्यकता रहन्छ । अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था भएमा कसैलाई हतोत्साहित गर्ने, बेइज्जत गर्ने, सताउने, बदला लिने आदि नियतले झुठो आरोपमा पक्राउ गर्न खोजिदैछ भन्ने जानकारी पाएको व्यक्तिले त्यस्तो पक्राउबाट जोगिन अग्रिम जमानतको लागि अदालत समक्ष अनुरोध गर्न सक्दछ। त्यस्तो अवस्थाको विद्यमानतामा अदालत विश्वस्त भएमा अदालतले निवेदकको पक्षमा अग्रिम धरौट वा जमानतको अनुमति दिन सक्छ। कुनै व्यक्तिले आफ्नो इबी साध्नका लागि आफ्ना विरोधीलाई बेइज्जत गर्न वा बदला लिन झुठा मुद्दामा फसाई केही दिन भए पनि थुनामा पठाउन सक्ने अवस्था सिर्जना हुन नदिन त्यस्तो व्यक्तिले मुद्दाको अनुसन्धान तहकिकातमा सहयोग गर्नुपर्ने, प्रमाण नष्ट गर्न वा साक्षीलाई हस्तक्षेप गर्न नपाउने र अदालतको पूर्व स्वीकृति नलिई आफ्नो हालको बासस्थान छाडी अन्यत्र जान नपाउने जस्ता शर्तमा अदालतले अग्रिम जमानत स्वीकार गर्न सक्ने कानुनी प्रावधानको आवश्यकता रहेको देखिन्छ।

अधिवक्ता निलम पौडेल विरुद्ध नेपाल सरकार (ने.का.प.२०६७, अंक १०, नि.नं. ८४७३, उत्प्रेषण समेत) भएको मुद्दामा अदालतले दोषी ठहर नगरुञ्जेलसम्म अभियोग लागेको व्यक्तिको हैसियत अभियुक्त नै रही रहने हुँदा अभियोग लागेको व्यक्ति निर्दोष नै मानिन्छ, अभियोग लाग्दैमा दोषी मान्न नमिल्ने। संविधानप्रदत्त न्याय सम्बन्धी हक र त्यसमा समेटिएका स्वच्छ सुनुवाईको हक, आफ्नो विरुद्ध आफैं साक्षी हुन कर नलाग्ने हक, निर्दोषिताको अनुमान गरी पाउने हकलगायतका कुनै पनि हकहरू कुण्ठित गरिनु हुँदैन भन्ने व्याख्या गरिएको सन्दर्भमा हेर्दा समेत नेपालमा अग्रिम जमानतको आवश्यकता रहेको देखिन्छ।

अग्रिम जमानत निर्दोष हुन

सक्ने सम्भावना भएको व्यक्तिहरूको लागि प्रदान गरिने यो विशेष संरक्षणात्मक व्यवस्था हो । निवेदकसँग आफू गैर जमानती अपराधमा गिरफ्तार हुन सक्ने मनासिब विश्वास हुनुपर्दछ । निवेदकले आफ्नो गिरफ्तारी अनुसन्धानको लागि आवश्यक नभएको पुष्टि गर्नुपर्दछ । त्यसैगरी प्रहरी वा अभियोजन पक्षको तर्फबाट बदनियत वा द्वेषपूर्ण अभियोगको सम्भावना देखिएमा वा निवेदकलाई हानी पुर्याउने वा अपमान गर्ने उद्देश्यले कारबाही गरिएको भएमा समेत अग्रिम जमानत माग गर्न सकिन्छ। निवेदकले अनुसन्धानको क्रममा सहयोग गर्ने र आवश्यकता अनुसार प्रहरी समक्ष सोधपुछको लागि उपस्थित हुने तत्परता देखाउनुपर्छ । निवेदकले प्रमाण लोप नगर्ने वा प्रमाण सङ्कलन गर्ने कार्यमा हस्तक्षेप नगर्ने सुनिश्चितता गर्नुपर्दछ । निवेदकले मुद्दाको तथ्यसँग परिचित कुनै पनि व्यक्तिलाई अदालत वा कुनै प्रहरी कार्यालयमा त्यस्ता विवरणहरू खुलासा नगर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै प्रलोभन वा धम्की दिएको हुनुहुँदैन ।

संविधानवाद, लोकतान्त्रिक मूल्य र मान्यता, मानव अधिकार र विधिको शासनलाई प्रवर्धन गर्दै सरकारको शक्तिको दुरुपयोग रोक्न ज्यादै महत्वपूर्ण अस्त्रको रूपमा प्रयोग गर्न सकिने भएकाले फौजदारी न्याय प्रशासनमा यसले उच्च मूल्य राख्छ। व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कानुन विपरीत हरण गर्न नपाइने संविधानको दूरदृष्टिलाई अग्रिम जमानतको व्यवस्थाले अनुमोदन गर्दछ । अनुसन्धानबाट प्रमाण सङ्कलन नहुँदै गिरफ्तार गरेर प्रहरी अनुसन्धान गर्ने परिपाटीले नागरिकको अधिकार सङ्कुचन भइरहेको अवस्थालाई यसले सम्बोधन गर्ने देखिन्छ । हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार हुने, स्वेच्छाचारी गिरफ्तारी र थुनछेकको भागीदार नबनाइने भनी वैयक्तिक स्वतन्त्रता सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अनुबन्धले प्रदत्त गरेको मानव अधिकारको संरक्षणतर्फ समेत यस व्यवस्थाले योगदान गर्ने देखिन्छ।

कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज निर्दोष मानिने भनी फौजदारी न्यायको मूलभूत मान्यता रही आएको सन्दर्भमा समेत विश्लेषण गर्दा केवल उजुरीकै आधारमा व्यक्तिलाई पक्राउ गर्नु भनेको निजलाई कसुरदार मान्नु सरह हुने भएकोले अग्रिम जमानतको व्यवस्थाले स्वच्छ पुर्पक्षको व्यवस्थालाई समेत सार्थक बनाउने देखिन्छ। यसले पहिला सुन, अनि मात्रै थुन भन्ने सिद्धान्तलाई पनि सम्मान गर्दछ। पर्याप्त आधार र कारणबिना पक्राउ गर्ने अवस्थाको अन्त्य हुन्छ । यसबाट राजनीतिक वा अन्य कुनै विषयगत प्रतिशोध साध्न मात्र सरकारले मिथ्या

आरोप लगाएर मन नपरेका व्यक्तिलाई पक्राउ गर्ने जस्ता अभ्यासलाई निरुत्साहित गर्न सकिन्छ ।

कैदी बन्दीको संख्या बढ्दै गएर राज्यलाई जेलको बन्दोबस्तीमा ठूलो रकम खर्चका साथै तनाव बढिरहेको सन्दर्भका कैदीको संख्या घटाउन अग्रिम जमानतको व्यवस्था अचुक अस्त्र हुनसक्छ किनभने कैदी संख्या बढाएर मात्रै विकास र विधिको शासन स्थापित हुने होइन । ठगी, अभद्र व्यवहार, जुवा मुद्दामा अदालतबाट ठहरे बमोजिम राज्यले फैसलापछि पनि सजाय असुल गर्न सक्छ । स्वच्छ सुनुवाइको अधिकार फौजदारी न्याय प्रणालीको महत्त्वपूर्ण सिद्धान्त हो । स्वच्छ सुनुवाइको अधिकारले अदालतमा विना हस्तक्षेप, पूर्वाग्रहरहित, स्वतन्त्ररूपमा सुनुवाइको मौका दिइनुपर्छ भन्ने मान्यता राख्छ । स्वच्छ सुनुवाइको सिद्धान्तलाई नेपालको फौजदारी न्यायप्रणालीले अभिन्न अंगका रूपमा स्वीकार गरिसकेको सन्दर्भमा अग्रिम जमानत सम्बन्धी व्यवस्थाको आवश्यकता रहेको छ ।

**कार्यान्वयनमा आइपर्ने समस्या र चुनौतीहरू :**

अग्रिम जमानतको व्यवस्थाको असल पक्ष हुँदाहुँदै यससँग जोडिएका केही चुनौती समेत छन् । निर्दोष मात्र नभई कसुरदार पनि अग्रिम जमानतका लागि निवेदन लिएर अदालत समक्ष जान सक्ने भएकाले यसको दुरुपयोगलाई कसरी नियन्त्रण गर्ने भन्ने सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था नभए यो प्रत्युत्पादक साबित हुन सक्छ । यस कारण अग्रिम जमानतको विशेषाधिकार निर्दोष मान्छेको हितमा मात्रै प्रयोग हुने अवस्थाको निर्माण कसरी गर्ने भन्नेमा ध्यान पुर्याउनु पर्ने देखिन्छ । यो व्यवस्थाको फाइदा शक्ति र पहुँच भएका वर्गले प्राप्त गर्ने खतरा भएकोले यो व्यवस्थाबाट समाजका हरेक निर्दोषलाई कसरी जोगाउन सकिन्छ भन्ने तर्फ ध्यानाकृष्ट हुनु पर्दछ ।

अग्रिम जमानत भनेको कानुनबाट छुटकारा पाउने वा बच्ने माध्यम नभई यो कसुरको आरोप लागेपछि फैसला नभएसम्म पक्राउ नगरी अनुसन्धानमा सहयोग गर्ने सुविधा वा सहुलियत मात्र भएकाले सोही अनुरूप यसबारे सबैको बुझाइ हुनु आवश्यक छ । तसर्थ यसको उपयोग आवश्यकता र औचित्यताका आधारमा विवेकसम्मत रूपमा गरे मात्र यसको महत्व नेपालको न्याय प्रणालीका निम्ति पुष्टि हुने अवस्था बन्न जान्छ । अग्रिम जमानत दिने व्यवस्था भएमा थुनामा जानु पर्ने हजारौँ व्यक्तिसमेत थुनामा जानबाट रोकिने भई फौजदारी मुद्दाको अनुसन्धानमा समेत असर पर्ने अवस्था समेत आउन सक्छ । अग्रिम जमानत नरम खालका अपराधमा दिइने गरेको

विकसित देशहरूको परिपाटी नेपालमा पनि अवलम्बन गर्नु पर्दछ तर गम्भीर प्रकृतिको मुद्दामा अग्रिम जमानतको प्रावधान उचित हुन सक्दैन । मिलापत्र हुने प्रकृतिको ठगी, चेक बाउन्स, वैदेशिक रोजगार ठगी, व्यक्ति व्यक्ति बीचको आर्थिक कारोबार सम्बन्धी विवाद र सामान्य प्रकृतिका मुद्दामा मात्र अग्रिम जमानत दिन सकिने कानुनी व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । कसुरदार पनि अग्रिम जमानतका लागि जान सक्ने भएकाले न्याय प्रशासनलाई छल्नका लागि त्यसो गरिएको होइन भनेर अदालतले यो क्षेत्राधिकार प्रयोग गर्नुपर्ने देखिन्छ ।

**उपसंहार** :

धरौट वा जमानतको व्यवस्थाले कुनै पनि आरोपित व्यक्तिलाई आफूउपरको अभियोग स्थापित नहुँदासम्म आफ्नो स्वतन्त्रताको उपभोग गर्ने मौका दिन्छ । अभियुक्तलाई निजउपरको अभियोगबाट सफाइ लिनको लागि गर्नुपर्ने तयारीको मौका प्रदान गर्छ । अभियुक्तलाई निजउपरको अभियोग स्थापित नहुँदै सजाय भोग्नु पर्ने अवस्थाबाट बचाउँछ । धरौट र जमानतको अवधारणा अभियोग स्थापित नहुँदासम्म जो कोहीलाई पनि निर्दोष मानिने सिद्धान्तमा आधारित छ । कुनै व्यक्ति उपरको अभियोग स्थापित हुनु भन्दा पहिले अर्थात् साधिकार निकायले दोषी ठहर गर्नुभन्दा पहिले नै कुनै उजुरी वा आशंकाको भरमा कसैलाई थुनामा राख्दा त्यसरी थुनामा रहने व्यक्ति विभिन्न तवरबाट प्रताडित भई कानुनले प्रत्याभूत गरेको स्वतन्त्रताबाट विमुख हुन्छ । पुर्पक्षको लागि थुनामा रहँदा आफू विरूद्धको अभियोगको प्रतिरक्षा गर्न प्रमाण जुटाउने, कानुनी सल्लाह प्राप्त गर्ने जस्ता कार्य गर्न नसक्ने हुन्छ ।

आशंकाको भरमा थुनामा परेको व्यक्ति पछि मुद्दा फैसला हुँदा निर्दोष ठहर भएमा कारबाहीको क्रममा थुनामा रहँदा उसले गुमाएको आर्थिक, सामाजिक र शारीरिक क्षतिको सोधभर्ना हुन नसकी अपूरणीय क्षति बेहोर्नु पर्ने हुन्छ । संविधानले प्रत्याभूत गरेको मौलिक हक (स्वतन्त्रताको हक) को रक्षा गर्न र विना आधार पक्राउ पर्नबाट जोगिन, राजनीतिक वा व्यक्तिगत प्रतिशोध साँध्न झुठा मुद्दा लगाई पक्राउ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता गर्दै पक्राउ पर्दा हुने सामाजिक र मानसिक क्षतिबाट जोगाउन, व्यक्ति आफैं अदालतमा हाजिर भई अनुसन्धानमा सहयोग गर्ने प्रतिबद्धता जनाउने हुँदा राज्यलाई पनि सहज हुने र सानातिना वा बदनियतपूर्ण आरोपमा सिधैं जेल जानुपर्ने अवस्थाको अन्त्य गर्न समेत मिलापत्र हुने प्रकृतिको ठगी, चेक बाउन्स, वैदेशिक रोजगार ठगी, व्यक्ति-व्यक्ति बीचको आर्थिक कारोबार सम्बन्धी विवाद र सामान्य प्रकृतिका मुद्दामा मात्र अग्रिम

जमानत दिन सकिने कानुनी व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । जघन्य र गम्भीर प्रकृतिका मुद्धाका कसुरदार अग्रिम जमानत माग गर्न सक्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कानुनी व्यवस्था समेत हुनुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू:**


- नेपालको संविधान, २०७२
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८२
- अभियुक्तलाई थुनामा राख्ने तथा धरौट वा जमानतमा छाड्ने विषय अवधारणात्मक विवेचना, केशरी राज पण्डित, नेपाल न्यायीक प्रतिष्ठान
- नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- The Code of Criminal procedure, १९७३
- कार्यविधि कानुन, ज्ञाइन्द्र बहादुर श्रेष्ठ, पैरवी प्रकाशन
- नेपाल कानुन पत्रिकाहरू
- वेवसाइट तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू । ◆◆◆


## गीत



✍ **श्यामकृष्ण डंगोल 'प्रतिक्षा'**

तानौं तानौं लाग्छ तिम्रो त्यो रूपले
चुमौं चुमौं लाग्छ तिम्रो त्यो बैंसले ।
किन किन आज मलाई तिम्रो त्यो हेराईले
मलाई घायल बनायौं त्यो नशालु नजरले ।

तिम्रै रूप रङ्ग हेरि दङ्ग पर्छु म त
ऐना हेरी आफै लजाउँछु म त ।
झनै गाह्रो भो एक्लै बस्न आज
बेरिदिउँ जस्तो लाग्यो अँगालोमा आज ।

पराकम्पन गयो सोह्र वर्षे यौवनमा
तिमी जता गए पनि छेकिरहन्छु दोबाटोमा ।
आजभोलि यस्तै, काँडा पनि फूल भयो
किन किन मलाई आज तिर्खा धेरै लाग्यो ।

कथा

# अन्तिम पत्र



✍ **पूर्व प्र.व.उ. बिक्रम गुरुङ**

विमानमा भैरहवादेखि काठमाडौं सम्मको यात्रामा सबितालाई खासै थकान महसुस भए जस्तो लागेको थिएन। आमाले 'अलिकति आराम गर' भन्नु भएपछि सबिता फ्रेश भएर आमाको सुत्ने कोठामा आएर पल्टिन्। भाउजु अफिस जानु भएको थियो। आमाले भान्सामा घरेलु कामदार शिलालाई केही निर्देशन दिँदै हुनुहुन्थ्यो। भोलिपल्ट बुवाको पुण्यतिथि। हरेक वर्ष सबिता आमाको इच्छा अनुसार माइती आउने गर्छिन्। सबिता पाँच वर्षको थिइन जब उनको बुबाको सडक दुर्घटनामा मृत्यु भएको थियो। त्यतिबेला उनको दाइ दश वर्षका थिए। आमा शिक्षक हुनुहुन्थ्यो। अहिले उनी अवकाश भई सकिन्।

सबिताको पच्चिस वर्षको वैवाहिक जीवनमा सुष्मिता र सुमन जन्मदाको समयमा मात्रै आमा उनको घर गएकी थिइन। बाँकी हरेक वर्ष सबिता नै माइती आउने गरेकी छिन्। उनी भोलि हुने श्राद्धको बारेमा सोच्दै चुपचाप पल्टिरहेकी थिइन। दाइको छोरा राजन र आमाको आवाजले सबिताको निन्द्राको त्यान्द्रो चुडियो, "लौ सब्बु, केही खाउ।" माइतीमा सबितालाई सब्बु भनेर बोलाउँछन्।

शिला मुस्कुराउँदै ट्रे लिएर आमाको पछाडि देखा परिन्। सबिताले भनिन्, "आमा, यी सब ?"

"थाकेर आएकी होली, घरको काम सकेर आउँदै गर्दा केही खायौ कि खाएनौ ?"

सबिता हाँसिन्, "मलाई थाहा छ आमा ! सबै आमाहरू यस्तै हुन्छन्। मैले घरमा राम्रोसँग खाएर आएको छु।"

आमाले थालमा परौठा र दही राख्नुभयो र सुजीको हलुवा राखेर सबितालाई दिनु भयो। माइती घरमा आउने बित्तिकै, परिपक्व महिला पनि एक चञ्चल युवतीमा परिणत हुन्छिन्। त्यसैले सबिताले पनि बालापन देखाउँदै भनिन् "अहँ ! म यति धेरै खान सक्दिन र हलुवा त खाँदै खान्न।" आमाले मायालु स्वरमा भनिन्, "यो डाइटिङ भैरहवामा मात्र गर्नु, मेरो अगाडि हुँदैन। खाउ, मेरी छोरी।"

"उसो भए, तपाईंको खाजा पनि

ल्याउनुस् अनि सँगै खाउँला ।"

"म ल्याइदिन्छु" भन्दै शिला भान्सामा गइन् । आमा छोरी दुवैले सँगै खाजा खाए । दाजु भाउजु अफिसबाट बेलुकी मात्रै आउँथे । सबिताले सोधिन्, "भोलिको लागि केही ल्याउनु छ आमा ?"

"पर्दैन, पुष्करले आइतबार नै सबै तयारी गरिसकेको छ । तिमी अलिकति आराम गर । म शिलालाई केही काम अह्राएर आउँछु ।"

दिउँसो राजन पनि आएर सबितासँग केहीबेर बस्यो । सबिताको एक मात्र भदा राजनलाई एकदमै माया गर्छिन् । सबिताको माइती परिवारमा थोरै सदस्य छन् । सबैको शान्त स्वभावका कारण घरमा मायालु वातावरण छ । सबिता माइती आउँदा राम्रो अनुभव गर्छिन् । तीन घण्टाको समय कसरी बित्यो पत्तै भएन । राजन कोचिङ क्लासमा गएपछि सबिता पनि आमाको छेउमा गएर पल्टिन् । आमा पनि दिउँसो केहीबेर पल्टने बानी छ । सबितालाई खासै निन्द्रा लागेन, उठेर बैठक कोठामा आइन्, सोफामा बसेर पत्रिकाका पाना पल्टाउन थालिन् ।

यसैबीच ढोकाको घण्टी बज्यो । सबिताले ढोका खोलिन् । एक्प्रेस डेलिभरी आएको थियो । उसको हातमा एउटा खाम थियो त्यसमा सबिताको नाम थियो । प्रेषकको नाम बिबेक देख्ने बित्तिकै सबितालाई अचम्मको झट्का लाग्यो । उसको हत्केला पसिनाले भिजेको थियो। सबिता खाम हातमा लिएर सोफामा थचक्क बसिन् ।

सधैंझैं बिबेकले थोरै शब्दमा धेरै कुरा भनेको थियो "मलाई थाहा छ तिमी यसबेला यही हुनेछौ । ठिक लाग्छ भने सम्पर्क गर्नु ।"

सबितालाई थाहा छैन कसरी उनको आँखा चिसो हुन थाल्यो । तिनले मनमनै सोचिन्, बिबेकलाई उसको बुवाको पुण्यतिथि पच्चिस वर्षपछि पनि याद रहेछ । बिबेकको सन्देश सबितासम्म पुग्नको लागि यही एक मात्र बाटो थियो। ऊसँग सबिताको मोबाइल नम्बर पनि छैन, न त सबिताको भैरहवाको ठेगाना थाहा छ। त्यतिबेला घर घरमा फोन पनि थिएन। उसले सोच्न सक्ने एउटै बाटो थियो । सबिता जहाँ भए पनि बुबाको पुण्यतिथिमा माइती पक्कै आउने छिन् भन्ने कुरामा बिबेक विश्वस्त थियो र उसको यो प्रयासले सबिताको हृदयको हरेक कुना उसको मिठो सम्झनाले भरिरहेको थियो ।

बिबेक...! सबिताको पहिलो प्रेम सम्बन्ध सुगन्धित पुष्पको जस्तै थियो। एउटा कालखण्ड नै बितिसकेको रहेछ बिबेकसँग भेट नभएको। कलेजमा पढ्दाका ती दिनहरूमा दुबैलाई भेट हुने अवसर बिरलै मिल्दथ्यो । अवसर पाए पनि एक

प्रकारको संकोच र सामाजिक संस्कारको डर मान्नु पर्दथ्यो । बिबेकले कलेजको अध्ययन सकेपछि काम पनि पायो । उसको विवाहको कुरा चल्न थालेपछि परिवारमा सबिताको बारेमा जानकारी गरायो । त्यसपछि जे कुराको डर थियो त्यही भयो । उनको परिवारमा अति रूढीवादी सोचका कारण उनीहरूको प्रेम सम्बन्ध पराजित भयो ।

परम्परा, सामाजिक नियम र अग्रजहरूको आदेशको अगाडि मौन बस्नु पर्ने भयो, केही लागेन । के प्रेम जात र धर्म हेरेर गरिन्छ ? अनि उनीहरू दुवैले एकअर्कालाई भविष्यको लागि शुभकामना दिएर गह्रौं मनले अलग भएका थिए । सबिताले आफ्नो मनलाई यो कुरामा विश्वस्त गराएकी थिइन कि प्रेममा सबै कुरा पाउन सकिदैन, धर्ती र आकाश कहाँ मिलन भएको छ र ? साँचो प्रेममा शरीरभन्दा बाहिरको मनसँग जोडिन्छ। त्यस्तै नै भयो, उनीहरू छुट्टिएका मात्र थिए ।

बिबेकसँगको बिछोडमा सबिताको आँखाबाट बगेका अनगिन्ती आँसुहरू विवाह पश्चात माइतीबाट बिदाइ हुँदाको आँसुमा मिसिएका थिए । सबितालाई यो अध्याय त्यही समाप्त भयो भन्ने ठानेर आफ्नो श्रीमानको घरमा आएकी थिइन । तर आज त्यही बन्द अध्यायका पानाहरू फेरि खुल्नको लागि सबिताको अगाडि हल्लिरहेका थिए ।

खाममा पठाउने ठेगाना यही काठमाडौं नै लेखिएको थियो । सबिताले मनमनै प्रश्न गरिन् 'के म उसलाई भेटुँ ? कस्तो छ हेरुँ ? उसको परिवारलाई पनि भेटुँ ? तर यो भेटघाटले शान्त र सुखी वैवाहिक जीवनमा अशान्ति निम्त्याउने त हैन ?' सबिताको मनले बिबेकलाई भेट्न आग्रह गरिरहेको थियो तर तिनको अर्को मनले भनिरहेको थियो कि पछाडि फर्केर हेर्नु ठिक हुँदैन । तर सबितालाई एकपटक बिबेकलाई भेट्न मन लागिरहेको थियो ।

उनी बिबेकलाई यो पच्चिस वर्ष कस्तो रह्यो ? के गर्‍यो ? भनेर सोध्न चाहन्थिन् र आफ्नो बारेमा पनि बताउन चाहन्थिन् । तर अचानक सबिताको दिमागमा के आयो कुन्नि, चुपचाप स्टोररूमतिर लागिन् । तिनले तल सामानहरूले छोपिएको एउटा बाकस उठाइन् । तिनको यो बाकस वर्षौंदेखि त्यहीँ छ। कसैले पनि त्यसलाई छोएको थिएन । सबिताले बाकस खोलिन्, त्यस भित्र अर्को बाकस पनि थियो । तिनको अगाडि बिबेकले लेखेको केही पुराना पहेँला भइसकेका मसीले लेखिएका पत्रहरूको प्रत्येक पृष्ठमा आँखा अगाडि पुराना सम्झनाहरू सुन्दर तस्विर जस्तै आइरहेको थियो । लाग्थ्यो, यी पत्रहरूमा

कति भावनाहरू रेकर्ड गरिएका छन् । सबिताले महसुस गरिन् आजकल मोबाइल फोनले प्रेमील जोडीहरूका लागि धेरै विकल्पहरू खोलिदिएको छ । फेसबुकले अज्ञात सम्बन्धहरूलाई पनि नजिक बनाइदिएको छ ।

सबै सामानहरू काखमा फैलाएर सबिता अनगिन्ती पुराना सम्झनाहरूको घेरामा बसिरहेकी थिइन जहाँ केही पनि बनावटी थिएन । यी अक्षरका शब्दहरूको जादु र भावनाहरूको सम्मोहनले हृदयमा प्रवेश गरेको थियो । प्रत्येक शब्दले लेख्ने व्यक्तिको उपस्थिति महसुस हुन्थ्यो । बिबेकले एउटा कागजमा लेखेको थियो, 'प्रेमको यो नदी, यसको प्रवाह विपरीत दिशामा छ । जसले पौडेर जानसक्यो, उसलेनै तर्न सक्छ ।'

सबिताको ओठमा मुस्कान आयो । आजका केटाकेटीहरूले यी शब्दहरूको गहिराइ बुझ्न सक्दैनन् । आफ्ना प्रेमीहरूलाई केवल "आई लभ यु" स्माइली प्रयोग गरेर कुरा गर्छन् । बिबेकले कहिल्यै पनि पत्रहरूमा आफ्नो वा सबिताको नाम लेखेन, त्यसैले उनले यी पत्रहरूलाई सुरक्षित राख्न सक्षम भइन ।

बिबेकले दिएका धेरै कुराहरू सबिताको अगाडि थियो । उसले दिएको कलम, उसले दिएको पहेंलो भइसकेको सेतो रुमाल जुन उसले पानीमा भिजेको बेला अनुहार पुछ्न दिएको थियो, अनि सबितालाई दिएको उसले लेखेका कलेजका केही नोटहरू । कहिलेकाहीँ उसले सबितालाई एउटा कागजको टुक्रा दिन्थ्यो जसमा सुन्दर गजलका लाइनहरू लेखिएको हुन्थ्यो ।

स्टोररूमको चिसो भुइँमा बसेर सबिताले बिबेकको चिठ्ठीहरू पल्टाउँदै थिइन । यी सम्बन्धको मिठासले भरिएको सम्झनाहरूलाई सधैं सुरक्षित राख्न चाहन्थिन्, तर यसलाई कहाँ राख्ने ? यदि कसैले यसलाई देखिहाल्यो भने, के भनेर सम्झाउने ? त्यसै पनि, अब वर्तमानमा यो विगतको अध्यायको न त आवश्यकता थियो न त स्थान नै ।

त्यसपछि सबिताको मनमा के आयो कुन्नी अन्तिम पटक आँसुले भरिएका आँखाले लामो समयको अन्तरालमा बिबेकले लेखेको आजको पत्रलाई हेरिन् र त्यसलाई टुक्रा-टुक्रा पारिन् । यसलाई कतै राख्नु आवश्यक देखिनन् । यसमा भएका भावनाहरूको सुगन्ध सबिताको मनमा बसेको थियो । अब ऊ जीवनभर यही सुगन्धमा भिजिरहने छ । बिबेकले सबितालाई बिर्सेको रहेनछ । उसले सबितालाई भेट्न चाहन्थ्यो, सबिता पनि भेटन् चाहन्थिन् । सबिताको लागि यो अनुभूति कुनै अपराध थिएन, यो प्रेम थियो, यो खुसी थियो । ♦♦♦

# बल प्रयोग र कानुनी व्यवस्था



✍ प्र.ना.उ. कृष्ण खड्का

**१. विषय प्रवेश**

सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्दाको विभिन्न अवस्थाहरूमा "बल प्रयोग"(Use of Force) गर्नुपर्ने हुन सक्दछ । बलको प्रयोग सामान्य अवस्था भन्दा भिन्न अवस्था हो । नेपाल प्रहरीले शान्ति सुरक्षा र अमनचयन कायम राख्ने, अपराधमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिने, तोडफोड, आगजनी र विध्वंसात्मक गतिविधि लगायतका गैरकानुनी कार्यमा संलग्न व्यक्ति वा समूहलाई नियन्त्रणमा लिन बलको प्रयोग गर्नुपर्ने हुनसक्दछ। बल प्रयोगमा कुनै व्यक्ति वा वस्तुलाई नियन्त्रणमा लिन साधन र शक्तिको प्रयोग हुन्छ। बलको प्रयोगले व्यक्तिको इच्छा र अधिकार लाई प्रभावित गर्न सक्दछ । Black's Law Dictionary मा Force लाई - "Power, violence, compulsion or constraint exerted upon or against a person or thing". भनि परिभाषित गरिएको पाइन्छ।

**२.बल प्रयोगका आधारभूत सिद्धान्तहरू (Basic Principles)**

के, कुन अवस्थामा के, कति मात्राको बल प्रयोग गर्ने हो भन्ने विवादित विषय हुन सक्दछ । किनकि फिल्डमा रहेको विषम अवस्था, आक्रमण-प्रत्याक्रमण र असहज परिस्थितिमा के कति मात्राको बल प्रयोग गर्ने हो ? कहिलेकाहीँ सिमाङ्कन र एकिन गर्न कठिन विषय बन्न सक्दछ । बढी मात्राको बलको प्रयोगले विपक्षी तर्फ बढी क्षति र कम बलको प्रयोगबाट कहिलेकाहीँ जनधनको बढी क्षति हुनसक्ने अवस्था आउन सक्दछ । बढी र कम मात्राको बल प्रयोगबाट हुने क्षतिको अपजस र आलोचना सुरक्षाकर्मी माथिनै लगाइने हुँदा त्यसतर्फ संवेदनशील र सतर्क हुनुपर्दछ । तथापि बल प्रयोग गर्दा कम्ति भन्दा कम्ति क्षति हुने गरि र अन्तिम अवस्था (Last resort)मा मात्र प्रयोग गरिनु पर्ने मान्यता रहि आएको छ।

विश्वव्यापी रूपमा देहाय बमोजिमका बल प्रयोगका सिद्धान्तहरूलाई मुख्य सिद्धान्त (Core principle) को रूपमा मानिदै आएको छ, जुन यस प्रकार छन् :

**क) कानुनी (Legality):** बलको प्रयोग कानुनमा आधारित हुनुपर्दछ । मौजुदा कानुनले बलको प्रयोगलाई स्विकार गरेको हुनुपर्दछ । कानुन भन्दा बाहिर गएर अत्याधिक बल प्रयोग, पक्राउ, बरामद लगायतका कार्यहरू गर्नुहुँदैन भन्ने कुरालाई जोड दिएको छ।

**ख) आवश्यक (Necessity):** बलको प्रयोग त्यस्तो अवस्थामा गरिनु पर्दछ, जुन आवश्यक थियो । जिउ-ज्यान तथा सम्पत्ति जोगाउन बल प्रयोग अपरिहार्य र न्यायोचित थियो । बल प्रयोग नगर्दा जिउ-ज्यान र सम्पत्तिको क्षति हुन सक्ने विश्वसनीय आधार र कारण थियो भन्ने कुरा पुष्टि भएको हुनुपर्दछ। यस सिद्धान्तले अत्याधिक र आवश्यकता भन्दा बढी बल प्रयोग हुनुहुन्न भन्ने मान्यता राख्दछ।

**ग) सन्तुलित /समानुपातिक (Proportionate)** बल प्रयोगको अनुपात समान र सन्तुलित हुनुपर्दछ। आवश्यकता भन्दा बढी बलको प्रयोग भएको हुनुहुँदैन । बिना कारण र आवश्यकता भन्दा बढी बल प्रयोगलाई क्षम्य मान्न सकिन्न। तसर्थ बल प्रयोग न्यायोचित, विवेक संगत र आवश्यक मात्रामा प्रयोग भएको हुनुपर्दछ र सो कुरा प्रमाणित हुनुपर्दछ।

**घ) जबाफदेहिता (Accountability):** बल प्रयोग गर्ने प्रहरी कर्मचारीले गरेको काम कारबाही प्रति जबाफदेही हुनुपर्दछ । आफू र मातहत प्रहरी कर्मचारीले गरेको कार्यसम्पादनबाट उत्पन्न हुन जाने परिणाम र असरप्रति जिम्मेवार र उत्तरदायी हुनुपर्दछ। के, कस्तो अवस्था र कारणले बल प्रयोग जायज र कानुन सम्मत थियो भन्ने सन्दर्भमा जबाफदेही हुनुपर्दछ।

**३) बलको प्रयोग सम्बन्धी मुख्य कानुनी व्यवस्था**

**क) मुलुकी अपराध संहिता, २०७४**

उल्लेखित ऐनको दफा २६ मा जोसुकैले पनि निजी रक्षाको अधिकार प्रयोग गर्दा देहाय बमोजिमको बल प्रयोग गर्न सक्ने भन्ने समेतको व्यवस्था गरिएको पाइन्छ।

**दफा २६ – ज्यान लिने अधिकार नहुने:**

१) यस परिच्छेद बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन।

२) उपदफा (१) मा जनुसकै कुरा लेखिएको भए तापनि दफा २५ को उपदफा (३) को अधीनमा रहि देहायको निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएकोमा त्यस्तो काम कसुर मानिने छैनः

(**क**) आफू वा अरु कसैमाथि भएको आक्रमण विरुद्ध तत्काल रक्षा नगर्दा आफ्नो वा अरु कसैको ज्यान जान वा आफू वा अरु कसैलाई गम्भीर चोट लाग्न वा अंगभंग हुन सक्छ भन्ने मनासिव विश्वास भएमा,

(**ख**) जबरजस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिव विश्वास

भई वा जबरजस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा,

(**ग**) ज्यान मार्ने, बन्धक वा अपहरण गराउन मुक्ति रकम लिने, जबरजस्ती करणी गर्ने, अंगभंग गर्ने नियतले शरीर बन्धक लिएकोमा वा अपहरण गरेकोमा,

(**घ**) मानिस बस्ने, पूजा वा प्रार्थना गर्ने, सम्पत्ति राख्ने कुनै घर, पाल वा सवारी साधनलाई घेराबन्दी गरी, जोखिमपूर्ण हातहतियार प्रयोग गरी, आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी क्षति पुऱ्याउन खोजेकोमा,

(**ङ**) डाँकाको कसुर विरुद्ध रक्षा गर्नु परेमा,

(**च**) कुनै व्यक्तिको वैयक्तिक सुरक्षा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरुद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेकोमा।

**ख) स्थानीय प्रशासन ऐन, २०२८**

उल्लिखित ऐनको विभिन्न दफाहरूमा जिल्लामा शान्ति, सुरक्षा र अमनचयन कायम राख्न प्रमुख जिल्ला अधिकारीले सुरक्षा संयन्त्र खटाउन सक्ने र प्रमुख जिल्ला अधिकारीको आदेश र निर्देशनमा रही सुरक्षाकर्मीले बल प्रयोग गर्न सक्ने भन्ने समेतको व्यवस्थाहरू गरिएको छ।

**दफा ६– शान्ति सुरक्षा कायम गर्ने:** प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक कामकारबाही हुने वा हुल दङ्गा हुने आशङ्का भएको कार्यलाई रोक्न देहाय बमोजिम गर्नु पर्दछ :-

**दफा ६ को उपदफा**(१)(**क**)- कुनै सभा, जलुसु वा भिडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारबाहीबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरुन्तै आफै गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्यास, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने,

(**ख**) खण्ड (**क**) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भिडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भिडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भिड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडा मुनि पारी

गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने ।

६ (**क**) **कर्फ्यु लगाउन सक्ने**ः

कुनै ठाउँमा आन्दोलन वा हुलदंगा भई शान्ति भंग हुन जाने अवस्था आएमा प्रमुख जिल्ला अधिकारीले कर्फ्यु लगाउने आदेश जारी गर्न सक्ने व्यवस्था गरिएकोमा उपदफा (३) मा कर्फ्यूको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्ने र त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई तुरुन्त प्रहरीले प्रमखु जिल्ला अधिकारी समक्ष पेस गर्नु पर्नेछ भन्ने समेतको व्यवस्था गरिएको छ ।

त्यसैगरी सोही दफाको उपदफा (४) मा- कर्फ्युको आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कर्फ्युको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यु तोडने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेश समेत दिन सक्नेछ। त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउनु आवश्यक परेमा गोली चलाउनु भन्दा अगाडि कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नुपर्नेछ र त्यति गर्दा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्नेछ। त्यसरी चेतावनी दिँदा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले पनि प्रमुख जिल्ला अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई देख्ने बित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था रहेको छ ।

६ (**ख**) **दंगाग्रस्त क्षेत्र घोषित गर्न सक्ने**ः

उक्त दफाको उपदफा (१) मा प्रमुख जिल्ला अधिकारीले कुनै क्षेत्रमा जलुसु, भिड वा संगठित समूहले हातहतियार समेत लिई वा नलिई लुटपाट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा ध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाहीद्वारा हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दङ्गाग्रस्त घोषित गर्न सक्ने र मूलतः देहाय बमोजिमको कारबाही गर्न सक्ने भनि उल्लेख गरिएको छ ।

**दफा ६** (**ख**) **को उपदफा**(१)(**क**)ः दंगाग्रस्त क्षेत्रमा शंकास्पद व्यक्तिहरूलाई पक्राउ पूर्जी बिना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने,

(**ख**) त्यस्तो क्षेत्रमा लुटपीट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा ध्वंसात्मक कार्य

गर्ने व्यक्तिलाई देख्ने बित्तिकै गोली प्रहार गर्ने ।

**ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

उल्लिखित संहिताको दफा ९ को उपदफा (१)मा- कसुरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसुर गर्दा गर्दैको अवस्थामा रहेमा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्नेछ भन्ने र सोही दफाको उपदफा (१०)मा- उपदफा (९) बमोजिम सम्झाउँदा, बुझाउँदा वा आदेश दिँदा पनि कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने वा उम्कने प्रयत्न गरेमा वा बल प्रयोग गरी वा नगरी कुनै किसिमले जोर जलुमु गरेमा वा गर्न प्रयत्न गरेमा निजलाई पक्राउ गर्न प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ ।

**घ) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन**, २०२९

उक्त ऐनको दफा २४ को उपदफा(१) मा- यस ऐन बमोजिमको कुनै कसुरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा अनुसन्धान अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनुपर्ने र उपदफा (४) मा- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भागी उम्की वा निजले प्रमाण दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसुर गरिरहेको अवस्थामा फेला पारेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी गिरफ्तार गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनुपर्नेछ भन्ने उल्लेख गरिएको छ । सोहि दफा २४ को उपदफा(५)मा-उपदफा (३) र (४) बमोजिम गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसुरदार वा निजको मदतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रिनेकै ज्यान जोखिम हुने सम्भावना देखिई हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउदा कसुरदार वा उसको मदतगार मर्न गएमा बात लाग्ने छैन भन्ने उल्लेख गरिएको छ ।

**ङ)आवश्यक वस्तु ऐन संरक्षण**, २०१२

उक्त ऐनको दफा (६)- कसुरदार उपर मनासिव माफिकको शक्ति प्रयोग गर्ने अधिकारः- कसुरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जबरजस्ती हुल हुज्जत गरी वा त्यसै भाग्न उम्कन खोज्यो

भने त्यस्तालाई भाग्न उम्कन दिनु हुँदैन। सो गर्दा हातहतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको हेडकन्सटेवल र सोभन्दा माथिका कुनै अधिकृतले वा नेपाली सेनाका पति र सोभन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका सो सरहका कुनै पति वा अधिकृतले आफै वा आफ्ना मातहतका अरूलाई अर्डर दिई भरसक घुँडा मुनि हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नुपर्छ । लेखिए बमोजिम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बिन्धत सरकारी कर्मचारीलाई बात लाग्ने छैन भन्ने व्यवस्था गरिएको छ।

**च**) **वन ऐन**, २०७६

दफा ५७ (१)मा- यस ऐन अन्तर्गतको वन तथा वन्यजन्तु सम्बन्धी कसुरमा संलग्न कसुरदारलाई वनक्षेत्र भित्र वा बाहिर पक्राउ गर्न लाग्दा पक्राउ गर्न नदिने वा पक्राउ परिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहुज्जत गरी कसुरदारलाई भगाई लैजाने अवस्था परेमा वा पक्राउ गर्ने व्यक्तिकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था उत्पन्न भएमा डिभिजनल वन अधिकृतको आदेशले वन सुरक्षाको लागि खटिएका कर्मचारी वा सुरक्षाकर्मीले घुँडा मुनि लाग्ने गरी गोली चलाउन सक्नेछ भनि उल्लेख गरिएको छ।

छ) **निर्वाचन** (**कसुर तथा सजाय**) **ऐन**, २०७३

उल्लिखित ऐनको दफा ५० को उपदफा (२) मा- यस ऐन विपरीतको कुनै काम गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ । निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले यसरी गिरफ्तारीको आदेश दिँदा त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ भन्ने र उपदफा (३)मा- उपदफा (२) बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ।

**ज**) **प्रहरी नियमावली**, २०७१

प्रहरी नियमावलीको नियम ६७ मा - विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी खटाउने सम्बन्धी व्यवस्था अन्तर्गत उपनियम (१)मा - ऐन, यस नियमावली वा अन्य प्रचलित कानुन बमोजिम नेपाल प्रहरीले सुरक्षा प्रदान गर्ने भनि तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाका लागि वा नेपाल प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी

आवश्यकता अनुसार प्रहरी पोसाक वा सादा पोसाकमा प्रहरी कर्मचारी खटाउन सकिनेछ। उपनियम (२)मा- उपनियम (१) बमोजिम खटिएको प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोर जलुम गरेमा, हातहतियार उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

उपनियम(३)मा-उपनियम(२)बमोजिम बल प्रयोग गर्दा कुनै व्यक्ति घाइते हुन गएमा वा मृत्यु भएमा त्यस्तो प्रहरी कर्मचारी उपर नेपाल सरकारको स्वीकृति नलिई मुद्दा चलाउन सकिने छैन । उपनियम(४)मा- उपनियम(२) मा जुनसकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियारको प्रयोग बदनियत वा हेलचेक्र्याइँका साथ प्रयोग गरेको हो वा होइन वा त्यस्तो स्रोतसाधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो वा थिएन भन्ने सम्बन्धमा छानविन गर्न सकिनेछ भन्ने र उपनियम (५)मा- उपनियम (४) बमोजिम छानविन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोत साधन वा हतियारको प्रयोग बदनियत, हेलचेक्र्याइँसाथ गरेको वा आवश्यकता भन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानुन बमोजिमको कारबाही अगाडि बढाउन सकिनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ।

झ) **कारागार नियमावली**, २०२०

उल्लिखित नियमावलीको नियम ४४- भाग्न लागेको थुनुवा वा कैदीउपर हतियार प्रयोग गर्नेः-

कारागारको कुनै कैदी वा थुनुवा ढोकामा हुल गरी वा पर्खाल नाघी वा भत्काई वा सुरुङ खनि वा केही तवरले भाग्न लाग्यो भने सो गर्न लाग्दैमा तुरुन्त पक्रिनु पर्छ पक्रदा निजले हतियार लट्ठी इत्यादी चलाउन लाग्यो वा हुलहुज्जत गर्यो भने अवस्था हेरी भाग्न नदिना निमित्त जुनसुकै हतियार प्रयोग गर्न सकिनेछ । सो बमोजिम गर्दा मर्न गएमा हतियार प्रयोग व्यक्ति सजायको भागी हुने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ।

**नियम ४८. कैदी वा थुनुवा भागेमा पक्राउ गर्नेः**

कैदी वा थुनुवा चलान गर्दा बाटामा भाग्न लागेमा भरसक त्यही पक्रनु पर्छ त्यसै पक्रन नसकिई उम्किन लाग्यो वा हुज्जत गरी हतियारसमेत चलाई जोर जलुम गर्न लाग्यो भने निजलाई आफूसाँग भएको हतियार चलाएर भए पनि पक्रनु पर्दछ। सो बमोजिम गर्दा कैदी वा थनुवा मर्न गएमा जिम्मा लिई जाने र हतियार प्रयोग गर्ने व्यक्ति सजायको भागी हुने छैन

भन्ने समेत उल्लेख गरिएको छ।

यसरी सुरक्षाकर्मीले कार्यसम्पादनको सिलसिलामा गैरकानुनी कार्यमा संलग्न व्यक्ति वा समूहलाई कानुनको दायरामा ल्याउन बल प्रयोग गर्न पाउने कानुनी व्यवस्था गरिएको छ। एकातर्फ सुरक्षाकर्मीले कम्ती बल प्रयोग गर्दा मानवीय र सम्पत्तिको क्षति हुन सक्ने र अर्कोतर्फ बढी बल प्रयोग भएको अवस्थामा पनि गैर कानुनी कार्यमा संलग्न व्यक्ति वा समूह तर्फ क्षति हुन सक्ने अवस्थाबाट सुरक्षाकर्मी दोहोरो मारमा पर्ने गरेको यथार्थ छदैछ। तर यस्तो परिस्थितिमा फिल्डमा खटिएको सुरक्षाकर्मीले के कति मात्रामा क्रुर,स्वेच्छाचारी र मनोमानी ढंगले अधिक बल प्रयोग गरेको छ, छैन भनि मूल्याङ्कन र समिक्षा हुने हुँदा आवश्यक र सन्तुलित ढंगको बलको प्रयोग गर्नु श्रेयस्कर हुन जान्छ। ♦♦♦

कविता

# प्रहरी पहिचान

✍ **पदम दाहाल**



सुप्रशासनको अनुभूति दिगो
परिपालयिता प्रहरी छ निधो।
अपवाद हटाउन सक्षम को ?
झगडा व्यभिचार मिटाउँछ जो।।१।

सहयोग जुटाउन खट्छ उही
अभियोग घटाउन पुग्छ उही
नखरा छिचरा व्यवधान सबै
प्रहरी नभए प्रतिपत्र सधैँ।।२।

असुरक्षित सङ्कट फाल्न पनि
प्रहरी पहरा पहिचान जुनी।
गरिमामय राष्ट्र रमाउनमा
पुरुषार्थ जवान परायणमा।।३।

प्रहरी दल बादल दाग छ र ?
छलछाम किमार्थ कहीँ नगर!
हरहालतले जनसेवक भै
दृढनिश्चयले गर कर्म खुबै!।४।

उपकारक आश्रय आड तिमी
अपकार भए गजबार तिमी।
असरल्ल समाज नराख इबी
जनताबिच राहत बोक विधि।।५।

भयनाशक हौ भलबाढ नभै
सुख शान्ति भराउन लाग खुबै!
अरविन्द सुवास नयाँ बटुली
घुम रे जनमानस माथ चढी!।६।

भर नैतिकता अनुशासन ती
झिक मानव-मूल्य नियामक ती।
प्रहरी हरितुल्य निकाय गुणी
लु उकास दरार कुमार बनी।७।

लघुकथा

# आवरण



✍ **गङ्गा कर्माचार्य पौडेल**

बिनोदले गाउँ छोडेर सहर पसेको केही वर्षमै अप्रत्यासित ढङ्गले सम्पत्ति आर्जन गरेको देखेर उसका गाउँले साथीभाइ र नातेदारहरू आश्चर्यमा परेका थिए । कसैले भन्थे भाग्यले दिएपछि धन भन्ने कुरा आफै छप्पड फाडेर आउँछ । कसैले भन्थे दुई नम्बरी धन्दा विना खाली मिहिनेत परिश्रमले मात्रै यति छिटो कमाउन कहाँ सकिन्छ र ? कसैले भन्थे यो गाउँमा उसले पुऱ्याएको योगदानले गर्दा हामी त बिनोदलाई भगवानजस्तै मान्ने गरेका छौं । अब आउने नयाँ वर्षको गाउँपालिका सभामा उसलाई सम्मान पनि गर्दैछौं, अरू कुरा थाहा छैन ।

एक दिन बिनोदको सहरमा भएको आलिसान महलमा अचानक प्रहरीले छापा माऱ्यो । भित्र पस्ने बाटो एउटा, बाहिर निस्कने बाटो चारओटा भएको त्यस महलभित्र लुकाई राखेका मान्छेहरूलाई उसले पहिलेनै भाग्ने इसारा गरिसकेको थियो । प्रहरी पनि के कम हुन्थे र ? चारैतिर घेरा हालेर भाग्न खोज्ने जतिलाई च्याप्प-च्याप्प समातेर भ्यानमा राखे । त्यसपछि बिनोदलाई पनि समातेर भने, तँलाईँ "मानव तस्करमा कानुन बमोजिम कारबाही हुन्छ ।" ल हिँड जाउँ भन्दै अरूसँगै उसलाई पनि त्यही भ्यानभित्र हालेर लगे ।

प्रविधिको विकासले गर्दा हात-हातमा मोबाइल भएको अहिलेको जमानामा यो खबर तुरुन्तै वनमा लागेको डढेलो सरि एकसाथ गाउँ र सहरभरि फैलियो । त्यो देखेर गाउँलेहरूले भने "हामीले भगवानजस्तो मानेको मान्छे त मन अपराधी रैछ । समाजसेवी त मात्र आवरण । ♦♦♦

*साइबर सुरक्षाबारे फैलाउँदै, सचेतना सन्देश*
*जुट्दैछौं हामी निर्माण गर्न, सुन्दर सामाजिक परिवेश*
*अपराध रोक्ने सङ्कल्प छ, प्रमाणमुखी अनुसन्धान*
*स्वच्छ समाज निर्माण गर्ने, नेपाल प्रहरीको अनुष्ठान*

# प्रहरी नेतृत्वको कुशलता



✍ **पूर्व प्र.ना.उ. भोजराज पाण्डेय**

नेपाल प्रहरी राष्ट्रको शान्ति, सुरक्षा कायम गर्ने र कानुन कार्यान्वयनका लागि समर्पित राष्ट्रको प्रमुख संगठनको रूपमा विगत ७ दशकदेखि अविच्छिन्न कार्यरत छ । यस्तो संवेदनशील र जिम्मेवार संगठनमा कार्यरत प्रत्येक सदस्यको जिम्मेवारी र दायित्व अत्यन्त महत्वपूर्ण हुन्छ । त्यसमा पनि नेतृत्व त यसै पनि अब्बल र संगठनलाई बिना व्यवधान चलायमान बनाउन सक्ने दुरदर्शी हुनु पर्दछ। जसले संगठनका प्रत्येक सदस्यलाई पारिवारिक वातावरण प्रदान गर्न सकोस् । प्रहरी संगठनको सफलता केवल नीति र योजना मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने नेतृत्वकर्ताको सोच, आचरण र क्षमतामा पनि निर्भर गर्दछ । सामाजिक सञ्जालमा मात्र देखिने संगठन होइन, नागरिकको मनमा बस्न सक्ने संगठनको निर्माण गर्नु पर्दछ। त्यसैले नेपाल प्रहरीको नेतृत्वकर्तामा केही विशेष गुणहरूको आवश्यकता पर्दछ, जसले संगठनको कार्यकुशलता, अनुशासन र जनविश्वासलाई मजबुत बनाउन सहयोग पुऱ्याउँछ।

उच्च र अनुकरणीय अनुशासन, इमान्दारिता र पारदर्शिता नेतृत्वको मूल आधार हो। प्रहरीको नेतृत्वकर्ताले कानुनी र विधिगत नैतिकता र मूल्यमा अडिग रहनुपर्छ । कानुनी धरातललाई अनुशरण नगर्ने हो भने विवादको घेराबाट उम्किन गाह्रो पर्दछ। जसले गर्दा व्यक्तिगत र व्यवसायिक ध्यान विवादबाट कसरी उन्मुक्ति प्राप्त गर्ने भन्नेमा व्यतित हुने हुँदा संगठन तथा यसका सदस्यहरू प्रतिको उत्तरदायित्वबाट विमुख बन्नु पर्ने अवस्था सिर्जना हुन सक्छ । आफ्नो व्यक्तिगत स्वार्थभन्दा संस्थागत दायित्वलाई प्राथमिकता दिने, कुनै पनि भ्रष्ट वा अन्यायपूर्ण कार्यबाट टाढा रहने गुणले मात्र संगठनभित्र विश्वास कायम रहन्छ । संगठनका हरेक सदस्यले राज्यले बर्दीको रुपमा उपलब्ध गराउने लत्ता कपडा र अन्य उपलब्ध हुने सबै सामग्रीहरूको मूल्यको बारेमा थाहा पाउनु पर्दछ। म कार्यरत रहेको कार्यालयमा के कति शिर्षकमा के कति रकम बिनियोजन भएको छ र त्यसको खर्च प्रक्रियाको बारेमा थाहा पाउने वातावरण बनाउन सकेमा सबै तहका कर्मचारीको

आस्थामा वृद्धि हुन्छ र अपनत्वको समेत विकास हुन्छ। जसले गर्दा संगठनभित्र थप विश्वास आर्जन गर्न सकिन्छ।

न्यायप्रियता र निष्पक्षता पनि नेतृत्वका अपरिहार्य गुणहरू हुन् । प्रहरी नेतृत्वकर्ताले आफ्नो मातहतका कर्मचारी, जनता वा कुनै पनि अपराध सम्बन्धी घटनामा निष्पक्ष ढङ्गले कुनै राजनैतिक हस्तक्षेप बिना अनुसन्धान गर्न सक्ने वातावरण निर्माण गर्न सक्नुपर्छ। पक्षपात, जातीय वा राजनीतिक प्रभावबाट मुक्त रहेर न्यायमा आधारित निर्णय लिन सक्ने नेतृत्वले संस्थाको साख उच्च राख्न सक्छ। प्रहरी जनता र समुदायसँग प्रत्यक्ष रूपमा सरोकार राख्ने समाजको अग्रणी निकाय हो। त्यसैले जनताको पीडा, डर वा समस्या बुझ्न सक्ने, सहानुभूतिपूर्वक व्यवहार गर्ने र नागरिकमैत्री सेवा प्रदान गर्ने क्षमताले मात्र प्रहरी र जनताबीच विश्वासको पुल निर्माण गर्न सकिन्छ । यसमा केही सुधार गर्नुपर्ने अहिलेको आवश्यकता हो । हरेक आन्दोलन तथा विरोधको अवस्थामा किन प्रहरी सबैको तारो बनिरहेको हुन्छ ? नेतृत्वले यस विषयमा गम्भीरतापूर्वक विचार गरि सुधार गर्नु पर्दछ। प्रहरीमा अझै पनि शासकीय महत्वकांक्षा, हुकुमी शैलीको बोलवाला र व्यावसायिक ज्ञानको अभाव छ भन्ने व्यापक जनगुनासो रहेको हुँदा त्यसलाई चिर्न सक्नु पर्दछ । जनताको अपेक्षा प्रहरीसँग सरोकार रहेका हरेक काम आफ्नै घरदैलो नजिक रहेको प्रहरी एकाइबाट नै सम्पन्न होस् भन्ने रहेको हुन्छ । यसलाई थप सेवामुखी र जनउत्तरदायी बनाउन प्रयत्नशील रहनु पर्दछ।

रणनीतिक सोच र निर्णय क्षमता नेतृत्वको अर्को आवश्यक गुण हो । अपराध नियन्त्रण, विपद् व्यवस्थापन वा सुरक्षा सम्बन्धी चुनौतीहरूमा तत्काल निर्णय लिन सक्ने, भविष्यका सम्भावित जोखिमहरू पहिचान गरी योजना बनाउने र उपलब्ध हरेक संसाधनको सदुपयोग गर्न सक्नु नै नेतृत्वको अब्बल क्षमता हो । अनुशासन र आत्मसंयमता प्रहरी सेवाको आत्मा हो। नेतृत्वकर्ताले आफ्नो व्यवहार, बोली र कार्यशैलीमा संयम र उच्च अनुशासन देखाउनुपर्छ। उच्च पदमा रहेर पनि विनम्रता, शालीनता र कर्मठता प्रदर्शन गर्न सक्ने नेतृत्वले मातहतका प्रहरीलाई प्रेरणा दिन्छ। आफू उदाहरणीय बन्न सकेमा मातहतका कर्मचारीहरूले पनि त्यसलाई अनुशरण गर्दछन् । अनुकरणीय नेतृत्वले मात्र संगठनलाई गति र दिशा निर्देश गर्न सक्दछ।

सञ्चार र समन्वय कौशलता पनि नेतृत्वकर्तामा नभई नहुने महत्वपूर्ण गुणहरू हुन् । राज्यमा शान्ति सुरक्षा कायम गर्ने कार्यमा प्रहरीको अलावा अन्य निकायहरू पनि रहेका छन् । नागरिकको

धनजनको सुरक्षा गर्ने सवालमा अन्य सुरक्षा निकायहरूसँग पनि समानान्तर समन्वय गर्न सक्ने गुण नेतृत्वमा हुनु पर्दछ । विगतमा सुरक्षा निकायहरू बीचमा प्रभावकारी समन्वयको अभाव आम नागरिकले देख्ने गरि महसुस भएको छ । यसले कर्मचारी र नागरिकका बीचमा अविश्वास र संगठनका कर्मचारीहरूमा हतोत्साहिता बढाउँछ । यसतर्फ अत्यन्त संवेदनशील हुनु पर्दछ । नेतृत्वकर्ताले माथिल्लो तहदेखि स्थानीय समुदायसम्म सशक्त संवाद र सहकार्य गर्न जान्नुपर्छ । सुन्ने, बुझ्ने र साझा दृष्टिकोण निर्माण गर्ने क्षमताले संगठनभित्र एकता र कार्यकुशलता बढाउँछ ।

राज्य अहिले विषम परिस्थितिमा छ । भर्खरै मात्र ऐतिहासिक रुपमा निर्वाचन सम्पन्न भएको छ । यसपालिको निर्वाचनमा सामान्य झैझगडाको समेत कसैले सामना गर्नु परेन । निर्वाध रुपमा निर्वाचन सम्पन्न हुनुले नेतृत्वको अब्बलता दर्शाउँछ । संगठनमा कार्यरत अन्य सदस्यहरूको पनि उत्तिकै योगदान छ । संगठनको सदस्यले प्रयोग गर्ने युनिफर्म लगायतका असभावका सामग्रीहरू र नागरिकको सुरक्षार्थ बोक्नु पर्ने केही हतियार अझै अपराधिक पृष्ठभुमिका व्यक्तिको हातमा छन् । सामान्य नागरिकको हातमा हतियार छैनन् । सामान्य नागरिकको पहुँच भन्दा बाहिर छन् । अर्थात् हतियारको बारेमा थाहा जानकारी भएका मानिसहरूकै हातमा हतियार तथा गोलिगठ्ठा छन् । आगामी दिनमा ती हतियारहरू आपराधिक कार्यको लागि प्रयोग भएमा यसले देशमा ठूलो चुनौती निम्त्याउँछ । तसर्थ हतियार तथा गोलीगठ्ठा राज्यको पहुँच तथा नियन्त्रणमा जति सक्दो छिटो ल्याउन भर मग्दुर प्रयत्न गर्नु पर्दछ । नागरिकलाई सूचनाको लागि (सूचना गोप्य रहने ग्यारेन्टी सहित) पटकपटक अनुनयात्मक आग्रह गर्नु पर्दछ । सांगठनिक नेतृत्वले यसमा गम्भीर दिलचस्पी दिनु पर्दछ ।

यसको अलावा साइबर अपराध, बैंकिङ्ग ठगी, लागु औषध र मानव बेचबिखन लगायतका अपराधहरूको संख्या घटेको छैन । यी अपराधको आँकडा न्यूनीकरणमा लाग्नु नितान्त जरुरी रहेको छ । यी सबै कार्यको लागि नेतृत्वकर्ताले नयाँ विचार, सिप र प्रविधिलाई आत्मसात् गर्न सक्नुपर्छ । आगामी दिनमा देशमा करिब करिब दुई तिहाईको सरकारले काम गर्ने अवस्था बनेको हुँदा प्रहरीको क्षमता विकासमा पक्कै पनि सरकार र तालुक मन्त्रालयको विशेष ध्यान पुग्ने नै छ ।

यसमा संगठनको तर्फबाट नेतृत्वको नेतृत्वदायी भूमिका सबैले अपेक्षा गर्नु आवश्यक मानिन्छ । साथै इमान्दारिता, निष्पक्षता, संवेदनशीलता, रणनीतिक सोच, अनुशासन, सञ्चार क्षमता र नवीन दृष्टिकोण जस्ता गुणहरूको संयोजन समेत आवश्यक

छ । यसले मात्र प्रहरीलाई जनताको सुरक्षा र विश्वासको प्रतीकका रूपमा कायम राख्न सक्षम बनाउँछ । ♦♦♦

लघुकथा

# रङ फेर्ने शब्दहरू



✍ **घनबहादुर थापा**

बाबुकाजी शब्दका कुशल शिल्पी हुन् । उनी बोल्न उभिँदा मञ्च उज्यालो हुन्छ । स्लाइडका अक्षरहरू जस्तै उनका तर्कहरू चम्किन्छन् । सदाझैँ आजको गोष्ठीमा पनि उनले ठोकुवा गरे, 'दक्ष जनशक्ति नै संस्थाको मेरुदण्ड हो । तालिमले मात्र दक्षताको फूल फुलाउँछ र सुगन्ध छर्छ ।' सभाहल तालीले गुञ्जियो । उनले नवीनतम् ज्ञान, समयानुकूल पाठ्यक्रम, दक्ष प्रशिक्षक र आधुनिक प्रविधिको अनिवार्यता औँल्याए । अन्त्यमा स्वर अझ दृढ बनाउँदै भने, 'बजेट अभाव बहाना हुन सक्दैन । अन्य शीर्षकबाट सारेर भए पनि तालिम निरन्तर हुनुपर्छ । तालिम रोकिनु भनेको प्रगतिको सास थामिनु हो ।'

उनका वाक्यहरू पावरपोइन्टका चम्किला स्लाइडझैँ उज्याला देखिन्थे । त्यसैले सभाहल तालीले भरियो । तालीको तरङ्ग थामिँदा नथामिँदै उनी कार्यालय फर्किए । शब्दहरूको उज्यालो अझै अनुहारमा टल्किरहेको थियो । सहकर्मीहरूलाई उनले उही उज्यालो दोहोर्‍याए, 'ज्ञानलाई धारिलो बनाउने एक मात्र शान हो, तालिम । यसलाई मर्न दिनुहुँदैन ।'

त्यही बेला उनका कार्यालयका तालिम प्रमुख अमितले फाइल अघि सार्दै नम्रतापूर्वक भने, 'सर, कर्मचारीहरू तालिमको प्रतीक्षामा रहेको धेरै समय भैसक्यो । यस वर्षको तालिम स्वीकृत गरिदिनुहोस् ।' क्षणभर बाबुकाजी मौन रहे । उनको अनुहारको रङ बिस्तारै फेरियो । उनले झ्यालतिर हेरे, आकाशमा बादल लागेको थियो । मञ्चमा इन्द्रेणी झल्काउने शब्दहरू कागजमा आइपुग्दा रङ फेरिसकेका थिए । लाग्थ्यो, भित्तामा टाँसिएको तालिम तालिकाले नबोलिकन विरोधको नारा लगाइरहेको छ ।

'अमितजी, कुरा त राम्रो हो तर अहिले सम्भव छैन,' मधुर स्वरमा हाकिम बाबुकाजी बोले, 'पहिले बजेटको व्यवस्था त हुनुपर्‍यो नि !'

नियात्रा

# आस्थाको यात्राले दिलाएको आत्मबोध



✍ मुरारीराज मिश्र

मृत्यु जीवनको अन्तिम सत्य हो, जसलाई कसैले टार्न सक्दैन। गीतामा भनिएको छ- "जन्म लिनेको मृत्यु निश्चित छ र मृत्यु हुनेको जन्म पनि निश्चित छ।"

यस कथनबाट बुझ्न सकिन्छ कि, जीवन-मृत्यु एक चक्र हो जसबाट सबै प्राणीहरूले गुज्रिनु पर्छ र, मृत्युसँगै जीवनको नयाँ सुरुवात पनि हुन्छ।

बाँचुञ्जेल जीवन सफल होस्, मृत्यु पश्चात् आत्माको परलोक यात्रा सहज रहोस् तथा अर्को जन्ममा राम्रो शरीर प्राप्त मिलोस् भन्ने कामनाका साथ विभिन्न धार्मिक संस्कार, जप-तप, पूजा-पाठ, धर्म-कर्म, तीर्थ-व्रत ध्यान आदि गर्न, हाम्रा पौराणिक धार्मिक ग्रन्थ र परम्पराले हामीलाई सिकाएका छन्।

आफ्ना लागि गरिने कर्मका साथसाथै हामीले दिवंगत पुर्खाहरूका उद्धार र शान्तिका लागि विविध धार्मिक कर्म पनि गर्दै आएका छौं। शास्त्रमा भनिएको छ- "पुत्रस्य परमो धर्मः पित्र्यूद्धारसमो नहि।" अर्थात् पितृहरूको उद्धार गर्नु नै पुत्रको परम कर्तव्य र धर्म हो। उसका लागि यो भन्दा ठूलो धर्म अरू केही छैन।

यही कुरालाई मनन गरि हाम्रो परम्परागत सामाजिक मान्यता अनुसार हरिहरक्षेत्र, पुनपुन, गया, वैतरनी र काशीमा दिवंगत पितृका नाममा श्राद्ध, तर्पण गर्न जाने वर्षौंअघिको दमित चाहनालाई यसपटक भने मूर्त रूप दिने अठोट गरियो। यसै मेसोमा त्यतातिरका तीर्थस्थलहरू बोधगया, बाबा (वैजनाथ) धाम, वाशुकीनाग, तपोवन, कलकत्ते काली, गंगासागर, भुवनेश्वर, साक्षीगोपाल, जगन्नाथ धाम, विन्ध्यवासिनी, बाबा विश्वनाथ, अयोध्या राममन्दिर लगायतको समेत दर्शन गरेर आउने निचोड निस्कियो।

भगवानले नबोलाएसम्म वा समय नआइकन कुनै पनि तीर्थस्थल नपुगिने रहेछ। प्रस्थानका लागि तोकिएको मिति पटकपटक सार्दै र विविध कारणवश जन्मिएका अनेक अवरोधलाई चिर्दै तीर्थयात्रामा निस्कने पक्का भयो। यात्रा व्यवस्थापक हरिशरणम् तीर्थयात्राका प्रोप्राइटर मोहन अधिकारी दाइले काठमाडौंस्थित भारतीय दूतावासबाट यात्राको परमिट लिनुभयो। हामी आवश्यक तयारीमा लाग्यौं।

२०८१ साल चैत ७ गते बिहीबार

बिहानको पाँच बजे। काठमाडौँ उपत्यकाको आकाश अझै पनि हल्का अँध्यारोमै थियो। यात्राको उत्साहले हाम्रो मनमा भने सूर्योदय भइसकेको थियो। हामी आज हजारौँ वर्ष पुरानो इतिहाससँग भेटघाट गर्न यात्री बनेर घरबाट निस्केका थियौं।

चैत महिना भए तापनि बिहानको मौसम हल्का चिसो नै थियो। बाटोमा सवारीसाधनको चहलपहल निकै न्यून देखिन्थ्यो। मैले भजन भएको पेनड्राइभ चालक अरुण भाइलाई दिएँ। अब बसमा सुमधुर भजन गुञ्जन थाल्यो। भजनले पनि यात्राको क्रममा एकप्रकारको उर्जा थप्ने काम गर्छ।

यात्रा एउटा रमाइलो क्रिया हो। जसले केही सिक्ने, केही बुझ्ने र केही अनुभव बटुल्ने मौका दिन्छ। विद्वानहरूले जिन्दगीलाई जन्मेदेखि नमरेसम्मको अविराम यात्रा पनि भनेका छन्। वास्तवमा यात्रा भनेको गन्तव्य प्राप्तिको सुरुवात हो। गन्तव्य बिना यात्रा यात्रा हुँदैन र गन्तव्य प्राप्त गर्न यात्राको पूर्वनिर्धारित तालिका हुनैपर्छ। हामी पनि निश्चित गन्तव्य र उद्देश्य प्राप्तिका लागि १७ दिने कार्यतालिका बोकेर यात्रामा निस्केका थियौं।

सातदोबाटो, चापागाउँ हुँदै बसले हामीलाई भीमफेदीतर्फ डोर्‍याउँदै थियो। बिहानको हुस्सु छिचोल्दै जाँदा कतै हरिया पाखा, कतै पहाडी घुम्ती, कतै सडकछेउमा टिनले छाएका चिया पसल लगायतका दृश्यले यात्रामा रोमाञ्चकता थपिरहेका थिए। हेटौंडामा बिहानको खाना खाएर उखरमाउलो गर्मी छिचोल्दै दिउसो २:३० मा वीरगंज पुगियो।

यहाँ आएपछि तराई क्षेत्रका प्रसिद्ध शक्तिपीठ गढीमाईको पनि दर्शन गर्ने सल्लाह भयो। उसै पनि आजको बास यहीँ हुने कार्यक्रम भएकोले हामीलाई खासै हतारो थिएन। त्यसैले पूर्वनिर्धारित होटेलमा सामान राखेर केहीबेरको विश्राम तथा चियाखाजा पछि साँझ ४ बजे हामी गढीमाईतर्फ लाग्यौं।

यसअघि पटकपटक आउँदा गढीमाईको पाउ छोएरै ढोगिएको थियो। अब भने देवीको मूर्तिलाई छुन नपाइने गरिएको रहेछ। 'भिड नियन्त्रण र मूर्ति सुरक्षा लागि यो नियम बनाइएको हो।' पुजारीले हामीलाई बताए। 'देवीको मूर्तिलाई हातले स्पर्श गर्नुभन्दा पनि श्रद्धा, आस्था र पवित्र भावनाले भरिएको हृदयले छुनु ठूलो पूजा हो, बुझिस् !' आफ्नै मनले मलाई सम्झायो। दर्शन पश्चात् साँझ सात बजेतिर हामी वीरगञ्ज फर्क्यौं र पहिलो रात त्यहीँ बितायौं।

दोस्रो दिन बिहानै सीमामा चेकजाँचका लागि हामी पनि आफ्नो परिचय खुल्ने कागज हातमा लिँदै यात्रुको हुलसँगै अघि बढ्यौं। चेकजाँचको कर्मकाण्डी

काम सकेर गाडीले हामीलाई हरिहर क्षेत्रतर्फ बढाइरहेको थियो। मुजफ्फरपुरको जाममा एक घण्टाभन्दा बढी अड्किँदा, समयले हामी यात्रुहरूको धैर्यताको परीक्षा लिएको भान भयो।

दिउँसोको तातो घाम सहँदै हामी हरिहर क्षेत्रमा पुग्यौं । नदीकिनारको चिसो हावाले शीतलताको महसुस गरायो। साँझपख, भगवान् हरिहरको मन्दिरमा घण्ट-शंखको आवाज र आरतीको उज्यालो मिसिँदा मनमा अपूर्व आनन्दको लहर उठ्यो । त्यो रात हामी नदी छेउमै रहेको एक होटेलमा बास बस्यौं । नजिकै नदीको पानीको छालले निःशब्द भएर पनि अनन्त कथा सुनाइरहेको थियो । थकाइले होला हामी मस्त निदायौं ।

बिहारको राजधानी पटनादेखि पाँच किलोमिटर उत्तरमा गंगा र गण्डकी नदीको संगम रहेको 'सोनपुर' नगरलाई हरिहर क्षेत्र भनिन्छ । हिन्दु धर्मावलम्बीहरूको एक प्रसिद्ध धार्मिक र सांस्कृतिक स्थल भएकाले स्नान, दान र तर्पणका लागि यहाँ निकै मानिसहरू आउने गर्छन् । भगवान् हरिहरको प्राचीन मन्दिरले यस क्षेत्रको आकर्षण बढाएको छ ।

किंवदन्ती अनुसार, भगवान् शिवका भक्त जय र विष्णुका भक्त विजय नामक दुई दाजुभाइका बीच झगडा हुँदा भगवानको श्रापले दुबै गज र ग्रह बने । श्राप मोचनपछि दुवैको मित्रता भएर त्यहाँ शिव र विष्णुको मन्दिर संगसँगै बनाइयो जसका कारण यसको नाम हरिहरक्षेत्र रहेको भन्ने भनाइ पनि प्रचलित छ । तेस्रो दिनको बिहानै उठेर गंगा र गण्डकी नदीको संगममा स्नान गरि गौदान र तर्पण कर्म सम्पन्न गरियो पण्डाहरूको मोलमोलाई अनौठो लाग्दो देखिन्थ्यो । उनीहरू तीर्थयात्रीहरूको आस्था र भावनालाई पैसामा जोख्दै थिए । लाग्यो, धार्मिक पवित्रता किनमेलको बजारमा हराइरहेको छ!

पटनाको लामो सडकजाम, चेकजाँच र भीआइपी सुरक्षाको बहानामा रोकिएका बाटो, धुलो, धूवाँ र गर्मीले यात्रालाई केही कठिन बनायो । बाटोका विभिन्न अवरोध छिचोल्दै अन्ततः हामीले पुनपुनको पवित्र भूमिमा पाद टेक्यौं । नेपाली लालमोहरिया पण्डाद्वारा श्राद्धादि कर्म गरियो । पुनपुनबाट खाना खाएर हाम्रो यात्रा बोधगयातर्फ बढ्यो । नेपालका महामानव गौतम बुद्धले बुद्धत्व प्राप्त गरेको स्थान बोधगया पुग्दा गौतम बुद्धका दिब्य उपदेशका प्रतिध्वनिहरू अझै त्यहाँका गगनमा गुञ्जिरहेका जस्ता लागे । सरसफाइ, शान्तिपूर्ण वातावरण, शौचालय लगायतका व्यवस्थापन निकै राम्रो थियो ।

हामीले निकैबेर लगाएर अवलोकन गऱ्यौं । देशविदेशका भिक्षुहरू ध्यान गरिरहेका देखिन्थे । वातावरण शान्त

र चकमन्न थियो। भोलिपल्ट गयामा श्राद्ध गर्ने कार्यक्रम थियो त्यसैले हामी साँझपख गया पुग्यौं । त्यहाँ, नेपाली पण्डाको गेष्टहाउसमा रात्रि विश्रामको व्यवस्थापन भयो।

बिहान सबेरै गया नदीमा श्राद्ध, सीता पिण्डदान स्थलमा प्रार्थना, दशरथ हात, वटवृक्ष र विष्णुपादुकाको दर्शन गरियो । "गयागमन मात्रेण पितृणामनृणं भवेत् ।" गयातीर्थ जादाँ मात्रै पनि व्यक्ति पितृऋणबाट मुक्त हुन्छ भन्ने भनाइ सुनेका हामी दम्पती, गया पुगेर पितृमुक्तिहेतु श्राद्ध गर्ने वर्षौंदेखिको मनोकामना पूरा भएकोमा निकै प्रसन्न भयौं।

अबको हाम्रो गन्तव्य बाबाधाम थियो। हामी झारखण्डतर्फ लाग्यौं। बेलुकी बाबाधामको आरतीमा सहभागी हुन पाउँदा मन हर्षित बन्यो। द्वादश ज्योतिर्लिङ्गमध्येका एक बाबाधाममा धुपको गन्ध, घण्टाको आवाज र दीपको उज्यालोमा नुहाउँदै हामीले आत्मिक तृप्ति प्राप्त गर्‍यौं।

भोलिपल्ट बिहान, तीन घण्टा लामो लाइनमा उभिएर बाबाधामको दर्शन गर्ने अनुभव कठिन तर स्मरणीय रह्यो । मन्दिरभित्रको अव्यवस्थित भिडले आस्था र संयमलाई उछाल्दै पछार्दै गरेको थियो । त्यहाँ भगवानलाई चढाउन इनारको जल समेत पैसा नदिई लिन नपाइने देख्दा भने मनमा प्रश्न उठ्यो-धर्मको नाममा किन यस्तो व्यापार ?

यहाँ पछि, रावणले तपस्या गरेको स्थान तपोवनको अवलोकन र वाशुकीनाथको दर्शन गरि पश्चिम बङ्गालको पानागढमा गएर बास बस्यौं । छैठौं दिन कलकत्ते कालीको दर्शनार्थ कोलकाता तर्फ लागियो। मन्दिरमा जताततै पण्डाको बिगबिगी देखियो । उनीहरू पैसाको मोलमोलाई गरि दर्शन गर्न लैजान्थे र पाठको नाममा रकम असुल्न खोज्थे। धार्मिक क्षेत्रमा दर्शनार्थीसँग पैसाको खुलेआम बार्गेनिङ गरि लाइन मिचेर दर्शन गराउँदा पनि मन्दिरका पण्डाहरूका अगाडि प्रहरी मौन र निरीह देखिन्थे। हामीले केही समय लाइनमा बसेर दर्शन गर्‍यौं।

राति काकद्विपमा बास बसेर बिहान सबेरै गंगासागरतर्फको यात्रा सुरु भयो । १० मिनेट पैदल, ४५ मिनेट पानीजहाज, त्यसपछि ३० मिनेट गाडी र पुनः १० मिनेटजति टेम्पो चढेर अन्ततः गंगासागर किनारमा पुगियो । विशाल समुद्रका छालसँग पहिलो भेटमा मन रमायो। आँखाले देखेसम्म जताततै पानी मात्रै देखिन्थे। गंगासागरमा स्नान, दान र तर्पण गरिसक्दा आत्मा नजिकैको अनन्तसँग संवाद गरिरहेको महसुस भयो।

गंगासागर, पश्चिम बंगालको दक्षिणतर्फ परगना जिल्लामा अवस्थित एउटा टापुमा पर्ने सागर, गंगा नदी र बंगालको खाडी मिल्ने ठाउँ हो। कोलकाताबाट लगभग

१५० किलोमिटर दक्षिणमा अवस्थित गंगासागर भारतको सबैभन्दा पवित्र प्रसिद्ध हिन्दू तीर्थस्थल हो । यसलाई महातीर्थ मानिन्छ । पटकपटक जप, तपस्या, तीर्थयात्रा, धार्मिक कर्म आदि गरेमा जति पुण्य प्राप्त हुन्छ, त्यो बराबरको फल एकपटक मात्र गंगासागरको स्नान गरेमा प्राप्त हुने जनविश्वास छ । यसकारण भनिन्छ, 'सबै तीर्थ बारम्बार, गंगासागर एकबार' ।

पौराणिक राजा सागरका ६० हजार पुत्रले मोक्ष प्राप्त गरेको स्थान भनिने यहाँ स्नान गर्दा, १०० अश्वमेध यज्ञ र १००० गाई दान गरे बराबर पुण्य प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको छ । गंगासागर किनारको केही पर कपिलमुनि, गंगादेवी र भगीरथका मूर्तिहरू रहेको मन्दिर छ । भगवान् बिष्णुले कर्दम ऋषिको छोरा कपिलदेवको रुपमा जन्म लिएका थिए । प्रत्येक वर्षको मकर संक्रान्तिका दिन गंगा नदी कपिलदेवलाई स्नान गराउन मन्दिरसम्म पुग्छिन् भन्ने धार्मिक मान्यता छ । यस दिन यहाँ ठूलो मेला लाग्छ ।

फर्कने बेला पानीजहाजमा यति धेरै भिड थियो कि मानिसहरूको हुलमा मिसिएर हामीलाई आफैं पनि समुद्रकै छालझैँ बगिरहेको भान भयो । जहाजबाट पानीहाँस चरालाई दाना खुवाउँदा भने यात्रामा रमाइलोपन थपियो ।

गंगासागरबाट फर्केर डायमण्ड हार्वरको घुमघाम र राति बसाइ पछि बैतरनी तर्फ प्रस्थान गरियो । नवौं दिन बिहान बैतरनीमा श्राद्ध र तर्पण सकेर उडिसा राज्यमा पुगियो । यहाँ भुवनेश्वर र साक्षी गोपालको दर्शन पश्चात् अपरान्हतिर भारतका प्रसिद्ध चारधाम मध्येको एक जगन्नाथ धाममा पाइला टेक्यौं । जगन्नाथ मन्दिर अगाडिको होटेलमा हाम्रो बसाइको बन्दोबस्त थियो ।

साँझ समुद्रीतट अवलोकनमा गइयो । मन्दिर नजिकैको यस समुद्रलाई नीलाचल सागर पनि भनिने रहेछ । यो समुद्र बंगालको खाडीको एक भाग हो । भोलिपल्ट बिहान समुद्रमा स्नान गरि धरतीको बैकुन्ठ मानिने जगन्नाथ मन्दिरमा भगवान श्रीकृष्ण सहित बलराम र सुभद्राको दर्शन र जगन्नाथपुरीको अद्‌भूत परम्पराको अवलोकन गरियो । मन्दिर परिसरमा अत्याधिक भिड थियो । जब ३-४ सय भक्तजन एकैपटक धकेलिँदै भित्र पस्थे तब लाग्थ्यो, यहाँ दर्शन होइन, संघर्ष भइरहेको छ । साँझमा जगन्नाथको झण्डा फेरेको दुर्लभ दृश्य देख्दा, मन हर्षविभोर भयो । झण्डा परिवर्तनको त्यो अपूर्व क्षण जीवनकै सुखद स्मृति बन्यो ।

चैत १५ र १६ जगन्नाथपुरीमा बित्यो । सातौं शताब्दीमा निर्मित यो स्थान केवल मन्दिर मात्र थिएन, हजारौँ वर्षको विश्वास र संस्कृतिको संगम पनि थियो ।

यहाँ भगवान्को भोजन (नैवेद्य) पकाउनेहरूले पहिले आफूले भोजन गरेर मात्र पकाउने चलन देख्दा, भोक र धर्मबीचको गहिरो सम्बन्धलाई अनुभव गरियो । नेपाली लालमोहरिया पण्डाले खुवाएको स्वादिष्ट महाप्रसाद ग्रहण गरियो। प्रत्येक १२ वर्षमा यस मन्दिरभित्रको मूर्ति फेरिने र हरेक वर्ष जगन्नाथको विशाल रथयात्रा उत्सव हुने परम्परा रहेको छ।

जगन्नाथमा दुई दिन बिताएर हाम्रो यात्रा प्राचीन वाराणसी नगर अर्थात् बनारस पुग्यो । यसअघि आउँदाभन्दा नदी निकै सफा देखियो। गरे के हुने रहेनछ र ? आँखामा पशुपतिनाथ अगाडिको बागमती नदीको दुर्गन्धित दृश्य देखा परे, मन अमिलो भएर आयो । यहाँको मनकर्णिका घाटमा स्नान, दान तथा नेपाली लालमोहरिया पण्डाबाट तर्पण र श्राद्द गऱ्यौं । द्वादश ज्योतिर्लिङ्ग मध्येका भगवान् विश्वनाथको दर्शन भयो । तत्पश्चात् विन्ध्याचल पुगेर विन्दवासिनी माताको दर्शन र प्रयागराजमा गंगा, जमुना र सरस्वती नदीको त्रिवेणी संगममा स्नान गर्दा तीन नदीको जलको स्पर्शले आत्मालाई शुद्ध बनाएको महसुस गरायो।

यात्राका गन्तव्य छोटिँदै थिए, हामी श्रीराम जन्मभूमि अयोध्या पुग्यो । अयोध्यामा सरयू नदी, हनुमान मन्दिर र राममन्दिर दर्शनले यात्रा एकाएक भावनाको शिखरमा पुग्यो । लाग्यो, यही हो यात्राको चरम गन्तव्य !

अयोध्याबाट चैत २२ मा नेपाल प्रवेश गऱ्यौं । बुटवल-नारायणघाट सडकको जाममा अड्किँदा हाम्रो धैर्यताको बाँध टुट्न थालिसकेको थियो। पटकपटक आउँदा यहाँ पर्ने सडकजामले राज्य संयन्त्रप्रति मनमा आक्रोस उठ्यो । घामले तताएको गाडीभित्रको घुटन, बाटोको धूवाँ-धूलो देख्दा लाग्यो "सर्वसाधारणको दुःखलाई बुझ्ने यहाँ कोही छैन।"

अन्ततः देवघाट आइपुगियो। चैत २३ मा देवघाटमा स्नान गर्दा यहाँको शीतल जलले सारा थकान धोइदिएको महसुस भयो। त्यहीँ तीर्थयज्ञ गरेर हामीले तीर्थयात्रालाई पूर्णविराम लगायौं। छोटो धन्यवाद कार्यक्रम मार्फत चालक, सहयोगी र व्यवस्थापकलाई सम्मान गऱ्यौं र घरतर्फ फर्कियौं।

यो १७ दिनको यात्रा केवल भौगोलिक दूरी पार गर्ने साधन थिएन । यो यात्राले हामीलाई आत्मा, विश्वास र सहनशीलताको यात्रा गरायो । कतै भिड, कतै पण्डाको मनोमानी र कतै सरकारी उदासीनताले आस्था थिचे पनि, आत्मालाई अडिग बनायो।

यात्रा सकिँदा मनमा एउटा मात्र अनुभूति थियो-"यात्रा भनेको गन्तव्यमा पुग्नु मात्र होइन, आत्मा र जीवनसँग साक्षात्कार हुनु पनि रहेछ।"

◆◆◆

# अन्वेषणमा आधारित प्रहरी सेवा प्रवाह रुपान्तरणको वर्तमान अवस्था



✍ प्र.नि.मन्दिप चौहान

**विषय प्रवेश**

प्रहरी संगठनको विश्वसनीयता र प्रभावकारिता जनशक्ति व्यवस्थापन, स्रोतसाधन परिचालन, कर्मचारीहरूको अनुशासन तथा आदेशपालनाको स्तरका साथै जनअपेक्षा अनुसार आफूलाई रूपान्तरण गर्ने क्षमता, अन्वेषण (Research) र तथ्याङ्क (Data) मा आधारित निर्णय प्रक्रियामा समेत निर्भर रहन्छ । कुनै पनि आधुनिक प्रहरी संगठनका लागि 'हामी के गर्दैछौं' भन्ने विषयभन्दा बढी 'हामी किन गर्दैछौं', 'अपेक्षित परिणाम के हुन सक्छ' र 'अझ प्रभावकारी बनाउन थप के गर्न सकिन्छ' भन्ने पक्ष महत्वपूर्ण हुन्छ । यही पक्षको व्यवस्थित, वैज्ञानिक र संस्थागत जवाफ खोज्ने माध्यम नै अन्वेषण हो ।

प्रहरी सेवाको सन्दर्भमा अन्वेषण भनेको Academic Research नभई सेवा प्रवाहको गुणस्तर, संगठनभित्रको मनोबल, अपराध प्रवृत्तिको अध्ययन, नीति परिमार्जनका लागि सुझाव प्रदान, प्रविधिको उपयोग, प्रहरीमा सुधारका क्षेत्र पहिचान लगायत नागरिकको विश्वास अभिवृद्धिसँग प्रत्यक्षरुपमा जोडिएको कार्य हो ।

**१. प्रहरी संगठनमा अन्वेषणको महत्व**

अन्वेषणलाई सामान्य अर्थमा नयाँ ज्ञान, नयाँ बुझाई वा समस्या समाधानका लागि गरिने व्यवस्थित अध्ययनका रूपमा बुझिन्छ । अमेरिकी समाजशास्त्री अर्ल रोबर्ट बाबीका अनुसार "अन्वेषण भनेको कुनै पनि विषयलाई वर्णन गर्न, थप व्याख्या गर्न, पूर्वानुमान गर्न र समस्याको समाधान गर्न गरिने व्यवस्थित अनुसन्धान हो" ।[1] मानिसको व्यवहार, प्रेरणा, संस्थागत संरचना, सार्वजनिक नीति र सेवाको प्रभावबारे प्रमाणमा आधारित विश्लेषण दिने हुनाले अन्वेषणको सामाजिक विज्ञानमा विशेष महत्व रहेको पाइन्छ । अपराध नियन्त्रण

१. Adventures in Social Research (1st Edition, Fred Halley)

तथा अनुसन्धान, ट्राफिक व्यवस्थापन, भिड व्यवस्थापन, सामुदायिक सम्बन्ध, प्रहरी कल्याण, वृत्ति विकास, मनोबल, प्रहरी कर्मचारीको मानसिक स्वास्थ्यको अवस्था लगायत प्रहरी कार्यका धेरैजसो पक्ष सामाजिक विज्ञानसँग कुनै न कुनै स्वरुपमा अन्तरसम्बन्धित हुन्छन् । त्यसैले प्रहरी अन्वेषणले केवल समस्याको वर्णन मात्र गर्दैन, समस्याको कारण, त्यसको प्रभाव र सुधारको व्यावहारिक बाटो पनि देखाउँछ।

विश्वका विकसित प्रहरी संगठनहरूले लामो समयदेखि अन्वेषणलाई संगठनात्मक विकासको केन्द्रीय आधारका रूपमा लिएका छन् । अमेरिकाको नेसनल इन्स्टिच्यूट अफ जस्टिसले अन्वेषणबाट प्राप्त परिणामका आधारमा प्रहरी परिचालन, सरोकारवाला निकायसँगको समन्वय तथा समुदायसँग संलग्न हुने प्रणाली सुधार गर्न मद्दत गरेको जनाएको छ।[२]

त्यस्तै बेलायतको कलेज अफ पुलिसिङले उपलब्ध प्रमाण प्रयोग गरेर प्रहरीको नीति, अभ्यास र निर्णय प्रक्रिया तर्जुमा गर्नुलाई Evidence-Based Policing मानेको छ।[३] यसको सारको रुपमा प्रहरी कार्य केवल अनुभव र परम्परागत अभ्यासमा मात्र आधारित नरही त्यसलाई परीक्षण, तुलना, नतिजा मूल्याङ्कन र सिकाइद्वारा निरन्तर परिमार्जन गरिनुपर्छ भन्ने बुझ्न सकिन्छ। नेपाल जस्तो आर्थिक, सामाजिक, भौगोलिक र प्रशासनिक विविधता भएको मुलुकका लागि यो दृष्टिकोण अझै सान्दर्भिक हुने देखिन्छ।

**२.नेपाल प्रहरीमा अन्वेषणको संस्थागत विकासक्रम**

नेपाल प्रहरीमा अन्वेषणको संस्थागत यात्रा उल्लेखनीय रहेको देख्न सकिन्छ । वि.सं. २०४४ सालमा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा स्थापना भएको अन्वेषण योजना शाखा समयक्रममा स्तरोन्नति हुँदै वि.सं. २०६६ मा अन्वेषण योजना निर्देशनालय र वि.सं. २०७५ को संगठन तथा व्यवस्थापन सर्वेक्षण पश्चात प्रहरी नायब महानिरीक्षकको नेतृत्व रहने गरी अन्वेषण, योजना तथा विकास निर्देशनालयमा विकसित भएको देखिन्छ । यसबाट नेपाल प्रहरीले सेवाप्रवाह, नीति निर्माण, रणनीतिक योजना र सुधारका आवश्यकतालाई प्रशासनिक अनुभवका साथै अध्ययन र प्रमाणको आधारबाट पनि बुझ्न थालेको देखिन्छ । यद्यपि यसलाई पूर्णतः अन्वेषणमा आधारित निर्णय प्रक्रियामा रूपान्तरण गर्न अझ धेरै संस्थागत लगानी, दक्ष जनशक्ति तथा प्रविधिको आवश्यकता रहेको छ।

२.https://nij.ojp.gov/perspectives-research-and-evidence-based-policing
३.https://www.college.police.uk/research/evidence-based-policing-EBP

प्रहरी संगठनभित्रको वास्तविकता बुझ्न आन्तरिक अध्ययनहरू अत्यन्त उपयोगी सावित हुन्छ । नेपाल प्रहरीमा तयार भएका विभिन्न अध्ययनहरूले संगठनको मेरुदण्ड मानिने आधारभूत तथा मध्यम तहका जनशक्तिको अनुभवलाई उजागर गरेको देखिन्छ । वि.सं. २०७९ सालमा गरिएको जुनियर प्रहरी अधिकृतहरू (प्रहरी सहायक निरीक्षकदेखि प्रहरी वरिष्ठ नायब निरीक्षक) को सेवाप्रतिको सन्तुष्टि सम्बन्धी अध्ययनमा ५७.३ प्रतिशतले भौतिक पूर्वाधार र सुविधाप्रति असन्तुष्टि व्यक्त गरेको देखाएको छ । ९३ प्रतिशतभन्दा बढीले प्रहरी सेवामा आबद्ध हुनुमा गर्व महसुस गर्ने जनाएको देखिन्छ । यसैगरी कार्य सन्तुष्टिको भाव सापेक्ष रूपमा सकारात्मक देखिए तापनि बढुवामा ढिलाई, न्यून तलब र सुविधा, जिम्मेवारी वितरणमा निष्पक्षताको अभाव तथा वृत्ति विकासमा अनिश्चितताले जुनियर प्रहरी अधिकृतहरूको उत्प्रेरणा प्रभावित गरेको देखिएको हुँदा संगठनमा प्रभावकारी आन्तरिक व्यवस्थापन हुनुपर्ने देखिन्छ ।[४]

वि.सं. २०७७ सालमा प्रहरी हवल्दार र जवानहरूको मनोबल सम्बन्धी अध्ययन भएको थियो । संगठनको ७८ प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने यो तहलाई नेपाल प्रहरीको मेरुदण्ड मानिन्छ । अध्ययन अनुसार ८३ प्रतिशतले नियमित साप्ताहिक बिदा नपाउने, ठूलो संख्याले दैनिक १२ घण्टाभन्दा बढी काम गर्नुपर्ने र पदोन्नतिमा ११ देखि १५ वर्षसम्म कुर्नुपर्ने स्थिति रहेको थियो । आर्थिक असुरक्षा, ऋणभार, परिवारसँग समयको कमी, कार्यबोझको असन्तुलन र पक्षपातको अनुभूति जस्ता कारणले मनोबलमा असर परेको अध्ययनमा उल्लेख गरिएको छ ।[५] प्रहरी सेवाप्रवाहको गुणस्तर नागरिकसँगको पहिलो सम्पर्कमा परीक्षण हुने र उक्त सम्पर्क यही आधारभूत तहले दिने हुँदा थकित, असुरक्षित, निरुत्साहित वा अन्यायको अनुभूति बोकेर काम गरिरहेमा संगठनको समग्र छवि पनि त्यसैबाट प्रभावित हुने जोखिम रहेको देखिन्छ ।

आजको अर्को चुनौती युवा पुस्तामा प्रहरी सेवाप्रतिको आकर्षण घट्नु पनि हो । वि.सं. २०७९ सालमा नेपाल प्रहरीमा युवा आकर्षणको अवस्था सम्बन्धी सर्वेक्षणले केवल ३७.९ प्रतिशत सहभागीले प्रहरी सेवामा प्रवेश गर्ने सकारात्मक सोच

४.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, सेवा प्रतिको सन्तुष्टि र कार्य सम्पादनमा प्रभाव पार्ने तत्वहरूः नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतहरू (२०७९)

५.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, नेपाल प्रहरीमा कार्यरत प्रहरी हवल्दार तथा जवानहरूको मनोबलको वर्तमान अवस्था, कारक तत्व तथा उत्प्रेरणा अभिवृद्धिका क्षेत्रहरू सम्बन्धी अध्ययन (२०७७)

राखेको देखाएको थियो । यसबाट भावी जनशक्ति पूर्ति, प्रतिस्पर्धात्मक भर्ना र पेसागत प्रतिष्ठासँग सम्बन्धी केही दृष्टान्त बुझ्न सकिन्छ। यदि सक्षम, शिक्षित, प्रेरित र प्रविधिमैत्री युवा प्रहरी सेवामा आउन कम इच्छुक भए भने भविष्यमा प्रहरी सेवाको व्यावसायिक क्षमता नै कमजोर हुन सक्छ। कम तलब, राजनीतिक हस्तक्षेप हुन सक्ने धारणा, वृत्ति विकासबारे अनिश्चितता तथा कल्याणकारी सुविधाको अपर्याप्तता; जागिर प्रति विकर्षणको प्रमुख कारणका रूपमा देखिनु गम्भीरतापूर्वक लिनुपर्ने विषय रहेको देखिन्छ । यसर्थ आगामी दिनमा भर्ना प्रणालीमा सुधार, पारदर्शी वृत्ति विकास, सेवा सुविधामा सुधार र पेसागत गौरव निर्माण गर्ने रणनीति तर्जुमा तथा कार्यान्वयन अपरिहार्य बनेको देखिन्छ।[६]

वि.सं. २०८२ सालमा ट्राफिक प्रहरी कर्मचारी सम्बन्धी अध्ययन भएको थियो । दैनिक १२ देखि १४ घण्टासम्म सडकमा उभिएर धुलो, धुवाँ, ध्वनि प्रदूषण र मौसमीय प्रतिकूलताबीच काम गर्ने ट्राफिक प्रहरीको स्वास्थ्य जोखिमलाई सामान्य प्रशासनिक समस्या मात्र मान्न नमिल्ने देखिन्छ । अध्ययनमा सहभागीमध्ये ८० प्रतिशतभन्दा बढीमा श्वासप्रश्वास, आँखा तथा श्रवणसम्बन्धी समस्या देखिएको उल्लेख छ । यसै गरी अझै पनि धेरै स्थानमा म्यानुअल ट्राफिक व्यवस्थापनमा निर्भर रहनु, पर्याप्त विश्रामस्थल, शौचालय, सुरक्षात्मक सामग्री र प्रविधिको कमी जस्ता सुधार गर्नुपर्ने पक्षको पहिचान भएको देखिन्छ। ट्राफिक प्रहरीको स्वास्थ्य, समयानुकूल उपकरण, ड्युटी सिफ्ट, स्मार्ट ट्राफिक लाइट, क्यामेरा र तथ्याङ्कमा आधारित प्रहरी परिचालनको व्यवस्था भएमा ट्राफिक व्यवस्थापन दिगो र प्रभावकारी बन्न सक्ने देखिन्छ।[७]

प्रहरी पोसाक सम्बन्धी गरिएको एक अध्ययनले पोसाक संगठनको अनुशासन, पहिचान र गरिमाका साथै कार्यसम्पादन, स्वास्थ्य र आत्मविश्वाससँग पनि सम्बन्धित रहेको जनाएको छ। अध्ययन अनुसार ४८ प्रतिशतले पोसाकको रङ उड्ने, गुणस्तर कमजोर हुने वा टिकाउ नहुने समस्या औंल्याएका छन् । यसका साथै तराईको तापक्रम र हिमाली क्षेत्रको चिसोका लागि एउटै प्रकृतिको पोसाक उपलब्ध गराइनु व्यवहारिक नभएको उल्लेख गरेको देखिन्छ। महिला प्रहरीका लागि लैङ्गिक-मैत्री डिजाइन, भौगोलिक अवस्था अनुसार फरक कपडा, गुणस्तरीय धागो र दीर्घकालीन उपयोगिता

६.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, नेपाल प्रहरीमा युवा आकर्षणको अवस्था (२०७९)

७.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, ट्राफिक प्रहरी कर्मचारीहरूको कार्यबोझ, सेवा प्रवाह तथा व्यवहार अध्ययन प्रतिवेदन (२०८२)

हेरेर पोसाक मापदण्ड पुनरावलोकन गर्नु संगठनात्मक गरिमासँग जोडिएको व्यावहारिक सुधारको पाटो रहेको देखिन्छ।[८]

यसैगरी आत्महत्या न्यूनीकरणको विषयमा गरिएको अर्को अध्ययनले आत्महत्याका धेरै घटनामा मानसिक तनाब, रोग, भावनात्मक दबाब र जीवन व्यवस्थापन सम्बन्धी समस्या रहेको उल्लेख गरेको देखिन्छ । प्रहरी पेसा स्वभावतः तनावपूर्ण, उच्च जोखिमयुक्त र सार्वजनिक उत्तर दायित्व बोकेको पेसा भएकोले यो विषय प्रहरी कर्मचारीहरूका लागि समेत संवेदनशील रहेको छ । प्रहरी सेवाभित्र मानसिक स्वास्थ्यलाई कमजोरीको रूपमा होइन, पेसागत सुदृढताको आधारका रूपमा स्वीकार गर्ने परिपाटि निर्माण गर्नुपर्ने समय आएको छ । नियमित मनोपरामर्श, गोप्य सहायता प्रणाली, तनाब व्यवस्थापन, परिवार-केन्द्रित सहायता र आत्महत्या न्यूनीकरणलाई अपराध तथा सामाजिक सुरक्षा नीतिसँग जोडेर हेर्ने दृष्टिकोण संस्थागत गरिनु आवश्यक देखिन्छ।[९]

नेपालमा सामाजिक सञ्जालको प्रयोग र साइबर अपराधबीच अन्तरसम्बन्ध विषयक अध्ययनले आगामी दिनमा तय गर्नुपर्ने रणनीतिक उपाय पहिचान गरेको छ। सामाजिक सञ्जालको विस्तारसँगै वित्तीय ठगी, सेक्स्टोर्सन, डिजिटल ब्ल्याकमेल र पहिचान दुरुपयोगजस्ता अपराधले नयाँ स्वरूप लिएको देखिन्छ। यस क्षेत्रमा विद्यमान कानुनी व्यवस्था, प्राविधिक स्रोतसाधन, अन्तरदेशीय समन्वय, डिजिटल फरेन्सिक क्षमता र जनचेतना जस्ता पक्षमा सुधार आवश्यक रहेको अध्ययनले देखाएको छ। परम्परागत अपराध अनुसन्धान क्षमताले मात्र पर्याप्त नभई डिजिटल प्रमाण सङ्कलन, खुला स्रोतमा उपलब्ध सूचना विश्लेषण, डाटा सुरक्षा, सामाजिक सञ्जाल प्लेटफर्मसँग समन्वय र नागरिकलाई डिजिटल साक्षरता प्रदान गर्ने उपाय समानान्तर रूपमा अघि बढाई साइबर अपराध अनुसन्धानलाई केन्द्रबाट प्रदेशस्तरसम्म सुदृढ गर्नुपर्ने देखिन्छ।[१०]

### ३. अन्वेषणमा आधारित आगामी मार्गचित्र

माथिका केही दृष्टान्तबाट नेपाल प्रहरीमा अन्वेषणको अभ्यास सुरु भइसकेको र थप संस्थागत संस्कृतिमा रूपान्तरण हुन आवश्यक रहेको देखिन्छ । बजेटको

८.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, नेपाल प्रहरीमा विद्यमान पोसाकको प्रयोग तथा परिमार्जन सम्बन्धी अध्ययन प्रतिवेदन (२०८२)

९.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी शोध अध्ययन प्रतिवेदन (२०८१)

१०.नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय, नेपालमा सामाजिक सञ्जालको प्रयोग र साइबर अपराधबीच अन्तरसम्बन्ध अध्ययन (२०८२)

सीमितता, दक्ष अन्वेषणकर्ताको कमी, वैज्ञानिक लेखन तथा तथ्याङ्क विश्लेषण क्षमताको अभाव, प्रविधिको न्यून प्रयोग र अनुसन्धानबाट आएका निष्कर्षलाई नीति तथा व्यवहारमा अपेक्षाकृत रूपान्तरण गर्ने परिपाटी कार्यान्वयन पक्षको प्रमुख चुनौती रहेको छ। अन्वेषण प्रतिवेदनलाई निर्णय प्रक्रियाको अनिवार्य आधार बनाई विभिन्न विश्वविद्यालय तथा अनुसन्धान संस्थाबीच स्थायी रुपमा सहकार्यको संरचना विकास गर्नु अत्यन्त आवश्यक रहेको देखिन्छ।

कर्मचारी मनोबल, वृत्तिविकास र कल्याण, सामुदायिक प्रहरी सेवाको प्रभावकारिता, साइबर सुरक्षा, ट्राफिक व्यवस्थापन, सहरी सुरक्षा, लैङ्गिक समानता, विपद् व्यवस्थापन, मानसिक स्वास्थ्य तथा प्रविधिमा आधारित सार्वजनिक सेवा लगायत प्रहरी कार्यका विविध क्षेत्रमा आगामी दिनमा नियमित रुपमा अध्ययन गर्न सकिन्छ । यसका अलवा Evidence–Based Policing लाई नीति, तालिम, मूल्याङ्कन र नेतृत्व विकासको सिद्धान्त बनाई कार्यसम्पादन मूल्याङ्कनलाई पारदर्शी बनाउने, सरुवा र बढुवालाई अनुमानयोग्य बनाउने, ड्युटीमा निश्चित अवधिको मात्र सिफ्ट प्रणाली लागु गर्ने, स्वास्थ्य र प्रहरी कल्याणलाई प्राथमिकता दिने र अनुसन्धानमूलक योजनाको कार्यान्वयनको स्तरलाई पुरस्कार तथा प्रोत्साहनसँग जोडेर नेपाल प्रहरीलाई अझ आधुनिक र थप विश्वसनीय संस्थाका रूपमा स्थापित गर्न सकिन्छ।

अतः प्रहरी संगठनमा अन्वेषणलाई प्रहरी कार्य सम्बन्धी विविध क्षेत्रको आत्ममूल्याङ्कन गरी आवश्यक सुधारलाई संस्थागत बनाउने सेतुको रुपमा उपयोग गर्नुपर्ने देखिन्छ। प्रहरी सेवाप्रवाहको परिणामले जनविश्वास प्राप्त हुने हुँदा नेपाल प्रहरीमा अन्वेषणलाई पूरकको रुपमा मात्र सीमित नसोची मूलधारको प्रहरी कार्यको रुपमा अगाडि बढाउँदा उपयुक्त हुने देखिन्छ । त्यसैले आगामी दिनमा अध्ययन, तथ्य, विश्लेषण र सुधार को चक्रमा निरन्तरता भएमा प्रतिक्रियात्मक पद्धतिबाट सक्रिय, सुधारमुखी र प्रमाणमा आधारित व्यावसायिक संस्थामा रूपान्तरण भई थप उत्तरदायी र अपेक्षाकृत प्रहरी सेवा प्रवाह गर्न सक्ने अवसर रहेको छ।

समाज समयसँगै परिवर्तनशील हुने हुँदा नागरिकका अपेक्षा पनि सोही अनुसार परिवर्तन हुन्छन्। समाज र समयसँगै नागरिकका आकांक्षाहरू पनि बदलिँदै जान्छन् । राज्यको प्रत्यक्ष उपस्थितिको प्रमुख प्रतीक प्रहरी नै भएकाले, यस परिवर्तनशील युगमा अनुसन्धान तथा अन्वेषणको क्षेत्रमा नागरिक मैत्री सेवा प्रदान गर्न प्रहरीले सार्थक र दृढ पहल गर्नु अपरिहार्य छ। ♦♦♦

# बिसु पर्वको शुभकामना



✍ **दीपा भट्ट जोशी**

एकता र सद्भावको पर्व हो बिसु । नयाँ वर्षको पहिलो दिन अर्थात् वैशाख १ गते । हाम्रो मान्यताले भन्छ महिनाको पहिलो दिन र वर्षको पहिलो दिन (सङ्क्रान्ति) सुखद् र हर्षोल्लासका साथ बित्यो भने पूरै महिना र त्यस्तै पूरै वर्ष राम्रो, सुखमय, फलदायी बित्छ। यसै धारणालाई आत्मसात गर्दै हामी सबैले आ-आफ्नो क्षमता अनुसार नयाँ महिना र वर्षलाई स्वागत गर्ने गर्छौं। संस्कृती र परम्परामा उचित दखल राख्ने प्रवृत्तिले नै होला सुदूरपश्चिम र कर्णालीका बासिन्दाले आफूले मान्दै आएका चाँडबाँडको उचित तवरले स्वागत गरेको पाइन्छ।

हामी सबै नेपाली नयाँ वर्ष मनाउछौ। सबैको मनाउने तरिका अवश्य पनि फरक हुन्छ नै। सुदूरपश्चिममा बिसु पर्वलाई विशेष महत्वका साथ मनाउने गरेको पाइन्छ । यतिखेर नयाँ उत्पादित अन्न जौ, गहुँको बाला लगेर मन्दिरमा पहिलो अन्न भनि चढाउने चलन छ । त्यसपछि मात्रै घरमा नयाँ गहुँको रोटी, पुरी पकाइन्छ। मन्दिरहरूमा गएर पूजा अर्चना गर्ने, मिठो पकवान पकाउने, आफ्ना छोरी चेलीलाई डाक्ने, रमाईलो गर्ने जसले चाडँबाडँको मान भरम राखेको भनेर बुझिन्छ । चाडपर्वलाई स्वागत गरे भने ती पर्वहरूले हामीलाई शुभाशिष् दिन्छन् भन्ने मान्यताको बलियो पकड सुदूरपश्चिम समाजमा आज पनि देख्न सकिन्छ। प्रत्येक सङ्क्रान्तिमा दैलो पोत्ने (खलो लिप्ने), बास उठाल्ने (मिष्ठान्न पकवान) गतानी डुब्का (गहत र मासको दालले बन्ने दाल) निसोसे (चामलको पिठो ,नौनी, सखखर) बाट बन्ने यी अद्भुत र पौष्टिक परिकार जसले सुदूरपश्चिमको पहिचानलाई थप बल पुऱ्याएको मानिन्छ। कुलदेवताको पूजा गर्नु, स्थानीय मन्दिरमा गएर पूजा अर्चना गर्ने परम्पराले वातावरण नै रमणीय र सकारात्मक उर्जाको प्रवाहले रङ्गिएको आभास हुन्छ।

धेरै ठाउँमा यस दिन ठूलो मेला लाग्ने गर्छ। जस्तै खप्तड मेला बझाङ, शैलेश्वरी मेला डोटी, उग्रतारा, घटाल बाबाको मेला डडेल्धुरा जहाँ देवताको विशेष पूजा पश्चात् धमारी, देउडा, झोडो

(देवताको पौराणिक धार्मिक गाथा, जस भित्र स्थानीय देवताको उत्पत्ति, इतिहास, वीरगाथा, स्तुतिहरूको बयान पाइन्छ) झोडोले देवता र मानिसबिचको सम्बन्धलाई सङ्गीतका माध्यमबाट जोड्ने काम गर्छ। देउडामा हाँसो ठट्टा हुन्छ भने झोडो गम्भीर र मर्यादित हुन्छ। यसैगरी सिस्नोलाई शरीरमा लगाउनु पर्ने अद्‌भुत चलन पनि त्यहाँ देख्न पाइन्छ। नाइटोमा सिस्नो लगाएमा वर्ष भरिनै शरीरमा पाचन प्रक्रिया दुरूस्त रहन्छ र छाला सम्बन्धी रोगबाट मुक्ति पाइन्छ भनि उक्त दिन पेट लगायत शरीरको अन्य भागमा सिस्नो लगााउने चलन छ।

शरीरमा रक्तसञ्चार बढोस् र आलस्यता भागोस् भनेर पनि सिस्नु लगााउनु पर्छ भन्ने गरिन्छ। जाडोमा गरिएको खानपानले शरीरमा विष प्रवाह भइरहेको छ भन्दै सिस्नोले उक्त विषादलाई शरीरबाट हटाउँछ भनि विष पखाल्ने भनेर सिस्नो लगाउनुपर्ने मान्यता समाजमा देख्न सकिन्छ। देवर, भाउजू, नन्दहरूले एकआपसमा सिस्नोले हान्ने, रमाइलो गर्ने चलनले माया प्रेमलाई दर्शाएको छ। सिस्नो लगााउनुमा फरक मान्यता देखिए पनि, यसले शरीरमा औषधीय थेरापीको (उपचार) काम गर्ने मानिन्छ। साँझपख देउडा खेल मार्फत् सुख दुःखका गीत लय हालेर भन्ने गरिन्छ।

वैशाख १ लाई सबैले आ-आफ्नो तरिकाले नाम दिएर मनाउँछन्। नेपालको तराई (मैथिली समुदायमा) यस दिन जुडशितल (शिरूवा पावैन, जुरी शितल) अर्थात् आउने गर्मीले दुःख नदेओस् भनेर घरको जेष्ठ सदस्यले सानालाई शिरमा पानी छर्केर आशीर्वाद दिने चलन छ। त्यस्तै देशको अन्य भेगमा पनि आफ्नो रीतिथिती अनुसार बिसु मनाउने गरिन्छ। विशेषतः घरको सरसफाइ, नयाँ लुगा लगाउने, केही विशेष पकवान, मन्दिरमा पूजा आराधना गरेर आउदो वर्ष सुखमय होस् भनि कामना गर्ने गरिन्छ।

भारतको आसाममा विहु (विगु), पंजाबमा वैशाखी भनेर भव्य तबरले मनाइन्छ। कुमाऊँ गडवालमा बिसुको नामले उक्त दिनलाई स्वागत गरेको पाइन्छ।

परदेश धन कमाउन गएका हाम्रा दाजुभाइहरू पनि यस दिनको विशेषताले नै सकेसम्म बिसु मनाउन घर फर्किन्छन्।

यहाँ मैले डेउडाका केही भाकाहरू राख्ने जमर्को पनि गरेकी छु। के भनिन्छ त डेउडामा :

**रमाउदो मन हाम्रो घुम्दा गोलो घेरा**
**मायाप्रीति साट्दै खेलु बिसुको फेरा॥**
**नाँच्दा सबै गाउँदा सबै रातैभरि हाँसी**
**डेउडा जित्ने रहर छ ठूलो स्वरैले बाँसी(बोल्नु)॥**
**जीत हार के हेद्दा छौं रमाइ खेल्नु ठूलो**
**परदेशी भाइ धित मारी खेल्ले भया पैतलो॥**

परम्परा र चालचलन आ-आफ्नै हुन्छन् । ठूलो कुरा हो यिनीहरूलाई हरेक पुस्ताले जीवित राख्न सक्नु । आजको व्यस्त जीवनशैलीमा आमाबुबासँग बस्दा पनि फुर्सद नभएको निहुँमा जिम्मेवारीबाट पन्छिने प्रवृत्ति बढ्दै गएको छ ।

तसर्थ संस्कार र परम्परा जीवित राख्न सक्नु पनि कुनै ठूलो धन आर्जन भन्दा कम होइन । आफूले जे सक्छौ, जति सक्छौ त्यसरी नै परम्परा र रीतिरिवाजलाई जीवित राख्ने प्रयास सबैबाट हुनु आवश्यक छ । यिनै हाम्रा पहिचान हाम्रा धरोहर हुन, सुख र समृद्धिका आधार हुन् । ♦♦♦

कविता

# नारी

✍ **श्रीहरि के.सी.**



नारी कोमल मनको खानी हो ।
नारी कोमल हृदयको रानी हो ।

नारी कोमल विम्बको प्रतीक हो ।
नारी शान्त, शुभ्र र स्निग्ध हो ।

नारी सन्तानको पालनपोषक हो ।
नारी नाबालकको जीवनदाता हो ।

नारी असहाय र असक्षमको संरक्षक हो ।
नारी महान आर्दशको स्तम्भ हो ।

नारी समाजको आधारशिला हो ।
नारी शक्ति हो, नारी देवी हो ।

नारी धैर्यता र सहनशिलताको मुहान हो ।
नारी उर्जा र प्रेरणाको स्रोत हो ।

नारी मायाको खानी हो ।
नारी बहुआयामिक प्रतिभा हो ।

# प्रहरी सुरक्षा, भरोसाको आधार



✍ प्रल्हाद दाहाल

प्रहरी भनेको शब्द मात्र होइन, यो आम जनतामाझ विश्वास, सुरक्षा र आत्मबलको प्रतीक हो । प्रहरी देख्दा आम नागरिकको मनमा स्वाभाविकै सुरक्षा र आत्मविश्वासको अनुभूति हुन्छ । तर कहिलेकाहीँ आवश्यकता पर्दा प्रहरी ढिला आउँदा वा नआउँदा मानिसहरूमा डर, त्रास र अनेकौं भावना खेल्छ। यस्तो बेला आम जनताले आफैंले आफैंलाई अनेक प्रश्न सोच्छन् , "मलाई केही त हुँदैन?" "के म सुरक्षित छु ?" तर प्रहरी कहिल्यै आफ्नो कर्तव्यबाट पछि हट्दैन । आफ्नो ज्यान जोखिममा राखेर पनि जनताको सुरक्षा गर्ने प्रतिबद्धता प्रहरीहरूको महान् गुण हो ।

नेपालको इतिहास प्रहरीको बहादुरी र समर्पणले भरिएको छ। २०४६ सालको जनआन्दोलनमा, जहाँ जनताको आन्दोलन नियन्त्रण गर्न खटिएका प्रहरीहरूले आफ्नो जीवन गुमाए । उनीहरूको बलिदान हामीले सधैं सम्झनु पर्छ। तर सधैं यस पक्षलाई समाजले पर्याप्त महत्व दिएको छैन। आन्दोलनमा सहभागी नागरिकहरू घाइते वा ज्यान गुमाउँदा प्रहरीको बलिदान पनि समान रूपमा सम्मानको पात्र हो भन्ने कुरा कहिल्यै भुल्नु हुँदैन । सशस्त्र द्वन्द्व होस् या ६२-६३ को आन्दोलन होस् नेपाल प्रहरी नै अग्रपंक्तिमा खटिएका थिए। त्यसबेला पनि धेरैले ज्यान गुमाए, केही घाइते पनि भए। २०८२ को जेन्जी आन्दोलनमा पनि प्रहरीहरूले कुटाइ, चोटपटक र मृत्युको सामना गर्दै आफ्नो कर्तव्य पूरा गरे। त्यसैगरी कोभिड-१९ को महामारीको बेला मानिसहरू घर बाहिर निस्किन सक्दैनथे तर प्रहरी भने दिनरात सडक मै सेवा प्रदान गरिरहेका देखिन्थे। आर्यघाटमा मृत्युवरण गरिरहेका आम जनताका परिवारले आफ्नो प्रियजनलाई छुन नपाउँदा समेत प्रहरीले दाह संस्कार गरी जनताको हितलाई पहिलो प्राथमिकता दिएका थिए।

प्रहरीले प्राकृतिक विपद्, बाढी, पहिरो, भूकम्प, आगलागी र अन्य संकटपूर्ण अवस्थाहरूमा देखाएको साहस, धैर्य र जिम्मेवारी अत्यन्तै प्रशंसनीय छ । यस्तो अवस्थामा आफ्नो ज्यान जोखिममा राखेर आम नागरिकको जीवन, धन र सामाजिक शान्तिको सुरक्षा गर्नु नेपाली

प्रहरीको अद्भूत साहस र समर्पण हो । यसले देखाउँछ कि प्रहरी केवल आदेश पालन गर्ने व्यक्ति मात्र होइनन्, उनीहरू जनताको भरोसा र सुरक्षा प्रणालीको मूल आधार हुन् ।

कहिलेकाहीँ प्रहरी संगठनभित्र पनि केही प्रहरी कर्मचारीहरूको नकारात्मक व्यवहार र कार्यले नागरिकहरूमा प्रहरीलाई हेर्ने दृष्टिकोण केही फरक पाइएको छ तर एक दुई जना कर्मचारीले गरेको नराम्रो कार्यलाई हेरेर हामीले पूरै संगठनलाई नराम्रो भन्न मिल्दैन । हामीले त्यस्ता नराम्रा कार्यहरू विरुद्ध आवाज उठाई प्रहरी संगठनलाई मार्ग निर्देशन गर्न सक्छौ । हाल प्रहरी संगठन भित्र कुनै कर्मचारीले गल्ती गर्दा कारबाही गरी सुधारात्मक कदम चाल्नु पनि प्रहरीको अर्को उदाहरणीय पक्ष हो ।

विश्वमा नेपाल प्रहरीको अनुसन्धान क्षमता, अपराध पत्ता लगाउने दक्षता र रणनीति अत्यन्त प्रशंसनीय छ । वर्षौंसम्म लुकेर बसेका अपराधीलाई प्रहरीले पक्राउ गरी न्यायालयमा उपस्थित गराएको घटनाहरूले प्रहरी सक्षम, सबल र जनताको सेवामा समर्पित छ भन्ने कुरामा दुइमत छैन । प्रहरीले सधैं आफ्नो परिवार, आफ्ना आफन्त र आफ्नै जीवनलाई जोखिममा राख्दै देशभरका विभिन्न कठिन परिस्थितिमा पनि निरन्तर लागि परिरहेका छन् । उनीहरूले आफ्नो खाना, निन्द्रा, चाडपर्वको आनन्द, परिवारसँगको समय सबै त्यागेर पनि नागरिकको सुरक्षा र सेवामा पूर्ण समर्पण भइरहेका छन् । निर्वाचन, परीक्षा, ठूलो जमात वा विशेष कार्यक्रमहरूमा प्रहरी उपस्थित हुँदा नागरिकहरू ढुक्क भई आत्मविश्वासका साथ आफ्ना काम सम्पन्न गर्ने गर्दछन् । यही बलिदान र समर्पणको मूल्याङ्कन गर्दा हामीले बुझ्नुपर्छ कि प्रहरीको काम केवल कर्तव्य होइन, यो राष्ट्रिय सेवा, सम्मान र निष्ठाको प्रतीक हो ।

हामीले प्रहरीलाई केवल आलोचना वा गाली गलौजको दृष्टिले मात्र नहेरी उनीहरूको कर्तव्य र योगदानको उच्च सम्मान गर्नुपर्छ । कमिकमजोरी देखिएमा सुधारका उपायमा ध्यान दिनुपर्छ। प्रहरीका यी मूल्यवान् गुणहरू र उनीहरूको बलिदानले देशको सुरक्षा, शान्ति र सामाजिक स्थायित्व सुनिश्चित गरेको छ । हाम्रो प्रहरी सधैं जनताको पहरेदार, सधैं हाम्रो विश्वासको आधार, सधैं हाम्रो सुरक्षा र सधैं हाम्रो आत्मबलको स्रोत बनेर बसेको छ । साथै, हामीले प्रहरीका परिवारलाई पनि सम्मान दिनु पर्छ । जसले आफ्ना आफन्तलाई घरमा छोडेर देशको सेवामा समर्पित गरिरहेको छ। ती परिवारले सबै किसिमका दुःख र सुख आफ्नै तरिकाले भोग्दै, चाडपर्व, उत्सव र व्यक्तिगत जीवन छोडेर पनि राष्ट्रिय सेवामा समर्थन र

बलिदान दिइरहेका छन् । हामी सबैले नेपाली प्रहरी र उनीहरूको परिवारको यो साहस, समर्पण र निष्ठालाई सधैं स्मरण गर्दै सम्मान गर्नुपर्छ । उनीहरू सधैं हाम्रो सुरक्षा र शान्तिको आधार बनेका छन् र बनिरहनु पर्दछ । ♦♦♦

लघुकथा

# व्यावसायिक कृषि



✍ **रामप्रसाद धिताल**

धेरै वर्षपछि मावली पुगेको थियो विवेक । मामा श्यामप्रसाद त व्यावसायिक कृषिमा लागेका रहेछन् । काउली बजारमा पठाउने तयारी हुँदै थियो । छिप्पिएका पात हटाएर धमाधम गाडीमा राखिँदै थियो ।

यसरी फ्याँकिएका पातचाहिँ सहयोगीले मल खाल्डामा हाल्यो । ‘यी सबै पात किन मल खाल्डोमा हालेको होला ?’, विवेकको मनमा प्रश्न उठ्यो । तर अरु मानिस पनि भएकाले सोधिहाल्न सकेन ।

बेलुकीको खाना तयार भयो । धेरै समयपछि आइपुगेका भाञ्जाका लागि राम्रै मेजमानी थियो । तरकारीका थरीथरीका परिकार बनेका थिए । तर थालमा काउलीको एक टुक्रा पनि थिएन ।

‘माइजू, बारीमा त्यत्रो काउली फलेको छ । तर भाञ्छामा त्यसको तरकारी छैन’, विवेकले अचम्म मान्दै भन्यो’, दिउँसो पनि काउलीका सबै पात मल खाल्डामा हालेको देखेँ । गाईबस्तुले खान्थे होला ।’

भाञ्जाको कुरा सुनेर मामामाइजू दुवै मुसुमुसु हाँसे । मामाले उसलाई खाना खान इशारा गरे । आफू पनि थाल तानेर खान शुरु गरे ।

‘कुरा के भने नि भाञ्जा बाबु, अचेल अत्यधिक रासायनिक मल र विषादी प्रयोग नगरी राम्रो उत्पादन नै हुँदैन’, माइजूले भनिन्, ‘बजारमा आकर्षक देखिएन भने बिक्दै बिक्दैन । अनि त्यस्तो विषादी प्रयोग गरेर फलाएको तरकारी आफूले खान हुन्छ त ? गाईबस्तुलाई खुवाउन हुन्छ त ?’

संस्मरण // अनुभूति

# बारीको पाटामा त्यो भतेर, ब्यङ्क्वेटको हलमा यो 'बफे'



✍सीताकुमारी न्यौपाने धिताल

बारीको ठूलो पाटो । माटोको डिललाई आसन बनाउँदै टुक्रुक्क बसेका छौँ, हामी। हामीजस्तै बसेका छन्, गाउँका २००-२५० मानिस । शुरुमा धोतीपाटा फेरेका (ब्राह्मणहरू), त्यसपछि अलि उमेरले पाका, त्यसपछि युवा । अनि हामीजस्ता भारेभुरे (केटाकेटी) । पुरुष र महिलाको छुट्टै पंक्ति छ। खानेकुरा बाँड्न सजिलो हुन्छ भनेर फराकिलो गरी दुई पंक्ति बनाइ बसाइएको छ।

शुरुमा आइपुग्छ सालले बनेको पातको हरियो टपरी । बाँड्न खटिएका छन्, तीन जना। उनीहरू प्रत्येकको अगाडि टक्क-टक्क राखि दिँदै अगाडि बढ्दैछन् । त्यत्रो मानिसलाई बाँड्न समय लाग्ने नै भयो । कतिपय टपरी हातमा पर्ने बित्तिकै धुलो लागेको छ कि भनेर हातले पुछपाछ गर्दैछन् । कोही पात प्वाल परेको पो छ कि भनेर जाँच गर्दैछन्। कोही पात गाँस्न प्रयोग भएको सिन्का निस्किएर भातमा पर्ने हो भनेर भित्र कोच्दैछन्। कोही हातमा बोकेर घुमाउन लागि परेका छन्। 'खानेकुरा हालिदिन किन ढिलो गरेका होलान्', घाँटी तन्काएर हेर्छौं । केही पत्तो लाग्दैन। टपरी अगाडि राखिएको करिब २० मिनेटपछि बल्ल आइपुग्छ, भात । भातबाट बाफ आउँदै रहेछ। दुई चोइली परे मेरा भागमा। अब तरकारी दाल अचार कतिखेर आइपुग्ने हो थाहा छैन । टपरी बाँड्नेदेखि भात-दाल-तरकारी-अचार हालिदिने सबै परिचित अनुहार हुन् । गाउँकै हजुरबुबा, काका र दाइ नाता पर्ने।

भोकले व्याकुल भएका छौँ । टपरीको बिट दुवै हातले समातेर भातको बाफ उडेको हेर्दैछौं। कतिखेर दाल आइपुग्ने हो, कतिखेर तरकारी-अचार ? अनि कहिले खान शुरु गर्ने, हरे ! केही बेरमा दाल बाँड्दै आइपुग्छन् । डाडुले भाँडोबाट झिक्दै हालिँदिँदै गर्छन्। दाल हालेपछि जाँच गरैं। कतै भात नभई भुइँ पो भिज्यो कि ! नभन्दै कतिपयको टपरीमा हालेको दालको केही अंश भुइँमा पुगिसकेको रहेछ। अब प्रतीक्षा छ, तरकारी र अचारको । ती दुई परिकार आए बल्ल गाँस मुखमा लग्न पाइन्थ्यो । त्यस्तै प्रतीक्षा गर्दागर्दै तरकारी आइपुग्यो । झोलसहित एक टुक्रा काउली र दुई टुक्रा

आलु भागमा परेको छ । प्रतीक्षा गर्दागर्दै भातबाट बाफ आउन छाडिसक्यो । अब खान शुरु गर्‍यौँ । खाँदै गर्दा अब मासुको पालो आइपुग्यो । मासु बाँड्दै आइपुगे एक दाजु । मासु त के भन्नु मासुको रस । चोक्टा त एउटा मुस्किलले पर्‍यो ।

'भात चाहियो', 'तरकारी हालिदिनू', 'अचार नदिने ?', 'मासु खै मासु ?', 'एकछिन् कुरौँ', 'आउँछ-आउँछ', माग्ने र बाँड्नेको होहल्ला छ । ठूलालाई बाँडेर भ्याएका छैनन् । हामीजस्ता सानाको आवाज उनीहरूको कानमा कहिले पुग्ने ! भात थपेपछि भिजाउनलाई दाल-तरकारी थप्नु पर्‍यो । तर त्यसका जिम्मा लिएकाहरूले सुने पो ! उनीहरूले कतिका कुरा सुनुन्, बाँडेर भ्याएका छैनन् ।

तीन दशकअघिको बिहे भोजको सम्झना गर्दैछु । यस्ता हुन्थे, गाउँघरमा विवाह-व्रतबन्ध जस्ता उत्सवमा गरिने भोज । त्यो वेला अहिलेजस्तो भाँडाकुँडा कहाँ पाउनु ! सीमित हुन्थे । सबैसँग हुँदैनथ्यो । भएकासँग मागेर ल्याइन्थ्यो ठूला भाँडा । गाउँका सबैलाई खुवाउन कहाँ पाउनु, थाल कचौरा । टपरी-दुनाको प्रयोग हुन्थ्यो । भोजका लागि गाउँभरिका महिला वनबाट सालको पात ल्याउँथे । बिहेघरमा गोलाकार भएर गाँस्थे । जग्गेमा प्रयोग हुनेदेखि भोजसम्मका लागि प्रशस्त दुना-बोहता-टपरी गाँस्थे । भोजमा मात्र नभई बिहे-व्रतबन्ध घरमा आउनेलाई सेल कसरा र चिउरा हालेर दिन पनि टपरीकै प्रयोग हुन्थ्यो ।

भतेरकै लागि भनेर बाँसका मान्द्रा बनाइएको हुन्थ्यो । यस्ता मान्द्रा गाउँघरमा धानको भकारी बनाउन प्रयोग हुन्छ । बिहे भोजमा भाँडोमा भात पकाउँदै यी मान्द्रामा खनाउँदै गरेर चुली बनाइन्थ्यो । तरकारी, दाल र मासु पाकिसकेपछि त्यहाँको भात भाँडामा हाल्दै बाँडिन्थ्यो । भुटेका (फ्राइ) तरकारी खासै हुँदनथे । काउली-आलु होस् वा साग-आलु सबै रस हालेका हुन्थ्यो । मासु पनि त्यसैगरी रस हालेर नै बनाइएको हुन्थ्यो । तरकारी पनि साना भाँडामा लिएर बाँडिन्थ्यो । अलि हुनेखानेले दही पनि राखेका हुन्थे ।

दाल र तरकारीको रस चुहेर माटोमा मिल्थ्यो तर पनि ती खानेकुरा स्वादिला हुन्थे । गाउँको स्वच्छ हावापानीमा फलेका अन्न तरकारी, मूलको पानी, दाउराको आगोमा पाकेका खानेकुरा आहा! स्वाद नै बेग्लै । गाउँका घाँस जडिबुटी खाएर बढेका खसीबोकाको मासुको रस नै सही जिब्रोमा झुण्डिने हुन्थे । बारीको पाटामा बसेर टपरी लिएर भात, भातपछि तरकारी-दाल-मासु कुर्नु नै परोस्, सकिएर माग्दा धेरै बेर सुनुवाइ नहोस् वा बाँड्नेले अनुहार हेरेर भेदभाव गरेर खानेकुरा देओस्, तर त्यसको मजा नै बेग्लै । मान्द्रामा चुली पारेको भात

चिसो भए पनि तातो दाल र तरकारीको रस तातो बनाइहाल्थ्यो । कतै दाल नै नभेटिने दाल र कतै मुड्कीजस्तो दाल, कतै तरकारीका चोक्टा नभेटिने तरकारी । गाउँमा छँदा दुई दशक अघिसम्म यसरी खाएका भोजको स्वाद सम्भिन्छु । ती दिन सम्भेर 'नोस्टाल्जिक' हुन्छु । एक डाडु भोलमा आइपुगेको काउलीका बडेमानको थुंगा । अनुरोध गरेर भागमा परेका ती मासुका दुई चोक्टा आहा ! स्वाद अभै मुखमै भुण्डिएको छ ।

त्यो भतेरको सबैभन्दा ठूलो र महत्वपूर्ण कुरा थियो, गाउँले दाजुभाइ र छिमेकीको जमघट । भोजका लागि सामूहिकता निकै महत्वपूर्ण हुन्थ्यो । भोजका लागि आवश्यक भाँडाकुँडाको जोहो, पात गाँस्न र मान्द्रो बुन्ने, खाने कुरा बनाउने र बाँड्ने जिम्मा समाज वा समुदायको सहयोगविना सम्पन्न हुँदैनथ्यो । गाउँमा भोजभतेर छ भनेपछि बितेको कामबाहेक सबै छोडेर मानिस सघाउन आइपुग्थे । बिहे घरमा नपुगेको दूध, दही र घिउ दाजुभाइ, छिमेकीले ल्याइदिन्थे । त्यसरी तयार भएको खानेकुरा सानादेखि ठूलासम्म एउटै थलोमा बसेर एकैपटक खानु पनि एउटा अवसरकै रूपमा हुन्थ्यो । उत्सव नै हुन्थ्यो ।

बिहेको ठूलो भोजअघि पूर्वाङ्ग अर्थात् कसार बाट्ने दिन बेहुला बेहुली दुवैका घरमा भोज हुन्थ्यो । त्यसदिन पूर्वाङ्ग कर्म सकिएपछि दाजुभाइ र छिमेकीलाई घरमै खाना खुवाइन्थ्यो । बेहुलाको घरमा खुवाइएको भोज 'बेहुला भोज ।' बेहुलीको घरमा खुवाइने भोज 'बेहुली भोज ।' अभ पहिले-पहिले त रातिको विवाह हुने भएकाले अपराह्न गएका बेहुला जन्तीले खसी अघि लगाएर जान्थे । बेहुलीको घरमा तयार भएको भतेर बेलुकी खान्थे । भोलिपल्ट फर्किने वेला आफूले अघिल्लो दिन लगेको खसीको मासुसहितको भतेर खान्थे । यसलाई जन्ते बाखो भनिन्छ ।

अहिले सहरका पार्टी प्यालेस र ब्याङ्क्वेटमा हुने बिहे, व्रतबन्ध, पास्नी वा जन्मदिनका भोजमा पुगेकी छु । टेवल थरीथरीका खानेकुराले सजिएका हुन्छन् । पकाउने क्रममा जस्तो भए पनि बाहिरबाट सफा देखाइएको हुन्छ । शुरुमा अनेक रंगका जुसबाट शुरु हुन्छ पार्टी । अचेल त शुरुमै मःम, सेकुवाजस्ता परिकारबाट 'एन्ट्री' । पुलाउ, तरकारी, माछा र मासुका अनेक प्रकार, सलाद र अन्त्यमा 'डिजर्ट' । के प्रौढ, के केटाकेटी ! आफैँ खान सक्षम सबैले प्लेट, चम्चा र नेपकिन समात्यो, लाइन लाग्यो, आफूलाई कति खान मन लाग्छ, लियो । कुनचाहिँ रुच्छ, त्यही बढी हाल्यो । न कसैको रोकतोक ! न ढिलासुस्ती । हितैषीको समूहमा बस्यो ।

कुर्सीमा बसेर टेबुलमा राखेर गफिँदै खायो। पटक-पटक 'नेपकिन'ले मुख र हात पुस्दै फाल्दै गऱ्यो।

थप खानेकुरा खान मन छ, कसैले हालिदेला भनेर कुरिरहन परेन। मागिरहन परेन। फेरि गयो। चाहिएका सामग्री थप्यो ल्यायो। माग्न नसकेर वा लाज लागेर खान पाइनँ भन्न परेन। यत्ति हो, धेरै खाँदा कसैले 'कति खञ्चुवा/कति खञ्चुवी' भन्लान् भन्ने संकोच मात्र। खाने मात्र होइन कतिले त माछा-मासुका परिकार झोलामा हालेर घर लगेको पनि देखिन्छ सामाजिक सञ्जालमा (भिडियो मात्र बनाएको हो कि !)।

यो त भयो सहरका कुरा। अचेल गाउँमा पनि हराइसक्यो, बारीको पाटामा हुने भतेर। अचेल सम्भव भएसम्म विवाह-व्रतबन्ध नजिक पर्ने सहरका पार्टी प्यालेस, ब्याङ्क्वेटमा गर्ने चलन छ। भनेजति पैसा तिरेपछि भोजको जिम्मा सबै उसैले लिन्छ। गाउँमै गर्नेले पनि छिमेकमा रहेका टेबल-कुर्सी-खाट जोडेर बफे पार्टीको झल्को दिने गरेका छन्। पहिलेको तुलनामा मानिस समृद्ध भएका छन्। भाँडाकुँडाको जोहो गर्न सक्ने भएका छन्। कतिपयले गाउँटोलमा समूह बनाएर भाँडाकुँडाको जोहो गरेका हुन्छन्। समूहका जसलाई पऱ्यो भाँडाकुँडा निकाल्यो काम चलायो।

त्यति मात्र कहाँ हो र भोज खान वनको पात ल्याएर गाँस्न पर्ने झञ्झट गर्नु पर्दैन। गाउँगाउँ पुगिसकेका छन्, प्लाष्टिकका थाल, प्लेट र गिलास। मानव शरीर र प्रकृतिमा पर्ने गम्भीर असर थाहा पाएर पनि वास्ता नगरेरै तिनको प्रयोग बढाइएको छ। अचेल सहरमा पाइने सबै वस्तु गाउँ नजिकका बजारमा पनि पाइन्छ। सामाजिक सञ्जालको व्यापकताले पकाउने सिप बढेको छ। नभए भाडामा पकाउने मान्छे ल्याएर बनाउन के गाह्रो भयो र ! आफ्नो गच्छेअनुसार परिकार बनाए भयो।

त्यो वेला गाउँमा भोज एकै किसिमका हुन्थे। गाउँमा पाइने पदार्थ संग्रह गरी बनाइने भएकाले गाउँका ठूलाठालुको पनि त्यही हुन्थ्यो, सामान्य मानिसको पनि त्यही। बरु नहुनेलाई समाजले सामग्री जुटाउन सहयोग गरिदिन्थ्यो। ठूलाबडाको भतेरमा धेरैले खान्थे सामान्य मानिसको भतेरमा थोरै हुन्थे। भतेरमा हुने त उही हो- भात, तरकारी-दाल-अचार मासु त्यति न हो ! परिकारमा विविधता हुँदैनथ्यो।

भतेरका कुरा एकातिर भयो, अर्कोतिर जन्ती आएकाहरूले राति बेहुली र छिमेकीका बारी, बगैँचामा फलेका फलफूल खाइदिएर सिनित्तै पार्थे। काँचा वा चिचिला फलफूल नष्ट पार्ने मात्र नभई रुखबिरुवा नै मासेर उपद्रो मच्चाउँथे। कतिपयले त ज्यान नै जोखिममा पारेका हुन्थे। धेरैजना झुण्डिँदा फलफूलका हाँगा भाँचिएर घाइते नै भएका हुन्थे।

अचेल त के गाउँ, के शहर बिहे व्रतबन्ध-पास्नी-वैवाहिक वर्षगाँठमा खाने कुरा खुवाउनेमा प्रतिस्पर्धा चल्ने गरेको छ। धेरै वा विविध परिकार बनाएर खुवाउन पाए हुन्थ्यो भन्ने सोच हुन्छ। बिहे-व्रतबन्ध वा अन्य कार्यमा आएका मानिसले खाएर आफ्नो तारिफ गरुन् भन्ने ध्येय हुन्छ। तर हाम्रो समाजमा के आहान छ भने मानिसलाई 'खुवाएर कहिल्यै जस पाइँदैन', 'खाएपछि खोट नलगाउने भेटिँदैनन्।' हो पनि, तपाईं जस्तोसुकै सत्कार गर्नुस्, जतिसुकै मिठो परिकार खुवाउनुस्, खाएको ठाउँबाट हिँडे पछि एउटा न एउटा खोट लगाइहाल्छन्, 'फलानोको बिहेभोजमा गएको यस्तो-उस्तो।' यो समग्र मानवजातिकै प्रवृत्ति हो कि नेपालीजातिको विशेष गुण ! ♦

लघुकथा

# पीर

✍ **गंगा खड्का**



"आहा ! बधाई छ दाइ ! "आफूलाई फोन गरेर दिनेशले बधाई दिएपछि प्रदीप अलमल्ल परे। उनले अकमक्क पर्दै सोधे, "होइन यो बेला न कुबेला केको बधाई दिँदै छौ भाइ ? मैले त तिम्रो कुराको छेउ टुप्पै बुझिनँ नि।" प्रदीपको सोधाइमा झन् जोसिँदै दिनेशले भने, "विदेशबाट छोरो घर फर्कंदैन कि भनेर रातदिन चिन्ता लिनुहुन्थ्यो । ऊ त अब विदेश नफर्किने गरी घर आएछ नि त। अहिले त तपाईंको भुइँमा खुट्टा छैन होला हगि ?" दिनेशले बधाई दिनुको कारण थाहा पाएपछि प्रदीपले बडो विस्मयका साथ भने, "केको भुइँमा खुट्टा नहुनु नि ? आफूलाई यहाँ कस्तो पीर परेको छ।"

प्रदीपको कुरा सुनेपछि दिनेशलाई आफूले बोल्न नहुने कुरा बोलेछु कि भन्ने लाग्यो। उनी एकछिन केही बोल्न सकेनन् तैपनि यस्तो खुसीलाई पनि फिका बनाइदिने के कुरा रहेछ भन्ने उनलाई खसखस लाग्यो। उनले अप्ठ्यारो मानीमानी सोधे, "तपाईंलाई के कुराले पीर पऱ्यो दाइ ?" "भए जति युवा उमेर उतै खेर फाल्दा नि घरसम्म आउँदा एउटा ट्याक्सीसमेत चढेर आउन सक्ने हैसियत बनाएर आएनछ। "प्रदीपको चिन्ताको विषय थाहा पाएपछि दिनेशले सुइँय्य सुस्केरा हाल्दै भने, "तपाईंको छोरो ट्याक्सी चढ्न नसके नि बसमै भए पनि घर त आयो। मेरो छोरो त प्लेनबाट झर्दा पनि अरुले बोकेर ल्याउनुपर्ने गरी बाकसमा बन्द भएर आएको थियो । त्यसैले मेरो पीरको अगाडि तपाईंको पीर कुनै ठुलो पीर होइन दाइ।"

# नियम होइन, संस्कार बदलौं



✍ प्र.व.ना.नि.बिष्णु थापा

नेपालमा सवारी दुर्घटना अब संयोग वा दुर्भाग्यको नाममा टार्न मिल्ने घटना रहेन; यो हाम्रो समाजको भयावह र कटु यथार्थ बनिसकेको छ । तथ्याङ्कको निर्मम ऐना हेर्ने हो भने हरेक सूर्योदयसँगै सडकमा निस्किएका नेपालीमध्ये सूर्यास्त हुँदासम्म औसत ८ जना कहिल्यै घर फर्कँदैनन् र तीमध्ये ठूलो हिस्सा युवा पुस्ता हो। उनीहरू केवल सवारी चालक होइनन्; आमाबाबुको सहारा, सन्तानको भविष्य, समाजको गतिशील शक्ति र राष्ट्रको मेरुदण्ड हुन्। एक क्षणको लापरबाहीले एउटा शरीर मात्र ढल्दैन, त्यसले एउटा परिवारको सपना, आत्मनिर्भरता र सामाजिक स्थायित्व नै चकनाचुर पारिदिन्छ।

यति गम्भीर यथार्थका बीच पनि हामी सडक दुर्घटनालाई अझै 'दुर्भाग्य' वा 'संयोग' का रूपमा व्याख्या गर्न खोज्छौँ । नियम उल्लङ्घनलाई सामान्य मानिन्छ, चेतावनीलाई बेवास्ता गरिन्छ र दोष प्रायः प्रणालीमाथि थोपरेर व्यक्तिगत जिम्मेवारीबाट उम्किने प्रवृत्ति देखिन्छ । यही मौन स्वीकारोक्तिले सडक असुरक्षित बनेको हो । त्यसैले अब सडक सुरक्षाको बहस केवल कानुन र कारबाहीमा सीमित रहन सक्दैन।

नेपालमा ट्राफिक ऐन कानुन, जरिवाना प्रणाली र नियमन संरचनाको कमी छैन। ट्राफिक प्रहरी सडकमा खटिएका छन्, विद्यालय र समुदायमा सचेतना कार्यक्रम निरन्तर चलिरहेका छन्, सञ्चार माध्यमले पनि सन्देशहरू प्रवाह गरिरहेका छन् । तर दुर्घटनाको ग्राफ नघट्नुले देखाउँछ, नियमले व्यवहार बदल्न सकेको छैन।

हेल्मेट नलगाउने, सिटबेल्ट नबाँध्ने, मदिरा सेवनपछि सवारी चलाउने, तीव्र गतिमा हाँक्ने, मोबाइल प्रयोग गर्दै सवारी चलाउने जस्ता जोखिमपूर्ण अभ्यास अझै पनि 'सामान्य' जस्तै स्वीकारिएका छन् । यसको अर्थ समस्या जानकारीको अभाव होइन; समस्या सामाजिक संस्कार र मानसिकताको हो।

सडक सुरक्षाका लागि बनाइएका नीति-नियमहरू मात्र पर्याप्त भइरहेका छैनन् र ट्राफिक प्रहरीको सक्रियताका बाबजुद पनि सडकमा हुने अकाल मृत्युको सिलसिला

थामिएको छैन । केवल जरिवाना र कानुनी कारबाहीले मात्र मानवीय संवेदनासँग जोडिएको यो गम्भीर समस्याको समाधान हुन सक्दैन ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा सवारी दुर्घटनामा ज्यान गुमाउने हरूमध्ये करिब ७० प्रतिशत व्यक्तिहरू १५ देखि ४० वर्षका छन् । यो उमेर समूह देश निर्माणका लागि सबैभन्दा महत्वपूर्ण शक्ति हो । विडम्बना, आज यही उर्जावान् जनशक्ति सडक दुर्घटनाको सिकार भइरहेको छ । तीव्र गति, हेल्मेट वा सिट बेल्ट नलगाउने र मादक पदार्थ सेवनजस्ता सानो असावधानीले हरेक वर्ष हजारौँ परिवारलाई आफ्ना अभिभावक वा सन्तान गुमाउन बाध्य पारेको छ । एउटा युवाको अकाल मृत्युले परिवार मात्र होइन, राष्ट्रको आर्थिक र सामाजिक प्रगति पनि प्रभावित हुन्छ ।

यस्तो चुनौतीपूर्ण घडीमा अब कानुनको बाध्यकारी पालना भन्दा पनि स्वैच्छिक व्यवहार परिवर्तन र सकारात्मक प्रेरणाको आवश्यकता छ । ठ्याक्कै यहीँनेर समाजका प्रतिष्ठित व्यक्तित्व र सेलिब्रेटीहरूको भूमिका महत्वपूर्ण हुन्छ; जसको एउटा सानो संकेतले हजारौँ युवालाई आफ्नो जणीवनशैली परिवर्तन गर्न प्रेरित गर्न सक्छ ।

युवा मनोविज्ञानको एउटा पाटो छ उनीहरू सरकारी आदेश वा कानुन भन्दा पनि आफ्ना...आइडल' वा मन पर्ने व्यक्तित्वहरूको कुरालाई बढी महत्व दिन्छन् । प्रहरीले जरिवाना काट्दा युवाहरूमा रिस पैदा हुन सक्छ, तर जब उनीहरूले मन पराउने कुनै गायक वा कलाकारले "मलाई माया गर्नुहुन्छ भने प्लिज सुरक्षित यात्रा गर्नुहोस्" भन्छन्, तब त्यो ...नियम' बाट ...संस्कार' मा बदलिन्छ ।

नेपाली समाजमा कलाकार, खेलाडी र प्रतिष्ठित व्यक्तित्वहरूको प्रभाव असाध्यै ठूलो छ । नेपालको सामाजिक परिवेशमा वर्षेनी आयोजना हुने सयौँ मेला-महोत्सवमा उनीहरूलाई सुन्न र हेर्न उर्लिने हजारौँ युवाहरूको भिड नै परिवर्तनको मुख्य साधन तथा जनचेतना फैलाउने सशक्त माध्यम हुन् । यदि यी मञ्चहरूलाई मनोरञ्जनका लागि मात्र नभई जीवन रक्षाका लागि प्रयोग गर्ने हो भने सडक सुरक्षाको लहर गाउँगाउँसम्म पुग्न सक्छ ।

यस्ता सार्वजनिक मञ्चहरूमा सेलिब्रेटीहरूले व्यक्त गर्ने एउटै सन्देश पनि कुनै महँगो विज्ञापनभन्दा बढी प्रभावशाली र विश्वसनीय हुन्छ । कलाकारले आफ्नो प्रस्तुतिको बीचमा सडक सुरक्षाका लागि खर्चिने केवल ...३० सेकेन्ड' को समयले कसैको अमूल्य ...३० वर्ष' को आयु जोगाउन सक्छ । प्रशंसकहरूका लागि आफ्ना आदर्श व्यक्तित्वले बोलेका शब्दहरू एउटा जीवनशैली र स्टाइल बन्ने गर्दछन् । यदि हाम्रा सेलिब्रेटीहरूले "ट्राफिक नियमको पालना गर्नु र सुरक्षित सवारी चलाउनु नै

वास्तविक वीरता (Heroism) हो" भन्ने सकारात्मक भाष्य स्थापित गरिदिने हो भने, युवा पुस्तामा व्याप्त लापरबाही गर्ने प्रवृत्तिलाई रचनात्मक ढंगले निरुत्साहित गर्न सकिन्छ।

सेलिब्रेटी र प्रतिष्ठित व्यक्तित्वहरूको सफलतामा सर्वसाधारणको ठूलो हात हुन्छ । त्यसैले, आफ्ना समर्थकहरूको जीवन जोगाउनु उनीहरूको पनि नैतिक र सामाजिक उत्तरदायित्व हो । कलाकारको एउटा सानो पहलले कुनै पनि घरको आर्थिक मेरुदण्ड भाँचिनबाट जोगिन्छ भने त्यो भन्दा ठूलो पुण्य के हुन सक्छ ? धेरैजसो युवाहरू परिवारका एक्ला छोरा/छोरी वा मुख्य कमाउने व्यक्ति हुन्छन् । उनीहरूको मृत्युले एउटा सिङ्गो पुस्तालाई गरिबीको दुष्चक्रमा नराम्रोसँग फसाउँछ। त्यसैले, सडक सुरक्षाको कुरा गर्दा सेलिब्रेटीहरूले...भावनात्मक ब्ल्याकमेलिङ' नै गरेर भए पनि युवाहरूलाई जिम्मेवार बनाउनुपर्ने बेला आएको छ।

वर्तमान समयमा सेलिब्रेटीहरूको उपस्थिति केवल भौतिक मञ्चहरूमा मात्र सीमित छैन; उनीहरू सामाजिक सञ्जालका विभिन्न माध्यममार्फत हरेक युवाको दैनिकी र मनमस्तिष्कमा जोडिएका छन् । उनीहरूले सार्वजनिक गर्ने एउटा छोटो भिडियो वा विचारले समाजमा तत्कालै ठूलो प्रभाव पार्न सक्छ। "म ट्राफिक नियम पालना गर्छु, तपाईं नि ?" जस्ता सकारात्मक सन्देशहरू यदि प्रभावशाली व्यक्तित्वहरूबाट प्रवाह हुने हो भने, यसले युवा पुस्तामा जिम्मेवार बन्ने एउटा नयाँ लहर सिर्जना गर्छ । सामाजिक सञ्जालमा बढ्दै गएको असुरक्षित जोखिम लिने प्रवृत्तिलाई निरुत्साहित गर्दै सचेत र जिम्मेवार नागरिक बन्ने संस्कारको विकास गर्न सेलिब्रेटीहरूको भूमिका अब अपरिहार्य भइसकेको छ।

जसलाई युवा पुस्ताले आफ्नो आदर्श मान्छन्, उनीहरूले अब सडक सुरक्षाको विषयलाई केवल शब्दमा मात्र सीमित नराखी आफ्नै व्यवहार र कार्यशैलीमार्फत प्रमाणित गर्नुपर्छ। यसका लागि निम्न तीनवटा पक्षमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ -

पहिलो हो, अनुकरणीय व्यवहार- सार्वजनिक कार्यक्रमहरूमा उपस्थित हुँदा वा फर्कँदा सेलिब्रेटीहरूले स्वयं ट्राफिक नियमको पूर्ण पालना गरेर आफ्ना प्रशंसकहरूका लागि एउटा जीवन्त उदाहरण प्रस्तुत गर्नुपर्छ।

दोस्रोमा, व्यावसायिक प्रतिबद्धता -मेला, महोत्सव वा अन्य व्यावसायिक कार्यक्रमहरूमा कलाकारहरूले सडक सुरक्षासम्बन्धी सचेतना सन्देश प्रवाह गर्ने विषयलाई आफ्नो कार्यसम्पादन कै अभिन्न अंग बनाउनु पर्छ।

र तेस्रो हो, सामाजिक

संवेदना- गम्भीर सडक दुर्घटनाबाट प्रभावित पीडित परिवारहरूसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूको पीडा र दुर्घटनाले निम्त्याउने सामाजिक र आर्थिक क्षतिको वास्तविकतालाई समाजसामु ल्याउन सक्रिय भूमिका खेल्नुपर्छ।

सडक सुरक्षा केवल कुनै सरकारी निकाय वा ट्राफिक प्रहरीको जिम्मेवारी मात्र होइन। यो त एउटा साझा मानवीय संवेदना र सामाजिक संस्कारको कुरा हो । नेपालका सडकहरूमा दिनहुँ हुने दुर्घटनाले आज हामी सबैको विवेकलाई प्रश्न गरिरहेको छ । जब समाजका प्रतिष्ठित व्यक्तित्वहरू र जनस्तरमा प्रभाव राख्ने सेलिब्रेटीहरूले यस मुद्दालाई आफ्नो सामाजिक 'मिसन' बनाउँछन्, तब सडकमा अनाहकमा सिउँदो पुछिने, काख रित्तिने र परिवार उजाडिने यो कारुणिक क्रम कम हुन सक्छ।

पर्दामा देखिने नायकहरूले जब सडकमा पनि आफ्नो जिम्मेवार नायकत्व प्रदर्शन गर्छन्, तब मात्र समाजमा वास्तविक परिवर्तनको सञ्चार सम्भव हुन्छ । युवा पुस्ताको ढुकढुकी बनेका सेलिब्रेटीहरूले अब एउटा दृढ संकल्प गर्नै पर्छ-"मैले मनोरञ्जन मात्र दिने होइन, अमूल्य जीवन पनि जोगाउने हो।"

तपाईंको एउटै आवाजले यदि कुनै परिवारको खुसी र भविष्य सुरक्षित हुन्छ भने, त्यो नै तपाईंको कलाकारिता र व्यक्तित्वको सबैभन्दा ठूलो सफलता एवं सार्थकता हुनेछ। सडक सुरक्षाको सन्देश केवल नियम पालनाको अपील मात्र होइन, यो त आफ्ना समर्थकप्रतिको साँचो प्रेम, सद्भाव र सम्मान पनि हो । आउनुहोस्, सडकलाई असुरक्षित गन्तव्य होइन, सुन्दर भविष्यतर्फ लैजाने एउटा भरोसायोग्य मार्ग बनाउन हामी सबै एकजुट बनौं । ट्राफिक नियम जानौं पनि, मानौं पनि। ◆◆◆

## गीत



✍ **यशु श्रेष्ठ**

म भए सुनचाँदी तिमीलाई पहिराइदिन्थैं
म भए लाली गुराँस चुल्ठो सजाइदिन्थैं
खाली खाली हात मेरो केवल एउटा मन छ
अस्वीकार गरे तिमीले त्यो पनि टुक्रिदिन्छ
जुनेली रात भए म गोरेटो पहिल्याइदिन्थैं
सुनगाभा नै भए पनि सुवास फैलाइदिन्थैं
मन मुटु भरि मात्र सुन्दर चाहना छ
अङ्गाली नदिए तिमीले आँसु भई तुहिदिन्छ
इन्द्रेणी होइन म सक्दिनँ रङ्गीन बन्न
आकाश होइन म ताराजून छुन्छु भन्न
मसँग त मात्र सपना छ
त्यो पनि तिम्रो पाउमा बिछ्याइदिन्छु
विस्तार कुल्चिदेऊ नत्र भताभुङ्ग हुन्छ
म भए...

कथा

# श्रीमती कमाउने



✍ **बिन्दु अधिकारी ढकाल**

मज्जा आउछ, आफ्नै घर होस् । आफ्नै जग्गा जमिन र खेतीपाती । आफ्नै वनजङ्गल र गाईवस्तु । हरियो घाँसे चौर । अनेकन् पानीका मुहान देख्न पाइयोस् । टाट्नाभरि खसीबोका हुन् । हाँस कुखुरा र परेवा आआफ्नो थान्कामा रमाइलो गरुन् । चल्ला बचेरा कोरलुन् । समय सूचक भाले उसरी नै कुखुरी काँ गरी रहोस् । थातथलो छोडेर हिँडेकाहरू धमाधम फर्की आउन्, परदेशबाट घरदेश ! कसैको दुष्मन कोही किन बन्छन् ? भाइभाइ नलडुन् । बस नुनिलो पानी पनि गुलियो सर्वतमा रुपान्तरण हुन्छ ।

'सरी, मैले उपलब्ध गराउँछु भनेको समय, समयमा दिन सकिनँ, यो असमर्थको लागि क्षमा दिनु होला ।'

खुइया गरेर लामो सास फेर्दै उनले भनिन् । 'यही कुरो अघि भन्दिएको भए यो पर्खाइमा परिने थिएन कि ?' कटाक्ष आँखा मैले राशीलाई हेरेँ । उनले पुनः नमस्कार गरिन् । दश औँला जोडिन् । कान समातेर हाँसिन् तर ओठमा मुस्कान थिएन । दोस्रो वाक्य कसले कोट्याउने ? हिम्मतमा छाँया पऱ्यो । उनको मुहारमा अनौठो तर आश्चर्य चकित भाव प्रष्ट थियो ।

राशीलाई के भयो ? केही न केही नभई क्षमा माग्ने आदतकी होइन ऊ । घरमा कोही बिरामी परे कि ? साथी जीवनसाथीबिच ठाकठुक भयो कि ? प्रेस कार्यालयमा बाधा व्यवधान आएर त हैन ? मनमनै मनन गर्दै थिएँ । कल्पनाको उडान भर्दै थिएँ । यथार्थको बाकस सत्य खोज्दै थिएँ । समयमा समय दिन नसक्नुको कारण हजार हुन सक्छन्, मूल विषयबारे सोच्दै थिएँ ।

'मेरी साथी उज्यालीको जीवन नरक होलाजस्तो छ । श्रीमती कमाउने त्यो पुरुषले चौपट्टै पो गऱ्यो ।' राशीले भनिन् । 'हैन, किन के भो र उज्यालीलाई ? त्यत्रो भरोसा कसरी गिर्छ ? यो सरासर हल्ला हो । घरथर भगवान्जस्तो केटो फेला परेको भन्थे, हैन र ?' मैले विश्वासको माला पहिऱ्याउन खोजेँ । सकारात्मक भाव अजङ्गको पहाडमाथि त्यस्तै अर्को पहाड ठड्याएर बोलेँ ।

आनन्दको क्षण मगजमा आयो ।

फूलैफूलको त्यो संसार बासनादार भयो । पानी प्यास मेटियो । बादल वर्षा हट्यो, गयो । स्वयम् अनुभूति गर्न सक्दिनँ । उज्यालीको हिजो कसरी गुज्रिएको थियो । भूत-वर्तमान भाग एक । वर्तमान-भविष्य भाग दुई । क्रमशः जाँगरको उपलब्धि थियो, जागिर । जुन मार्गले आवश्यकता पूरा गरिदिन्थ्यो । हो, नेपाल सरकारको कर्मचारी राम्रो तलब भत्ता आउथ्यो । जेहोस्, दुःखभुक्तले पढेको खेर गएन । छोरी मान्छेको क्षमतामाथि प्रश्न उठाउने नेपाली समाजलाई जवाफ दिने जमाना भर्खर ताते हुँदै थियो ।

'मागेपछि दिने जात अविश्वास गरेर भो त ? त्यसमाथि छोरीको निर्णयमा प्रश्नै गरेनौं । पहिलो श्रीमतीसँग सम्बन्ध विच्छेद भइसकेको कुरो केटाले नलुकाएको हुनाले...।' उज्यालीकी आमाले राशीलाई बताएकी थिइन् । त्यसो त मेरो सुनाइ पनि यही नै थियो । अनि, यही बात उज्यालीले साथी-साथीबिच गफगाफ गरिन होला र ? अवश्य गरेकी थिई ।

'आफ्नो भाग जतन गर्नुपर्छ । पछि, आउला र गरौंला भनेर हुँदैन । धन सम्पत्ति न पैसा कसैलाई पुग्दैन तर यो निर्णय गर्न हामीले हिचकिच गर्नु भएन । यही हो समय आँटौं र अघि बढौं । लेउलेउ भन्दा किन पछि सर्ने ? नसर्ने ।' आफ्नो अन्तर्य खोले उज्यालीका बुवाले र निर्णय विन्दुमा पुगे ।

त्यो हिमालजस्तो कति राम्रो ! पढाइ लेखाइमा पढाइ लेखाइ थियो । जागिर सुरु गरिसकेकी थिइँ । त्यसो हुनाले आर्थिक अभाव झेल्नु पर्ला दुःख होला भन्ने कल्पना थिएन । सबैभन्दा खुसीको कुरो आफूले चाहेको साथसँग सास फेर्न पाउनु त्योभन्दा उज्यालो मौसम के हुन्थ्यो ? अरु त अरु औँसी औँसीजस्तो थिएन । रात्री लगनमा उज्यालीको धुमधाम बिहे भयो । श्रीमान्को घर कति उज्यालो होला ? त्यो चाहिँ हेर्न बाँकी थियो ।

उज्याली नाउँजस्तै उज्याली ! जीवनको नयाँ बाटो त्यो पाटो सौभाग्य भनेको सौभाग्य ! त्यो पल साधारण उडान होइन, उसको जीवन पुष्पविमान भयो । उज्यालीको जिन्दगीलाई कसरी कम आँक्नु ? जीवनसाथीको बाहिरी सुन्दरता यति राम्रो र योग्य कोही होलान् के ? भगवान्ले फुर्सदमा बनाएको त्यो रुप रङ्ग बोलीवचन गुलियो गुनिलो मिठो एकटक सुनिरहनु जस्तो । वसन्त ऋतु सधैं वसन्ती बहार ! मानौं, उनीहरूको जीवन फक्रिएको गुलाफका जोर थुङ्गा हुन् ! ती सदावहार हुन् ! एकापसमा मगमगाउछन् ! मात्र मगमगाउछन् !

'राशी, उसको घर भित्रिसके पछि मलाई था' भो छोरो पनि रैछ । त्यो बच्चालाई देखेर मैले सन्तान नजन्माउने निर्णय गरेँ । यदि मैले बच्चा जन्माएँ, त्यो छोरो हेला हुन्छ । आखिर मैले माया गरेँ,

मलाई माया गर्छ। मैले पाले, मलाई पाल्छ। मेरो श्रीमान्को खुन हिफाजत गर्नै पर्छ। मैले हात उठाए अरु कसले जतन गर्लान् र ? यही सोच भएभरको माया उसलाई दिन तयार थिएँ। परिवारप्रति झन् जिम्मेवार हुन अठोट अघि बढैं, बढ्दै गएँ।'

आफ्नो उकुसमुकुस उज्यालीले राशीलाई भनेकी थिई, मात्र राशीलाई। ऊ चाहन्थी त्यो गोप्यता सार्वजनिक नहोस् किनभने जो भोग्नु छ। ललाटमा लेखिएको टारेर त्यो टर्दैन, जति खट्नु छ। स्कुल पढ्दाकी साथी। खेल्दा-खाँदाकी साथी। हाटबजार धाँउदाकी साथी। सबैभन्दा ठुलो कुरो उज्यालीको अन्तर्यदेखि भरोसाकी साथी हो- राशी !

सामान्य चिनजानबाट अघि बढेको सम्बन्ध जीवनसाथीमा रुपान्तरण भयो। खुसी मनाए, दुवै परिवारले। यहाँसम्म केही बिग्रिएको थिएन। भत्किएको थिएन। न त चर्किएको च्यात्तिएकै थियो तर समयको बहावले उज्यालीको जीवनमा हिंसा उपहार दियो। त्यो खपेर कसरी बाँच्नु ? कुन मगजले अफिसमा काम गर्नु ? अनि, घर व्यवहार कसरी धान्नु ?

'उज्याली, तिम्रो योग्यता अनुसार श्रीमान् जोड्न हतार भो कि ? मलाई किन यस्तो लागिराछ। मैले पहिला नि एक दुई खेप भने थैं तर तिमी पछाडि फिर्ने स्थितिमा थिएनौ। आखिर आफ्नो खुट्टामा उभ्येकैथ्यौ। कसैको कमाइ खानु परेको थेन। यसको आसय बिहे नगर्नु भनेको हैन तर उसले त्यो श्रीमतीबाट जन्मेको बच्चा छ नभन्नु आश्चर्य हैन ? तिमी आफैं सम्झ त...।' राशीको अड्कल उज्यालीको हृदयभित्र सेलरोटी बनी रह्यो।

'राशी, मलाई अफिसमा साथीहरूले सोध्थे, श्रीमान् के काम गर्नुहुन्छ ? उहाँको विजनेस छ भन्थैं। कस्तो विजनेस ? पुनः चासो दिन्थे। सायद, मेरो श्रीमान्को ध्येय काठमाडौं ओहोरदोहोर देखेर। बिनाकाम किन हिँड्नु होला ? म जागिरमा जान्थैं, बिहान घरको काम भ्याएर। साँझ घर फर्कन्थैं फेरि उसरी नै चुलाचौकादेखि भित्रबाहिर जहाँ जे पर्छ, खट्थैं। कुनै कसुर बाँकी नराख्ने नीति कामधन्दा सम्हालिरहैं तर एक दिन...!'

राशीका आँखाहरूले झिमिक्क नगरी उज्यालीलाई हेरिरहेको आभास गरैं। ऊ वास्तवमै कोलाहल थिई। भित्रै देखि बाढी त्यो वाक्य पूरा गर्न सकिन। एकछिन्, वातावरण शून्य र शान्त भयो। मैले नकारात्मक सोचि नहाल्न मभित्रको (म) लाई प्रोत्साहन गरैं।

उज्यालीको घरभित्रको कुरो सासु ससुराले पो थप केही भने कि ? छोरालाई पढ बाबु भन्दा अमिथ्य बोल्यो कि ? हुन सक्छ, समाज न हो अपाच्य शब्द कान्छी श्रीमती-बुहारी-आमा भनेर गृह प्रवेशतिर

घोचे, पेचे । हुन त पहिलो श्रीमतीसँगै भएकी भए अर्काको लोग्नेसँग बिहे गरेकी भन्ने आरोप आउथ्यो । आरोप मात्रै होइन, कानुनी रुपमै सजायको भागीदार हुनुपर्थ्यो । ‘राशी, मैले आफ्नै खुट्टामा बन्चरो हानेँ किनभने उसको लहैलहैमा लागेँ । म त कस्तो बिकाउ माल भएछु, उसले गरेका बाचाहरू बनावटी रहेछन्, सबै बनावटी ! सानो कुरा हैन, नातेदार दाइभाइहरूसँग बोल्न नदिनु । उसले सिधैँ भन्छ, तँ त्यो फलानोसँग बिहे गर्न लागिस् । यसरी झगडाको बिउ उम्रिएला सपनामा पनि कल्पना नगरेको जीवन भोग्न बाध्य भएँ । सुरुमा मैले चाल पाइनँ । अहिले काममा जाउँ त्यतै आरोप घर आउँ कुनै दिन शान्ति भएन । उसको खल्ती सधैँ खाली । मैले तलब बुझ्ने बेला एकदम माया गर्ने, अब गल्ती गर्दिन भनेर माफ माग्ने । दुई चार दिन बित्छ फेरि कुट्न सुरु गर्छ ।’

उज्यालीको गर्भबाट बच्चा जन्मियो । सन्तान नथप्ने कुरो तर थपियो । एउटा सन्तान के सन्तान्, दुईटासम्म हुन् । छोराछोरी जे भए पनि होस्, उज्याली कै चाहनाले जित्यो र परिवारमा थप खुसीको मौसम आयो । अरु त अरु उज्यालीको कमाइ तलबभत्ता उसको श्रीमान्‌ले एकलौटी पारेको सुन्दा कसलाई सह्य होला ? मेरो मन थामिएन, आश्चर्य !

एउटा कुर्थाले हिउँद बित्थ्यो । उज्यालीले लगाएको त्यो ज्याकेट कति वर्ष पुरानो भयो ? दश ठाउँ फाटे पनि त्यसले पार पाएको थिएन । एकान दोकान मैदान उज्यालीलाई श्रीमान्‌ले हातपात गरेको कुराले समाज हल्लियो । एउटी श्रमशील महिला जो रातोदिन हिंसा खपेर बाँच्न बाध्य उसको मन च्यातिएको नदेख्ने यो समाजमा त्यो ज्याकेटको चर्चा धेरैले धेरै पटक गरे । दोहोऱ्याए तेहऱ्याए नै ।

‘राशी, हामी भेट भएकै हो र पुनः भइएला पनि तर यो के अचम्म ! श्रीमती कमाउने लोग्नेले एकलौटी रुपमा खर्च गर्ने ? अनि, उसको जागिर श्रीमतीकै तलब भत्ता बुझ्ने मात्रै हो ? अरु के काम थियो ? त्यत्रो पढेकी मान्छेले यति कुरो पनि नबुझि कस्तो हतारमा जीवन सुम्पेको ! तिम्री साथी उज्यालीको जीवन गाथा सुनेर मलाई पो कहाली लाग्यो !’

त्यो क्षणमा मैले उज्यालीको काल्पनिक अनुहार सम्झेँ । उसको मुहारमा दुःखका रेखा कति सल्बलाएका होलान् । अनि सम्झेँ, उसका निर्दोष दुई बच्चाहरूलाई । नजन्माएको छोरो र जन्माएको छोरो ! कति सजिलो छ, त्यो पुरुषलाई एकपछि अर्को महिलाको जीवन भत्काउन । उसको लागि बिहे भनेको त्यो भिरबाट ढुङ्गा खसाउनु-लडाउनु जत्तिकै मात्र हो र ?

रैछ, उज्यालीको श्रीमान् त्यस्तै ।

उसको जागिर श्रीमती कमाउने । पहिलाको सँग सम्बन्ध विच्छेद गरिसकेको भनेर उज्यालीलाई बिहे गऱ्यो । जब उनलाई कब्जामा पाऱ्यो अनि तमासाको तान क्रमशः सम्बन्धमा खटपट श्रीमती कुट्न थाल्यो । घरीघरी काठमाडौं ओहोरदोहोर गरेर यो गर्छु, त्यो कमाउँछु भन्नु त्यो पनि श्रीमतीको कमाइमा रजाइँ गरीगरी उही त्यही चक्कर ! श्रीमान् छोडेकी महिलासँग सल्की-पल्की बिहे गर्ने योजनामा रैछ । त्यो बुझेर श्रीमान्सँग सम्बन्ध विच्छेद गर्ने घडीमा पुगिन्, उज्याली ।'

श्रीमती कमाउने त्यो पुरुषसँग उज्यालीले अंश बापत लिने केही थिएन। गाउँमा एउटा घर थियो, पुरानो । वृद्ध बाआमा बस्ने त्यो छानो कसरी आफ्नो बनाउनु । कानुनले दियो भन्दैमा उज्यालीका हातले त्यो पाप कमाउनतिर लागिन । उसलाई चोटमाथि चोट जागिर गयो। अब बच्चा कसरी पढाउनु ? अरु त अरु उज्यालीले नलिएको पैसा लिएको बनाएर लाखौँको झुटो चेक सहीछाप गरिवरि अदालतमा मुद्दा दायर गर्न सक्नु कहाँसम्मको जाली काम हो ?

जब श्रीमान् श्रीमतीको पवित्र सम्बन्धमा थिए, उज्यालीकै आम्दानीबाट घर चलेको थियो । आखिर जीवनसाथी हो आज कमाएन भोलि त कमाउला । भोलि नभए पर्सी। यही अपेक्षा उज्याली आफ्नो दैनिकीमा हिँडेकी थिई । मह जातकी ऊ झिङ्गाको हातमा परेको सुनेर मलाई राति निन्द्रा परेन । बिहान अखबार हात पऱ्यो । 'श्रीमती कमाउने एक युवा प्रहरी हिरासतमा !' यो समाचार कतै उज्यालीको श्रीमान्को त होइन ? यकिन गर्न तीन पुस्ते खोतल्दा लाग्यो, भिरबाट लड्न लागेको गोरुलाई राम भन्न सकिन्छ तर काँध थाप्न कसको आँट ! ♦♦

## गीत



**✍ दिपकराज विश्वकर्मा**

हारेँ म यो जीवनदेखि
माया मारे अब मनदेखि
म गर्दिन अब आस पनि
जाओस् एकमुठी सास पनि

हरेस खान मन त थेन
असफलताले साथ छोडेन
अभावले बाटो छेकेपछि
उठ्ने बाटो नदेखे पछि
हारेँ म यो जीवनदेखि......

अभागी मेरो भाग्य होकी
मेरै कर्म पो गलत थ्योकी
समयसँग चल्न सकिन
निभिसकेँ म बल्न सकिन
हारेँ म यो जीवनदेखि......

कविता

# देश, रक्षक र म



✍ मिथिलेश आदित्य

म र मेरो देश
अलग-अलग देह होइनौं,
हामी एउटै श्वास हौं,
एउटै हृदयको धड्कन,
एउटै माटोको गन्ध,
एउटै आकाशमा जन्मिएको विश्वास ।
देश-
यो केवल नक्साको रेखा होइन,
यो बाबुको पसिनाले भिजेको करुवा हथेली हो,
आमाको आँखामा बलेको प्रार्थना हो,
बच्चाहरूको हाँसो हो
र कृषकको श्रम-बुँद हो ।
र रक्षक-
तिनीहरू केवल बर्दी होइनन्,
तिनीहरू हिँड्ने-उभिने अग्नि पर्खाल हुन्,
छातीमा पहाड जत्तिको साहस,
र आँखामा बालकजत्तिकै निर्मल सपना-
जसले आफैँ जलेर पनि
हाम्रा सहर, हाम्रा गाउँ, हाम्रो निद्रा
सुरक्षित राख्छन् ।
जब हामी चाडपर्व मनाउँछौँ,
तिनीहरू सीमामा हिउँसँग लडिरहेका हुन्छन्;
जब हामी विद्यालयमा गीत गाइरहेका हुन्छौँ,
तिनीहरू गोलाबीच पनि राष्ट्रगान जोगाइरहेका हुन्छन्;
जब हामी सपनाको घर बनाइरहेका हुन्छौँ,
तिनीहरू आफ्नै घरभन्दा टाढा
हाम्रा सपनाको पहरा दिइरहेका हुन्छन् ।
र म-
म केवल दर्शक होइन,
म पनि देशकै अंश हुँ,
मेरो कलम पनि रक्षक हो,
मेरो श्रम पनि झन्डाजत्तिकै पवित्र हो,
मेरो निष्ठा पनि पहरेदार हो ।
म जान्दछु-
देश केवल सैनिकले मात्र जोगाउँदैन,
देश बाँचिरहन्छ
सत्य बोल्दा,
इमानदार कर्म गर्दा,
आदर, माया, एकता
र आफ्नोपनाको प्रतिज्ञाले।
त्यसैले मैले प्रण गरेको छु–
जहाँ झूट हुन्छ, त्यहाँ सत्य भएर उभिन्छु,
जहाँ घृणा जल्छ, त्यहाँ प्रेमको दियो बाल्छु,
जहाँ अन्याय उठ्छ, त्यहाँ आवाज बन्छु ।
किनकि
देश, रक्षक र म
अलग होइनौँ-
हामी तिनै मिलेर
राष्ट्र बन्छौं, आशा बन्छौं,
भविष्य बन्छौं ।

# दिगो विकास र गरिबीको अन्तरसम्बन्ध



✍ सुदर्शन अधिकारी

दिगो विकासका लागि विगत एक दशकदेखि अनेक प्रयास भइरहेको छ। सर्वप्रथम शून्य गरिबी र नेपाल शीर्षक अन्तर्गत दिगो विकास लक्ष्य वा शून्य गरिबीको लक्ष्य प्राप्त गर्न नेपालले प्रतिव्यक्ति आयलाई सन् २०३० सम्ममा २५०० डलर पुराउने लक्ष्य लिएको छ। यसै गरी सन् २०३० सम्ममा सामाजिक सुरक्षा कार्यक्रमको लागि नेपाल सरकारले आफ्नो बजेटको १५ प्रतिशतसम्म खर्च गर्ने योजना बनाएको छ । नेपालले चालु पञ्चवर्षीय योजनाले बहुआयामिक गरिबीलाई दिगो आर्थिक विकासमार्फत कम गर्दै लैजाने लक्ष्य लिनुका साथै निरपेक्ष गरिबीको दरलाई पाँच प्रतिशतभन्दा कममा झार्ने दीर्घकालीन लक्ष्य लिएको छ। यसैगरी शून्य भोकमरीको लागि खाद्यान्न सुरक्षा पोषणमा सुधार र दिगो कृषि विकासलाई प्रवर्धन गर्ने योजना रहेको छ।

नेपालले शून्य भोकमरीको लक्ष्य प्राप्त गर्न सन् २०३० सम्ममा कुपोषणको अन्त्य तथा खाद्य सुरक्षामा विशेष जोड दिएको छ । कुपोषित जनसंख्याको प्रतिशतलाई सन् २०३० सम्ममा तीन प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । साथै प्रतिव्यक्ति खाद्यान्न उत्पादन ५३० के.जी. प्रतिव्यक्ति पुऱ्याउने लक्ष्य राखेको छ । सम्मानजनक श्रम, आर्थिक वृद्धि र नेपाल शीर्षक अन्तर्गत सम्मानजनक श्रम र आर्थिक वृद्धि प्राप्त गर्नका लागि नेपालले सन् २०३० सम्ममा ७ प्रतिशतको प्रतिव्यक्ति कुल ग्रार्हस्थ उत्पादनको वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको छ ।  सन् २०३० सम्ममा रोजगारीका क्रममा हुने विभिन्न दुर्घटनाहरूलाई १५ प्रतिशत भन्दा तल झार्ने लक्ष्य राखिएको छ।

चालु सोह्रौं योजनाले दिगो विकास लक्ष्यअनुरूपको सम्मानजनक श्रम र आर्थिक वृद्धि हासिल गर्न योजना अवधिभरमा २५ लाख थप रोजगारी सिर्जना गर्नको लागि विभिन्न रोजगारमूलक कार्यक्रमहरूको प्रवर्धन गर्ने योजना राखिएको छ। जुन ज्यादै नै चुनौतीपूर्ण समेत रहेको छ। अर्को शीर्षक गुणस्तरीय शिक्षा र नेपाल अन्तर्गत संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य अनुरूप समावेशी

र समानुपातिक धारणा अनुरूप विभिन्न तहमा प्रदान गरिने शिक्षामा पिछडिएको वर्गलाई विशेष स्थान दिइँदै आएको छ। गुणस्तरीय शिक्षा सुधारका लागि नेपालमा माध्यामिक तहको शिक्षालाई निःशुल्क गरिएको छ। प्राथमिक र माध्यामिक तहको शिक्षालाई गुणस्तरीय बनाउन नेपालमा शिक्षक विद्यार्थी अनुपात ४० मा राख्ने लक्ष्य रहेको छ।

नेपालले सन् २०९० सम्ममा युएनडिपीका दिगो विकासका १७ वटा लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता लिएको छ। उक्त लक्ष्य प्राप्त गर्न चालु सोह्रौ योजनाको आवधिक र दीर्घकालीन उद्देश्य रहेको छ। यसै गरी यस अवधिका बजेटहरूलाई पनि दिगो विकास लक्ष्य अनुरूप निर्माण र परिचालन गरिदै आएको छ। अब चर्चा गरौं गरिबीका सन्दर्भमा, परिवारको आयले न्यूनतम आवश्यकता जस्तै, गाँस, बास, कपास र स्वास्थ्य आदि खरिद गर्न असमर्थ हुने अवस्था गरिबी हो भनेर परिभाषित गरिएको छ। गरिबी प्राय सबै विकासशील समाजको साझा समस्या हो । गरिबीको अवस्था सिर्जना हुनुमा तीव्र जनसंख्या वृद्धि पनि प्रमुख कारण रहेको देखिन्छ। तीव्र रूपमा जनसंख्या वृद्धिसँगै देशको आर्थिक वृद्धि हुन नसक्दा प्रति व्यक्ति आयमा पनि गिरावट हुन जान्छ।

रोजगारी आयको प्रमुख स्रोत भएकोले बेरोजगारी र गरिबीको श्रमशक्तिको उल्लेख्य हिस्सा पूर्ण बेरोजगार रहेको पाइन्छ । जसका कारण नेपालमा गरिबीको दर न्यूनीकरणमा उल्लेख्य प्रगति गर्न सकिएको अवस्था छैन। त्यसै गरी पूर्वाधारहरूको असमान वितरण पनि गरिबीको अर्को कारण बनेको देखिन्छ । समान रूपमा पूर्वाधारहरूको विकास गर्न सकिएमा मात्र गरिबी कम गर्न सहज वातावरणको सिर्जना गर्न सकिन्छ। यदि असमान रूपले पूर्वाधारका विकास गरियो भने विकास नभएको स्थानका मानव झन धेरै गरिबीमा रहन बाध्य हुन्छन् । तसर्थ पूर्वाधारको असमान वितरण हटाउन सक्नुपर्छ । अर्को कारण औद्योगिकरण रहेको छ। आधुनिक उद्योगहरूले उपलब्ध साधनहरूको वैज्ञानिक रूपमा सदुपयोग गरी ठूलो मात्रामा रोजगारी सिर्जना गर्छन्। न्यून औद्योगिकीकरण हुनु भनेको अवसरहरूको कमी हुनु पनि भएकोले गरिबी कम गर्नका लागि उद्योगहरूको विकास र विस्तारमा जोड दिनुपर्छ।

परम्परागत रूपले खेती गर्ने परिपाटी पनि गरिबीको अर्को कारण रहेको देखिन्छ। परम्परागत कृषि पेसामा आबद्ध व्यक्तिहरूले प्राकृतिक साधनहरूको कम मात्र उपयोग गर्छन्। जसले उत्पादकत्व पनि कम हुन्छ। उपलब्ध स्रोत र साधनहरूको उपयोग वैज्ञानिक रूपले गर्न सक्ने हो भने

उत्पादन वृद्धि गर्न पनि सहज हुन्छ। उत्पादन वृद्धि भएमा स्वतः आर्थिक अवस्था पनि बढ्न जान्छ । यसले गरिबी कम गर्न सहयोग गर्छ। कुनै अर्थ व्यवस्थामा प्राकृतिक साधनहरूको वैज्ञानिक र उचित तरिकाले प्रयोग गर्न सकिएमा प्रतिव्यक्ति आय, रोजगारी आदिमा वृद्धि गर्छ। यस्तो वृद्धिले गरिबी कम गर्न महत्वपूर्ण सहयोग पुग्छ। तसर्थ प्राकृतिक साधनहरूको भरपुर रूपमा उपयोग गरी गरिबी घटाउन सकिन्छ। देशमा राजनीतिक अस्थिरता रहेमा नेतृत्व र नीति निर्माण तहमा स्थायित्व रहँदैन। जसले गर्दा आर्थिक योजनाको निर्माण, परिचालन, अनुगमन जस्ता विषयहरू प्रभावहीन बन्छन् । तसर्थ राजनीतिक अस्थिरता र नीतिगत समस्या पनि गरिबीको प्रमुख कारण बनेको तितो वास्तविकता छँदैछ।

गरिबी हटाउने अनेकौं उपायहरू रहेका छन् । सामाजिक सुरक्षाले उनीहरूलाई न्यूनतम आवश्यकता पूरा गर्न सक्षम बनाउँछ । दृष्टान्तका लागि वृद्ध भत्ता, एकल महिला भत्ता, फरक क्षमता भएकाहरूका लागि दिइने भत्ता आदि सामाजिक सुरक्षा कार्यक्रमहरूले आर्थिक रूपले कमजोर व्यक्तिहरूलाई न्यूनतम आवश्यकता पूरा गर्न सहयोग गरेको हुन्छ । तसर्थ यस्ता कार्यक्रमहरू मार्फत गरिबी कम गर्न सहज वातावरणको सिर्जना हुन्छ। नेपाल कृषिमा निर्भर देश भएकोले यसको वैज्ञानिक विकासमा जोड दिनुपर्छ। कृषिमा आधुनिकीकरण मार्फत उत्पादकत्व वृद्धि गरी कृषिमा आबद्ध जनसंख्याको आम्दानीमा वृद्धि गर्न सकिन्छ। त्यसैले कृषिमा आधुनिकीकरण गर्न विशेष कदम चाल्नुपर्छ। यस्तै गरिबी लक्षित कार्यक्रमहरू सञ्चालनमा पनि जोड दिनुपर्छ। मानव संसाधन वा जनशक्तिको उत्पादकत्व र उद्यमशीलतामा प्रवर्धन गरी तिनीहरूको आयस्तरमा वृद्धि गर्न सकिन्छ।

मानव संसाधनको विकासका लागि सामाजिक सेवाहरू जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण आदिमा सुधार गर्नुपर्ने हुन्छ । त्यसैले गरिबी निवारणका लागि मानव संसाधनको विकासमा विशेष र प्रभावकारी कार्य सम्पादन गर्नुपर्छ। कतिपय कार्यक्रमहरू गरिब नागरिकसम्म नपुगेको अवस्था रहेको छ। गरिब लक्षित विशेष कार्यक्रमहरूको तय गरी त्यसको प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिनुपर्छ। गरिबी हटाउन वा कम गर्नका लागि औद्योगिकीकरणमा जोड दिनुपर्छ। उद्योगहरूले प्राकृतिक स्रोत पूँजी तथा मानव संसाधनको उच्च प्रयोग मार्फत रोजगारी तथा अवसरहरूको विस्तार गर्ने हुनाले गरिबी निवारणका लागि औद्योगिकीकरणलाई जोड दिनु अत्यन्तै आवश्यक छ।

साथै गरिबी हटाउन सहभागितामूलक विकास योजना पनि आवश्यक पर्छ। विकासका

आयोजनाहरूमा स्थानीय व्यक्तिहरूको प्रत्यक्ष संलग्नता रहनुलाई सहभागितामूलक विकास भनिन्छ । यस्तो योजनाहरूमा स्थानीयहरू योजनाको छनोट, बजेट निर्माण, योजना परिचालन र अनुगमनमा प्रत्यक्ष सहभागी हुने हुनाले यस्तो योजनामा लागु गरिएको सबै आर्थिक साधन र स्रोतहरू स्थानीयकै पहुँचमा जाने भएकोले तिनीहरूको आय तथा रोजगारीमा वृद्धि हुन्छ । गरिबी निवारणका लागि अर्को महत्वको विषय हो पूर्वाधारहरूको विकास र विस्तार । सडक, सञ्चार, उर्जा, सिँचाइ जस्ता पूर्वाधारहरूको विस्तारले ग्रामीण र दुर्गम स्थानमा रहेका विभिन्न आर्थिक स्रोतहरूको बजार परिचालनमा विस्तार हुन जान्छ । यसरी परिचालित साधनहरू मार्फत ती स्थानमा रहेका व्यक्तिहरूको आयमा सुधार हुन गई गरिबी निवारणमा थप सहयोग पुग्छ ।

अर्को महत्वपूर्ण विषय रहेको छ राजनीतिक स्थिरता । यसको अभावमा कुनै पनि कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिँदैन । देशको आर्थिक, सामाजिक, सांस्कृतिक सबै प्रकारको विकास गर्न सर्वप्रथम त राजनीतिक स्थिरताको खाँचो रहन्छ । राजनीतिक स्थिरता भएमा मात्र हरेक कार्यक्रमहरू सहज रूपले लक्षित स्थान र वर्गसम्म लैजान सकिन्छ । राजनीतिक स्थिरताको अभावमा एउटा सरकारले ल्याएको राम्रो कार्यक्रम पनि बिना कारण रोकिन्छन् । कर्मचारीमा पनि स्थिर सरकार नभएमा काम गर्न चासो र जाँगर लगाउँदैनन् । सरकार परिवर्तनसँगै उच्च तहका कर्मचारीहरूको सरूवा हुने परिपाटीले पनि योजनाहरू समयमा नै सम्पन्न हुन सक्दैनन् । यस्तो हाम्रो सन्दर्भमा भने एक प्रकारको संस्कृति नै बनेको देखिन्छ । हामीले आफ्नो स्रोत साधनहरूको प्रयोगले मात्र गरिबी निवारणका कार्यक्रमहरू अगाडि बढाउन सक्दैनौ । यसको लागि विभिन्न दातृ राष्ट्र तथा संस्थाहरूको आर्थिक सहयोगको आश्यकता रहन्छ । त्यस्ता सहयोग प्राप्त गर्नका लागि पनि देशमा राजनीतिक स्थिरताको खाँचो रहन्छ ।

गरिबी निवारण गर्ने कार्य सरकार एक्लैको प्रयासले मात्र सम्भव छैन, यसका लागि विभिन्न गैरसरकारी संघ संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोग चाहिन्छ । तिनीहरूलाई विश्वासमा लिनका लागि पनि देशमा राजनीतिक स्थिरता हुनु जरूरी हुन्छ । गैर सरकारी संस्थाहरूलाई निर्धक्क भएर काम गर्ने वातावरणको सिर्जना गर्न पनि राजनीतिक स्थिरता अनिवार्य हुन्छ । विश्व बैंक, एसियाली विकास बैंक, युएनडिपि जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालमा विभिन्न क्षेत्रमा सहयोग गरिरहेका छन् । यस्ता संस्थाहरूले गरिबी निवारणको लागि पनि वर्षेनी लगानी गरी काम गर्दै आएको हुनाले

उनीहरूलाई साथ साथमा नै लिएर कार्य गर्नु पर्ने भएकोले यसमा पनि ध्यान दिनुपर्छ।

यसैगरी दैनिक प्रशासनमा हुने ढिलासुस्ती भ्रष्टाचार आदि पनि हामीले हटाउनुपर्छ। विदेशी दाताहरूले आफूले लगानी गरेको कामको सदुपयोग भएको छ या छैन भनेर ध्यान दिएका हुन्छन्।

तसर्थ उनीहरूबाट आएको रकमको पारदर्शीता समेतमा विशेष ध्यान दिनुपर्छ। हाम्रो विकासमा यस्ता दातृ राष्ट्रको योगदान ठूलो रहेकोले पनि हामी यस्ता कार्यक्रमको परिचालनमा ज्यादा नै गम्भीर भएर प्रभावकारी रूपले कार्य सम्पादनमा ध्यान पुग्नुपर्छ। समग्रमा हामीले गरिबी निवारणका लागि गरिरहेका विभिन्न प्रयासलाई उपलब्धिमूलक बनाउनका लागि हरेक सम्बन्धित निकाय विशेष चनाखो भएर काम गर्नुपर्छ तब मात्र लक्ष्य प्राप्तिमा अपेक्षित प्रगति गर्न सकिन्छ। ♦

कविता

# अनुभूति



✍ **डा. बमबहादुर थापा 'जिताली'**

चौसठ्ठी घुमियो किन्तु चौबिसै सरिको मन
भुक्तमान र सम्मान भोगी चल्दैछ जीवन।
माता-पिता र जीताका पाकेका जन छोडियो
संसारी भार बोकेर उतै जीवन मोडियो।

सकेसम्म गरी काम हिजो सन्तान पालियो
जीर्ण रोगी हुँदा आज जिन्दगी टाल्न थालियो।
निरोगी मनले भन्छ अझै उत्कट आँट छ
परन्तु वृद्धभत्ता पो ! पाइने छाँटकाँट छ।

सक्नेलाई दिए काम गाडी अगाडि सर्दछ
अवस्था अर्थको हेरी राज्यले ठेल्नुपर्दछ।
प्रमाणपत्र पाएका पौरखीको समुन्नति
योग्यता, क्षमता मिल्दो कामले हुन्छ उन्नति।

"बलभन्दा ठुलो बुद्धि" भन्ने उखान सिद्ध छ
"पुरानो सुन हो" भन्ने विश्व-उक्ति प्रसिद्ध छ।
चिन्दैन राज्यले आज पाका र बलिया बल
पौरखी पाखुराले नै राष्ट्र हुन्छ समुज्ज्वल।

पिता-पुर्खा थिए हाम्रा पौरखीपनमा कडा
उनैका पसिना पाई हामी छौं अहिले खडा।
सृष्टिकर्ता माता-पिता साक्षात् हुन् परमेश्वर
आमाको काखझैं न्यानो स्वर्ग अन्त कहाँ छ र !!

कथा

# चलान



✍ **रत्न प्रजापति**

राममान बिहानै कृष्णमानको घरमा पुगे । कृष्णमान आँगनमै बसेर घाम तापिरहेका थिए । राममान बिहानै आफ्नो घरमा आएको देखेर कृष्णमानले खुसी र अचम्म मान्दै भने, 'आज कहाँबाट एकाबिहानै मेरो घरमा आइपुग्यौ हँ राममान ?'

राममानले कृष्णमानसँगै टुसुक्क बस्दै भने, 'धेरै भयो तिमीलाई भेटेर गफगाफ गर्न नपाएको । आज यसो गफगाफ पनि गरूँ र एउटा निम्तो पनि दिऊँ भनेर आ'को ।'

राममानको कुरा सुनेर कृष्णमानको मनमा निकै खुल्दुली भयो । कृष्णमानले मनमनै सोचे, केको निम्तो दिन आए राममान ? छोराछोरीको बिहे त पहिल्यै गरिसक्केको हो। ए अँ, नातिको व्रतबन्धको होला ।

कृष्णमान टोलाइरहेको देखेर राममानले भने, 'के सोच्न थाल्यौ हँ कृष्णमान ?'

कृष्णमानले अलि अकमकाएर भने, 'केही होइन । तिमी केको निम्तो दिन आयौ भनेर सोचिरहेको ।'

'अरू केको हुन्थ्यो, घरपूजाको नि । छोराछोरीको बिहे भइहाल्यो । नातिको व्रतबन्ध गर्ने बेला अलि भा'को छैन ।' राममानले कृष्णमानको अनुहारतिर हेर्दै भने ।

'ए हो त । तिम्रो घर बन्दै गरेको कुरा त मैले भुसुक्कै बिर्सेको । तयारै पो भइसकेछ है ।' कृष्णमानले पनि राममानको अनुहारतिर हेर्दै भने ।

राममान र कृष्णमान एकै गाउँका, एकै ठाउँका । सँगै हुर्केका, सँगै बढेका र सँगै पढेका । तर राममान पढाइमा अलि तेज थिए, कृष्णमान चाहिँ अलि बोधो । राममानले पढाइ सकेर सरकारी जागिर पनि खाए । उनी जागिरे भए । कृष्णमानचाहिँ खेतीपातीमै भुले । उनी किसान भए । राममानले छोराछोरीलाई पनि राम्रैसँग पढाए । छोराछोरीले पनि राम्रैसँग पढेर बाउको नाक राखे । कृष्णमानले आफूले पनि राम्रोसँग पढ्न सकेनन् । छोराछोरीलाई पनि राम्रोसँग पढाउन सकेनन् । जस्तो बाउ, उस्तै छोराछोरी ।

जागिर खाएका राममानले यताउता गरेर टन्नै कमाए । खेतीपातीमा लागेका कृष्णमानले जति गरे पनि कमाउन सकेनन् । तर खान लाउन भने दुःख भएन ।

बाउबाजेले छाडेर गएको अलिअलि सम्पत्ति छँदै थियो । त्यसैलाई समालेर बस्दा पनि पुगेकै थियो । उता राममानको भने दिनदिनै आर्थिक हैसियत बढिरहेको थियो । बाउबाजेको सम्पत्ति थोरै भए पनि आफैँले जोडेर धेरै बनाए । छोराले पनि केही थपथाप गऱ्यो । कृष्णमानको छोराले भने बाउले जस्तै थप सम्पत्ति जोड्न सकेन । राममानको सम्पत्ति बढेको बढ्यै गऱ्यो । कृष्णमानको चाहिँ जतिको त्यति नै ।

सरकारी जागिरेको जीवन फेरियो । तर किसानको कर्म फेरिएन । केही बेर गफगाफ गरेर राममान गए । राममान गएपछि कृष्णमान फेरि के-के सोच्न थाले । राममानको हैसियत सम्झेर कृष्णमानलाई थोरै हीनताबोध र लघुताभास पनि भयो । उनी मनमनै अलिकति खुम्चिए । उनी आफैँलाई पनि आफ्नै मुटु खुम्चिएको आभास भयो । उनले राममान र आफूलाई दाँजेर हेरे । उनले राममानलाई धेरै माथि पाए, आफूलाई चाहिँ धेरै तल । एकैछिन आफ्नो भाग्यलाई सम्झेर कृष्णमान दुःखी भए । फेरि आफ्नो जीवन सम्झेर झनै दुःखी भए । उनको अनुहार मलिन हुँदै गएको उनले पत्तै पाएनन् ।

'घरसम्म आएर निम्तो दिएपछि जानैपर्ला ।' कृष्णमानले मनमनै सोचे ।

राममानको नयाँ घर देखेर कृष्णमान टोलाउन पुगे । टोलको मात्रै होइन, त्यो ठाउँकै अलग घर बनेको थियो । आधुनिक डिजाइनको घर । उस्तै नयाँ र आकर्षक रङ्गरोगन । ठूलो कम्पाउन्ड । लोभ लाग्दो बगैँचा पनि । अनि गाडी राख्ने ग्यारेज पनि । राममानको घर देखेर कृष्णमान छक्कै परे ।

'बाउले कमाएकै थिए । छोराले पनि कमाए । अनि यस्तो घर बनाउन के गाऱ्हो । आफ्नो पो... ।' कृष्णमानले एकपटक फेरि आफ्नो भाग्यलाई सम्झे र पुनः दुःखी भए । त्यो दुःखको भाव उनको अनुहारमा पनि झल्किन थालिसकेको थियो । उनलाई असहज महसुस पनि हुँदै थियो । यद्यपि राममानले केही भन्ला कि भनेर कृष्णमानले आफूलाई समाले र सहज हुने कोसिस गरे । उनको अनुहारमा कृत्रिम मुस्कान दौडिन थाल्यो ।

राममानको घरपूजामा थुप्रै पाहुना आमन्त्रित थिए । पाहुनाले घर भरिएको थियो । घरको ग्यारेजमात्रै होइन, आँगन र आँगनबाहिर पनि गाडी र मोटरसाइकलले भरिएको थियो ।

घरपूजामा प्रसाद खान गएका कृष्णमान भव्य भोज देखेर फेरि एकपटक छक्क परे र टोलाए । एकछिन विष्मित पनि भए । घरपूजामा प्रसादको साटो भोज थियो र भोजमा सबैथोक थियो । खानेहरू खाएर रमाइरहेका थिए । पिउनेहरू पिएर रमाइरहेका थिए । सबै जना रमाइरहेका थिए र रमाइलो गरिरहेका थिए ।

भोज खाएर रमाउनेहरूको केन्द्रविन्दुमा थिए राममान र उनका छोरा कमलकृष्ण। पाहुनासामु राममान गौरवान्वित थिए। उस्तै गौरवान्वित थिए उनका छोरा कमलकृष्ण पनि। कमलकृष्ण आफ्ना साथी र दौँतरीहरूसँग रमाइरहेका थिए। राममान पनि आफ्ना साथी र दौँतरीहरूसँग रमाइरहेका थिए। छोरीज्वाइँसँगै अरू आफन्त पनि उसै गरी रमाइरहेका थिए। तर राममानका दौँतरी कृष्णमान भने रमाउन सकिरहेका थिएनन्। त्यो रमाइलो वातावरणमा पनि कृष्णमानको मन भने कोक्याइरहेको थियो। तैपनि उनले आफ्ना दौँतरी राममानसामु कृत्रिम मुस्कान छोडिरहे। खुसी भएको अभिनय गरिरहे।

राममानको घरपूजाको भोज खानेहरूमध्ये कोही राममानको पुरुषार्थको बखान गर्दै थिए। कोही राममानको छोरा कमलकृष्णको गुणगान गर्दै थिए।

'राममानले जागिरबाट राम्रै कमाएछन्।' नपिएर नमातेकाहरू भन्दै थिए।

'राममानले भ्रष्टाचार गरेर कमाएको हो।' पिएर मातेकाहरू भन्दै थिए।

'कमलकृष्णको व्यापार राम्रै चले जस्तो छ।' नपिएर नमातेकाहरू भन्दै थिए।

'केको व्यापार, दुई नम्बरी धन्दा गरेर कमाएको हो।' पिएर मातेकाहरू भन्दै थिए।

राममान सुनेर पनि नसुनेझैँ गरी हाँसिरहेका थिए। राममानका छोरा कमलकृष्ण पनि उसैगरी सुनेर पनि नसुनेझैँ गरी हाँसिरहेका थिए। उनीहरूले बुझेका थिए, यो सबै रक्सीको कमाल हो भनेर।

भोज खानेहरूमध्ये कोहीले राममान र उनका छोरालाई पुरुषार्थी र बुद्धिमान भनेर ताली दिइरहेका थिए। कोहीले चाहिँ भ्रष्टाचारी र दुई नम्बरी भनेर गाली पनि दिइरहेका थिए। तर बाउछोरा दुवैले त्यो ताली र गालीको वास्ता गरिरहेका थिएनन्। उनीहरू भोज खुवाउन सकेकोमा गौरवान्वित मात्रै भइरहेका थिए।

कृष्णमानले राममानलाई ताली दिएनन् र गाली पनि गरेनन्। बरु उनी भित्रभित्रै छटपटिरहे। साँच्चै भन्ने हो भने आज पहिलो पटक उनलाई राममानको प्रगति देखेर डाहा लाग्यो। यसअघि उनलाई यस्तो अनुभूति कहिल्यै भएको थिएन। उनले राममानलाई राममानकै रूपमा मात्रै चिनेका थिए। तर आजै थाहा पाए, राममान त ठूलो मान्छे भइसकेछन्। सम्पत्तिवाल हुनु भनेको ठूलो मान्छे हुनु रहेछ अर्थात् ठूलो मान्छे हुनु भनेको सम्पत्तिवाल हुनु रहेछ। आज कृष्णमानलाई यो यथार्थको बोध भयो।

'दाइ पनि यहाँ ?' कृष्णमानभन्दा कम उमेरको एकजना मान्छेले कृष्णमान अगाडि ठिङ्ग उभिएर भन्यो।

'हो म पनि यहाँ। साथी राममानको घरपूजाको भोज खान आ'को।' कृष्णमानले भने। कृष्णमानलाई त्यो मान्छे को हो भनेर ठम्याउन गाह्रो भयो, तर को हो भनेर सोधेनन्।

'दाइ त पुरानै घरमा हुनुहुन्छ होइन ?' त्यो मान्छेले अलिकति हाँसेर भन्यो ।

त्यो मान्छेको कुराले कृष्णमानको मुटुमा काँडाले घोचेजस्तै गरी दुख्यो । 'म पुरानो घरमा बसूँ अथवा नयाँ घरमा । तँलाई के चासो ?' यस्तो भन्न मन लाग्यो कृष्णमानलाई । तर भनेनन् । नबोली त्यो मान्छेलाई घुरेर हेरे । त्यसपछि त्यो मान्छे लुसुक्क अर्कोतिर लाग्यो ।

कहिलेकाहीँ अलिअलि पिउने कृष्णप्रसादले आज धेरै नै पिए र पिइरहे । पिउँदापिउँदै धेरै नै पिए, तर बेहोसै चाहिँ भएनन् । अलिअलि होसमा उनी भन्दै थिए, 'राममान, तिमीले दरबार बनायौ । मैले त घरबार पनि राम्रो बनाउन सकिनँ ।'

कृष्णमानको कुराले राममानलाई छोयो । जे भए पनि कृष्णमान उनका बालसखा थिए । दौँतरी थिए । उनले सान्त्वना दिँदै भने, 'पिर नमान कृष्णमान । तिम्रो पनि दरबार बन्छ ।'

'कसरी बन्छ ?' कृष्णमानले लर्बराउँदै भने । 'तिम्रो छोराले बनाउँछ ।' राममानले अझै सान्त्वना दिँदै भने । 'कसरी बनाउँछ त्यो स्वाँठले ?' कृष्णमानले आफ्नै छोराप्रति आफ्नो कुण्ठा पोखे ।

'तिमी नआत्तिऊ कृष्णमान, बनाउँछ जसरी पनि ।' राममानले फेरि पनि सान्त्वना दिँदै भने ।

कृष्णमान हातमा रक्सीको गिलास लिएर राममानको दरबार नियाल्न थाले । राममानको नयाँ घर नियाल्दै आफ्नो पुरानो भइसकेको घर सम्झे । त्यो घर उनका बाले बनाएका थिए । नयाँ घर कसरी बनाउने होला ? कृष्णमान घोत्लिन थाले ।

राममानले भनेजस्तै कृष्णमानको छोराले पनि नयाँ घर बनायो । घरको काम सकिएपछि पण्डितलाई घरपूजाको साइत हेराए । पण्डितले पात्रो हेरेर घरपूजाको साइत दिए । अनि कृष्णमान उसैगरी घरपूजाको निम्तो दिन राममानको घरमा गए ।

कृष्णमानको निम्तो स्वीकार्दै राममानले भने, 'मैले भनेको होइन कृष्णमान, तिम्रो छोराले पनि घर बनाउँछ भनेर !'

कृष्णमान बोलेनन् । उनको मनमा उकुसमुकुस भइरह्यो । काँडोले घोचेझैँ दुखिरह्यो । उनले केही भन्न सकेनन् । एकछिन् अस्ती भर्खर भएको जेनजी आन्दोलन, देश खरानी भएको अवस्था र आगामी चुनावलगायतका विषयमा गफगाफ गरेर कृष्णमान आफ्नो घर फर्किए ।

कृष्णमानको घरपूजाको दिन । पाहुनाहरू आए । केही कृष्णमानका साथी र दौँतरीहरू आए । केही कृष्णमानका छोरा गणेशमानका साथी र दौँतरीहरू आए । अनि धेरैचाहिँ कृष्णमानको घरका आफन्तहरू आए । अँ, कृष्णमानका बालदौँतरी राममान पनि आए ।

कृष्णमानको घरपूजामा पनि भोज नै थियो, तर राममानको घरपूजाको

भोजजस्तो भव्य थिएन । कहाँ राममान, कहाँ कृष्णमान !

पाहुनाहरू भोज खाँदै कृष्णमान र उनका छोरा गणेशमानलाई बधाई दिँदै जाँदै थिए। कृष्णमान र उनका छोरा बधाईको प्रत्युत्तरमा धन्यवाद भन्न व्यस्त थिए । त्यो व्यस्ततालाई थाती राखेर कृष्णमान राममान छेउ गए । मनलाई खिन्न र अनुहारलाई मलिन पारेर उनी राममानसामु उभिए र भने, 'तिमीले खायौ ?'

'खाएँ ।' कृष्णमानको मलिन अनुहार देखेर राममानले भने, 'घरपूजामा पनि तिमी खुसी देखिन्नौ कृष्णमान। किन ?'

'के भन्नु राममान । मुटुमा काँडो बिझेको छ । त्यसले च्वास्सच्वास्स घोचिरहेछ । तिम्रो जस्तो कमाएर बनाएको घर भए पो खुसी हुनलाई। गुमाएर बनाएको घर पो हो त।' यसो भन्दै गर्दा कृष्णमानको मुटुमा फेरि च्वास्स दुख्यो। 'गुमाएर ?' कुरा नबुझेझैँ राममान अकमक्क परे।

'भो, पर्दैन नयाँ घर बनाउन। पुरानो भए पनि चलेकै छ नि भनेको, छोराले मान्दै मानेन । उसले बारम्बार भनिरह्यो, सबैले नयाँ घर बनाए । हामीमात्रै कति पुरानो घरमा बसिरहने। आखिर उसकै जिद्दीले यता घर ढलान भयो। उता एक टुक्रा खेत चलान भयो।' कृष्णमानले मनको पीडा ओकले र ख्वाङख्वाङ खोक्न थाले।

राममानले बल्ल कुरा बुझे। ♦

कविता

# नेपाल



✍ **प्र.स.ह.गोविन्द राज ओझा**

नेपाल म तिमिलाई माया गर्छु
म खुसी छु म नेपालमा जन्मेको छु
नेपाल देश स्वतन्त्र छ
म जहाँ जान्छु यात्रा स्वतन्त्र छ।

नेपाली सपना बाँच्न स्वतन्त्र छ
यो प्रेमको महान भूमि, शान्ति भूमि भनेर चिनिन्छ
मेरो हृदय गौरव र आनन्दले भरिएको छ
हामी देशभक्तहरूको हृदय प्राय मिसिन्छ।

पशुपतिनाथले यो भूमिलाई आशिर्वाद दिनुहोस्
यो देश सधैँ भरिको लागि सुरक्षित राखिदिनु होस्
नेपाल म तिमिलाई माया गर्छु
म मेरो देशलाई हृदय भित्र सजाएर राख्छु।

नेपाल म तिमिलाई माया गर्छु
म खुसी छु म नेपालमा जन्मेको छु
नेपाल देश स्वतन्त्र छ
म जहाँ जान्छु यात्रा स्वतन्त्र छ।

# प्रहरी सेवामा मेरा ३० वर्ष



✍पूर्व.प्र.ना.नि. नृप बहादुर रावल

**जीवन एक समर्पणको कथा**

तीन दशक अर्थात् तीस वर्ष, यो कुनै सानो समय होइन । जीवनका कैयौं आरोह, अवरोह, सफलता, असफलता, खुसी र दुःखका थुप्रै अध्यायहरू समेटिनुका साथै जीवनका ऊर्जाशील क्षणहरू यही अवधिमा व्यतित भएका छन्। यति लामो प्रहरी सेवाको यात्रा सजिलो थिएन तर गौरवपूर्ण थियो । आज म फर्किएर हेर्छु मनमा गर्व, आँखामा आँसु र आत्मामा सन्तोष छ किनभने मैले मेरो जीवन राष्ट्र र जनताको सुरक्षाको लागि समर्पण गरेको छु।

**प्रहरी जीवनको सुरूवात–एउटा संयोग एउटा संकल्प**

२०५१ सालको साउन-भदौ महिना गाउँमा रोपाइँको चटारो भर्खरै सकिएको थियो। खेतको हिलो पखालिए पनि थकान अझै शरीरमा बाँकी थियो । साँझको समय आफ्नै गाउँको घर माथिल्तिर रहेको कालिका मन्दिर परिसरको चौरमा हामी केही जना बसेर गफ गर्दै थियौ। जीवनका उद्देश्य, सपना र सम्भावनाको बारेमा।

त्यही समय गाउँका एकजना अग्रज काकाले मलाई हेर्दै सहज र गहिरो भावमा भन्नु भयो नृप तिमी त शारीरिक रूपमा प्रहरी हुन लायक छौ। किन प्रयास नगर्ने ? त्यो एक वाक्यले मेरो मनमा एकाएक हुटहुटी जाग्यो म ती शब्दमा हराए र जीवनको नयाँ सम्भावनाको कल्पना गर्न थाले । त्यो सानो प्रेरणाले मलाई ठुलो सपना देखायो । राष्ट्रिय सेवा, पोसाकको गरिमा र जिम्मेवारीको मार्गतर्फ ।

समय बित्दै गयो ठिक एक वर्ष पछि २०५२ सालको आश्विन महिनामा प्रहरी जवान पदमा भर्ना खुल्यो, त्यो खबर सुन्ने वित्तिकै मन उत्साह र संकल्पले भरियो । संयोग त्यस्तो पर्यो कि मलाई प्रहरी बन्न प्रेरित गर्ने उनै काका स्वयं पनि गाउँका अन्य केही युवाहरूसँगै भर्ना प्रक्रियामा जान लाग्नु भएको रहेछ । म पनि वहाँहरूसँगै दिपायल हानिए, नयाँ यात्रा र नयाँ अध्याय सुरू गर्ने सोचका साथ ।

छनौट प्रक्रिया कठिन थियो। करिब तीन महिनाको लामो अवधिमा

दौड, शारीरिक परीक्षण, लिखित परीक्षा, अन्तरवार्ता यी सबै पार गर्दै गर्दा शरीर थाक्थ्यो तर मनको आत्मबल झन बलियो बन्दै गयो। अन्ततः नतिजा आयो छनौटमा हामी सँगै गएकाहरूमा म मात्र छनौट हुन सफल भए।

**प्रहरी तालिमको पहिलो दिन कहाली लाग्दो सुरूवात**

छनौट भएर प्रहरी तालिम केन्द्र भित्र पाईला टेकेको त्यो दिन आज पनि मेरो स्मृतिमा चिरस्थायी बनेर बसेको छ। एउटा अनौठो अनुभव जहाँ जीवनको नयाँ अध्याय प्रारम्भ त भयो तर सुरूवातमै अकल्पनीय संघर्षबाट।

अन्तिम परीक्षा सफलतापूर्वक उत्तीर्ण गरेर हामी उत्साहित थियौ, मनमा नयाँ सपना अनुहारमा गर्व मिश्रित मुस्कान। हामी सोच्दथ्यौ अब प्रशिक्षण सुरू हुनेछ। अनुशासन, शारीरिक अभ्यास र सिकाईको प्रक्रिया प्रारम्भ हुनेछ तर हामीले कल्पना गरे विपरीत प्रशिक्षार्थीहरूलाई एउटा प्रहरी ट्रकमा राखेर तालिम केन्द्रबाट बाहिर लगियो। तर त्यो दिनको मुख्य कार्य थियो तालिम केन्द्र परिसरको उत्तरततर्फ निर्माण हुँदै गरेको क्षेत्रीय प्रहरी अस्पतालको भवनका लागि ढुङ्गा संकलन गर्नु।

हामीलाई सेती नदिको कालाखोला बगरमा लगियो, न त कुनै सूचना दिइएको थियो, न त तयारीको मौका, बिहानै देखि साँझसम्मै ढुंगा उठाउने, बोकेर ट्रकमा हाल्ने र त्यसको चाङ लगाउने कार्यमा दिन बित्यो। गर्मी, थकाई भोक र शरीरको पीडा यी सबैलाई लुकाउदै हामीले त्यो पहिलो दिनको सामना गऱ्यौ।

जब राती १० बजे तालिम केन्द्र फिर्ता आयौ। शरीर भतभती दुखे को थियो अनि पेटमा चर्को भोक। हामीले सोचेका थियौ अब त खाना खाएर आराम गर्न पाइने होला तर त्यो आशा पनि निराशामा परिणत भयो। खाना त परै जाओस् गुरूहरूबाट लामो ब्रिफ्रिङ सुरू भयो । रातको पालो पहरा, अनुशासन, तालिम केन्द्रका नियमहरू सबै सविस्तार सुनाइयो। यसै क्रममा घडीले रातको १२ बजाई सकेको थियो।

अन्ततः जब खाना खान पाइयो त्यो पनि चिसो अनि आधा पेट मात्र खाना खादै गर्दा आँखा निन्द्राले भारी भएका थिए। जब व्यारेक पुगेका थियौं रातको १ बजिसकेको थियो। सुत्न नपाँउदै २ देखि ३ बजेसम्मको पालो डिउटी जानुपर्ने भयो। त्यो रात मैले करिब २ घण्टा जति मात्र सुत्न पाए, यो केवल सुरूवात थियो। करिब एक महिनासम्म दिनहुँ बन्दै गरेको अस्पतालको लागि ढुंगा ओसार्ने हाम्रो दैनिकी बन्यो।

शारीरिक थकान, मानसिक तनाव र निन्द्राको अभाव बिच पनि हामी अगाडि बढ्यौ, कारण थियो कर्तव्यको भावना र देश सेवाको सपना । त्यो पहिलो दिनको अनुभूति आज पनि मेरा लागि एउटा अमूल्य पाठ हो । प्रहरी बन्ने बाटो सजिलो छैन तर त्यही कठिनाईमा साँचो बल, धैर्य र समर्पण पलाउछ भन्ने लाग्यो ।

लामो समयपछि आधिकारिक रूपमा तालिम सुरू भई नियमित तालिम प्रक्रिया अघि बढ्दा मैले पनि आफ्नो उत्कृष्टता प्रदर्शन गर्ने अवसर पाएँ । तालिम अवधिभर म अनुशासन, पि.टी., परेड, टर्नआउट र शारीरिक तन्दुरूस्तीमा अगाडि रहँदै छुट्टै पहिचान स्थापित गर्न सफल भए । मेरो पि.टी. परेडको स्तर र साप्ताहिक निरीक्षणमा देखिएको उत्कृष्टताले तालिम केन्द्रमा एकखालको छुट्टै पहिचान बनायो । जसबाट मेरो मनोबल वृद्धि भई कठोर तालिम पनि सहज लाग्न थाल्यो । तालिमको १३ महिना बितेको पत्तै भएन ।

**३० वर्षको प्रहरी धर्म एक समर्पित राष्ट्र सेवकको गौरवगाथा**

नेपालमा जब १० वर्षे जनयुद्धको सुरूवात भयो, ठिक त्यही समय मैले राष्ट्रसेवाको पवित्र व्रतका रूपमा प्रहरी सेवामा आफ्नो पाहिला टेकेको थिए । त्यो काल एक दशक लामो संघर्ष, अराजकता, परिवर्तन र चुनौतीको समय थियो । जहाँ प्रहरी सेवामा जीवन बिताउन केवल एउटा पेसा नभई साहस, त्याग र कर्तव्यप्रतिको प्रतिबद्धता थियो ।

देशमा प्रजातन्त्रदेखि गणतन्त्र र त्यसपछि लोकतान्त्रिक शासन प्रणालीको स्थापना हालैको जेन्जेड विद्रोह सम्मको हरेक राजनितिक संक्रमणकाललाई नजिकबाट अनुभूत गर्दै मैले आफ्नो पेसा, धर्म, कर्तव्यनिष्ठ आचरण र मर्यादालाई सधैँ प्राथमिकता दिँदै जनताको सेवामा समर्पित रहि जीवनको अमूल्य तीन दशक बिताए ।

मैले मेरो व्यक्तिगत जीवनको मार्गदर्शनका रूपमा आध्यात्मिक दृष्टिकोणबाट भागवत् गीता र व्यावहारिक आदर्शको रूपमा चाणक्य नीतिलाई आत्मसात् गरेको छु । यी शिक्षाले मेरो सोच, व्यवहार, सेवा प्रवाह र आर्थिक निर्णय समेतमा दृढता र नैतिकता प्रदान गरेका छन् । मेरो प्रत्येक कदममा यी सिद्धान्तहरूले स्पष्ट मार्ग देखाएका छन् । जीवनलाई केबल व्यक्तिगत सफलतामा सीमित नराखी, समाज र देशको हितमा समर्पित बनाएका छन् । यसरी मेरो जीवन र कार्यशैली पूर्ण रूपमा यी आदर्शहरूको प्रतिविम्ब बनेका छन् ।

आज गौतम बुद्ध छैनन् तर उनले दिएका ज्ञान र उपदेशबाट मानिस बुद्धका शरणमा पुग्न सक्छन् । गौतम बुद्धले भनेका

थिए, “संसारका सबै वस्तु नाशवान् छन् । ती वस्तुप्रति मोह राख्नु दुःखको कारण हो । हृदयदेखि नै पवित्र भावले सेवा कार्यमा लागेमा दुःखबाट छुटकारा पाउन सकिन्छ र अन्त्यमा मुक्ति मिल्छ ।” यी विचारहरूको पालना गर्नाले मानिसलाई धार्मिक सुख मिल्दछ र आत्मामा शान्ति हुन्छ । यही विश्वासमा विश्वका अरबौं मानिसहरू बुद्ध धर्मको पालना गर्दछन् र गौतम बुद्धलाई भगवान् भनेर पूजा गर्दछन् ।

**‘मार्गदर्शकको रूपमा तालिम’**

सेवा अवधिभर मैले प्रहरी कारबाही र सूचना प्रविधिसहित विभिन्न १० विधाका व्यावसायिक तालिम लिने अवसर पाएँ । ती सबै तालिममा मैले प्रायः उत्कृष्ट स्थान हासिल गरेको छु । यस अवधिमा गरेको मिहिनेत र लगनशीलताले कार्यक्षेत्रमा पदीय जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न मद्दत गरेको अनुभव भएको छ । धेरै पढेर प्रमाणपत्र हासिल गर्नु मात्र पर्याप्त होइन; मुख्य कुरा भनेको बुद्धि, विवेक र जागरूकताको विकास गर्नु हो ।

**जीवनको मूलमन्त्र**

प्रहरीको कार्यक्षेत्र असिमित छ । जन्मदेखि मृत्युसम्म कुनै ठाउँ छैन प्रहरी नजोडिएको । कर्तव्य पालनाको क्रममा कैयौं बिध्नबाधाहरू आइलाग्दछन् । कर्तव्य पालनाको क्रममा आइपर्ने हरेक चुनौतीलाई बिना हतास निर्भिकतापूर्वक निर्वाह गर्न सक्नु पर्दछ । जीवनमा शुक्लपक्ष तथा कृष्णपक्ष दुवैको आउनु अनिवार्य छ । शुक्लपक्षको चाँदनी सर्वदा रहन सक्दैन, उसैगरी कृष्णपक्षको अँध्यारो सदा रहन सक्दैन । कालको धर्म हो, दिनलाई रातमा अनि रातलाई दिनमा बदल्नु यही कालको गति हो । यही सोचेर मनुष्यले कृष्णपक्षको अँध्यारोबाट डराएर निरास बनेर हतास हुनु हुँदैन ।

सुख पश्चात् दुःख त आँउछ नै परन्तु यस दुःखको अँध्यारोमा मानवले आफ्नो धर्मको प्रकाशले बाटो बनाउनु पर्दछ । निरासको धर्तीबाट आशाको बिज रोप्नु पर्दछ । यही बिजारोपण भविष्यमा फल दिन्छ । यही मानव कर्तव्य हो अनि आदर्श पनि । जागिरे जीवनका अधिकांश कालखण्डमा नेतृत्वदायी कार्यालयहरूमा कार्यरत रहँदै प्रशासनिक संरचनालाई समय सापेक्ष प्रभावकारी र प्रविधिमैत्री बनाउने कार्यमा सक्रिय भूमिकामा रहि निगरानी, समन्वय, निष्पक्षता र अनुशासनका साथ अगाडि बढाएँ ।

विभिन्न समयमा सम्पन्न भएका आम निर्वाचनमा क्षेत्रीय कार्यालयहरूमा कार्यरत रहँदा मातहत जिल्लाहरूको भौगोलिक अवस्था, राजनितिक संवेदनशीलता र सुरक्षाको समग्र मूल्याङ्कन

गरी सुरक्षा योजना बनाई त्यसै अनुरूपको जनशक्ति र साधनस्रोत परिचालन गराई परिणाम स्वरूप निर्वाचनलाई भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने कार्यमा महत्वपूर्ण भूमिका निभाएको छु। विभागबाट प्राप्त हरेक जिम्मेवारीलाई समयमै निष्ठापूर्वक र कुशलताका साथ निर्वाह गर्नु मेरो प्राथमिकता रह्यो। सेवामा रहँदा चाहे नागरिक हुन् वा सहकर्मी प्रहरी कर्मचारीहरू सबैसँग समभाव, सद्भाव र भातृत्वको सम्बन्ध कायम राखी निष्कलंक छवि, मर्यादित व्यवहार र विवाद रहित सेवा मेरा जीवनका मूल्य बने।

आज जब यो तीस वर्षको गौरवपूर्ण प्रहरी जीवन पूरा गरी ससम्मान अवकाश ग्रहण गर्दैछु मेरो मन एकातर्फ अशान्त छ र अर्कातर्फ गर्वले फुलेको छ। यो केवल जागिरको अन्त्य होइन यो राष्ट्रसेवा जनताप्रति समर्पण र अनुशासित जीवनशैलीको प्रेरणादायी सम्पूर्ण अध्याय हो। आज छाती गर्वले चौडा भएको छ। देश र जनताको सेवाभाव हृदयमा बोकी आजभन्दा तीन दशकअघि नेपाल प्रहरीको आधार स्तम्भ मानिने प्रहरी जवान पदबाट आफ्नो सेवा यात्रा आरम्भ गरी प्रहरी नायब निरीक्षकसम्मको यात्रामा नागरिक प्रति समर्पित, प्रहरी धर्मलाई पूर्ण निष्ठा र सम्मानकासाथ जगेर्ना गर्दै आफ्नो कर्तव्य सफलतापूर्वक निभाएको अनुभूति गरेको छु।

**सुझाव**

आजको युग सूचना प्रविधिको युग हो। हरेक नागरिक कुनै न कुनै रूपमा सूचना प्रविधिसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएको छ। सूचना प्रविधिको तीव्र विकाससँगै अपराधका कार्यशैलीहरू पनि बदलिँदै गएका छन्। कहिलेकाहीँ त अपराधीहरू प्रहरीभन्दा एक कदम अगाडि रहेको देखिन्छ। यस परिप्रेक्ष्यमा नेपाल प्रहरीले प्रदान गर्ने तालिम प्रणालीलाई पनि समयानुकूल परिमार्जन र अद्यावधिक गर्नु नितान्त आवश्यक भइसकेको छ।

आजको समाज सचेत र चेतनशील बनेको छ, त्यसैले प्रहरीका प्रत्येक जवानदेखि अधिकृतसम्मलाई सूचना प्रविधि, अनुसन्धान प्रविधि तथा कानुनी प्रक्रियामा दक्ष बनाउने खालका व्यावहारिक तालिमहरू प्रदान गर्नु अपरिहार्य छ। त्यस्तै, वर्तमान प्रहरी ऐन र नियमावलीलाई समेत समयअनुसार पुनरावलोकन गरी परिष्कृत गर्दै प्रहरीलाई ऐन, कानुन र विधिबाट बलियो बनाउनु आवश्यक छ।

**अपेक्षा**

अवकाश प्राप्त प्रहरी कर्मचारी, उनीहरूका आश्रित परिवार तथा अवकाशको चरणमा रहेका प्रहरी कर्मचारीहरूको अवकाशपश्चातको नागरिक जीवनलाई

सहज र सुसंगठित बनाउन, उनीहरूको रूचि र योग्यता अनुसारका विभिन्न सिपमूलक तथा आयमूलक तालिम प्रदान गर्न सकिएमा त्यसको बहुआयामिक प्रभाव पर्न सक्नेछ।

एकातर्फ, यस्ता तालिमले उनीहरूलाई आर्थिक रूपमा सबल र आत्मनिर्भर बन्न सहयोग पुर्याउनेछ भने अर्कोतर्फ, प्रहरी सेवाका व्यक्तिहरू सेवामा रहँदा मात्र होइन, सेवा पश्चात पनि समाजमा उपयोगी र योगदान दिन सक्ने क्षमतायुक्त नागरिक हुन् भन्ने सकारात्मक सन्देश आम जनमानसमा प्रवाह हुनेछ। यस प्रकारका पहलहरूले प्रहरी सेवाप्रतिको वितृष्णा घटाउने मात्र होइन, प्रहरी प्रतिको जनविश्वास र भरोसा अझ वृद्धि गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् ।

अन्तमा सेवा अवधिभर विभिन्न कालखण्डमा प्रत्यक्ष एवं परोक्ष रूपमा जोडिनु हुने अग्रज, सहपाठी तथा अनुज सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनहरूमा पनि आपसी सद्भाव भातृप्रेमी यथावत रहि रहोस् भन्ने अभिलाषा लिँदै सबैको उत्तरोउत्तर प्रगतिको कामना गर्दछु ।

♦♦♦

कविता

# शब्द



✍ **देवकी के.सी.**

कसले रचना गर्यो अक्षर ?
कसले सिकायो ती अक्षर उनेर
शब्दमाला बनाउने कला ?
किन हुन्छ कुनै शब्द अमृत ?
किन बन्छ कुनै शब्द विष ?
रणमैदानमा पड्किएको तोपजस्तै
हानिकारक बन्छन् कुनै शब्द
र विष बनेर वर्षिन्छ धर्तीमा
कुनै कुनै शब्दहरू किन
खुकुरीको प्रहारभन्दा
लाखौं गुणा चोट बनेर बिझाउँछ ?
अनि पीडामा मलम बनिदिन्छ
किन कुनै कुनै शब्दहरू ?
कहाँबाट आयो होला ?
यस्तो अथाह शक्ति
ती शब्दहरूमा
आखिर के हो अक्षर ?
के हो शब्द ?
अनि आदिमकालदेखि
मानव सभ्यतासँग नाता गाँसिएको
शब्दहरूको सम्बन्ध कहिलेसम्म ?

संस्मरण

# चौसठ्ठी ज्योतिर्लिङ्ग र मकवानपुर



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

नेपालका प्राचीन चारधाम रुरुक्षेत्र, मुक्तिक्षेत्र, पशुपतिक्षेत्र र बाराहक्षेत्र हो । यहाँ असंख्य सिद्ध पीठहरू छन् । भारतमा द्वादश ज्योतिर्लिङ्ग र चारधाम, तीन धाम भन्दै हामी बाहिरिन्छौँ । आफैँ प्रकट भएका हाम्रै ज्योतिर्लिङ्गहरूको दर्शनमै हामी पुग्न सकिरहेका हुन्नौँ । पंक्तिकारले दोस्रोपल्ट नेपालका ६४ ज्योतिर्लिङ्गको भ्रमण गर्ने गराउने अभियानमा दोस्रो यात्रा पनि पूरा गरेको छ, ढाई दशकअघि पहिलो यात्रा सकेको थियो ।

६४ ज्योतिर्लिङ्गमा पहिलो हो, सिन्धुलीको कुशेश्वर र अन्तिम ६४औँ हो पशुपतिको रुद्रगारेश्वर । यसबारे स्कन्दपुराण, हिमवत् खण्डमा विस्तृत चर्चा छ । यसमा पनि केही विकट रहेको मकवानपुरमा रहेका ज्योतिर्लिङ्गको संक्षिप्त चर्चा गर्ने यो आलेखको आशय छ । अति कठिन मानिएको मकवानपुर, ठिँगन, बागमतीमाथि रहेको नटारम्भेश्वर शिवलिंग हो । लठ्ठीको सहाराले दुई होम्स्टे पार गर्दै हाम्रो समूहले केही महिनाअघि मात्रै जंगलै जंगल र धारिलो महाभारतको शिखरमा रहेको सो ज्योतिर्लिङ्गको दर्शन पूरा गरेको थियो ।

दोस्रो कठिन यात्रा ललितपुरको कालेश्वर गोटिखेलको हो । जसलाई वैतरणीधाम पनि भनिन्छ र गत वर्षको असोजको बाढीले यो क्षेत्रलाई ध्वस्त पारेको छ । पहिले यहीँदेखि हिँडेर जानु पर्ने कालेश्वरक्षेत्रको केही मुनिसम्म अचेल रिजर्भ गरिएका सवारी साधनहरू जाने गरेका छन् । मकवानपुरमा ५ सिद्ध ज्योतिर्लिङ्ग रहेकोमा चित्लाङ र टिष्टुङ आसपासका चम्पेश्वर, उन्मत्तेश्वर र नन्दीकेश्वरको यात्रा दर्शन पनि हाम्रो समूहले गत वर्ष नै पूरा गरेको थियो ।

पाँच महिनाअघि यसैक्षेत्र तर विकटमा रहको कुटेश्वर सिद्ध लिंगको दर्शन पूरा गरेको छ । थानकोट नौबिसे हुँदै पुरानो त्रिभुवन राजपथ, सात घुम्ती हुँदै हामी पालुङ पुग्यौँ । कुटेश्वरसम्मको बाटो अग्रिम अनुमान गर्न हामीले पालुङ प्रहरी चौकीको सहायता लियौँ । चौकीका प्रमुख इन्स्पेक्टर सविन अर्यालले कुटेश्वर शिवलिंग रहेको क्षेत्र थाहा नगरपालिका वडा नं ७ का वडा अध्यक्षलाई फोन सम्पर्कको प्रयास गरेँ ।

शनिबार भएकाले जसोतसो फोन सम्पर्क भई अर्यालजी र अध्यक्ष शिवराज थिंगको सल्लाह अनुसार हामी पालुङ बजारबाट पश्चिमतिर लाग्यौं । दुई बाटा रहेछन्, छोटो बाटो जाँदा बाटैमा डोजर अड्किएकोले हाम्रो बस फर्किएर लामो दूरीको यात्रातिर लाग्यो । कच्ची साइड रोडहरू धेरै भएकाले हामी धेरै अल्मलियौं र लखतरान भई वडा नं ७ को आसपास पुग्यौं तर पनि नेटवर्कको कठिनाइले फोन सम्पर्क नहुँदा पनि जसोतसो नगरपालिका ७ परिसरमा पुग्यौं । हाम्रो प्रतीक्षामा रहेछन् मित्र शिवराजजी । त्यसपछि उनकै कार्यालयदेखि केही तल रहेको कुटेश्वर शिवलिंगको दर्शन गर्न गयौ । मन्दिरमा गर्नुपर्ने काम धेरै रहेछ, बाटो पनि निकै असहज, पूर्वाधारहरूको कमी देखियो ।

पुराणमा उल्लेखित हाम्रो देशमा अनेकानेक यस्ता सिद्ध र शक्ति पीठहरू छन् तर सबैतिर एकपल्ट पनि हामी पुग्न सकेका हुन्नौं । अग्नी मुनिले विरुपाक्षको मातृगमनको पाप कटाउन नेपालमा रहेका ६४ ज्योतिर्लिङ्गको दर्शन, यात्रा, पूजा, सत्संग गराएका थिए । गुम्बज शैलीमा रहेको छानो, इँटको गारो, एक मात्र ढोका रहेको सो मन्दिरमा कालो शिला छ र त्यही शिला शिवलिंग हो । धादिङको महादेव बेसीबाट पनि उकाली लाग्दै रिजर्व गाडीहरू जान सक्छन् अहिले, तर बाटो सहज छैन । गण्ड पर्वतबाट बगेकी गण्डवती नदी र पश्चिम श्वेत पर्वतबाट बगेकी श्वेतका नदीको संगम चित्रकूट पर्वत र गालव तीर्थ क्षेत्र हो यो । यो विश्वामित्र पुत्र गालवले शिवका तपबाट स्थापना गरेको क्षेत्र हो ।

अति प्राचीन इतिहास बोकेको यो क्षेत्रमा धेरै काम हुन बाँकी देखियो। वडा अध्यक्षले पनि पूर्वाधारको कमी बारे स्विकारे र बागमती प्रदेश हेटौंडाका तत्कालीन संस्कृति मन्त्रीलाई त्यहाँको समस्या बारे टेलिफोनमा जानकारी गराइयो । प्रपोजल आउँदा यथाशक्य मन्दिर संरक्षण बारे चासो दिने बताए उनले । वडा अध्यक्ष शिवजीले हामी तीर्थयात्रीका लागि ठूलो स्नेह र मायाको वर्षा नै गराए । हामी धेरै भावुक भयौं र धन्यवाद दिई हाम्रो समूह पालुङको पाण्डुकेश्वर शिवलिंगका लागि तयार रह्यौं । त्यहाँको दर्शन पछि हामीले मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हमालजी र पुजारी विडारीसँग कुराकानी गर्‍यौं । अन्यत्रको तुलनामा त्यहाँ केही व्यवस्थित पनि देखियो । साविक पालुङ गाउँ हाल थाहा नगरपालिका, महादेव खोला नजिकै रहेको मन्दिरमा ढलौटको गजुर छ । पहेँलो छाना, ३ तले मन्दिरको चारैतिर ढोका, मुकुटले छोपिएको शिवलिंग रहेको छ । रेविका नदी र रेतोवती नदीका बीचमा रहेको यो मन्दिरमा विशेष पर्वहरूमा खचाखच भिड हुने गर्छ । महाभारत पर्वत

श्रृङ्खलामा ऋक्षवान् पर्वतबाट झरेकी रेविका नदी, भद्रमूल पर्वतबाट झरेकी रेतोवती नदी हुन्, सँगै छन् । पाण्डुक एक त्रिकालदर्शी ऋषिका नामबाट पाण्डुकेश्वर शिवलिंगको स्थापना भएको हो ।

पाण्डुकेश्वर शिव मन्दिरको दर्शन, रुद्राभिषेकपछि हामीले बजारमा निकै ढिलो तर अग्रिम अर्डर गरिएको खाना खायौँ र बिहानैको क्रममा प्रहरी चौकीमा गई उनै प्रहरी अर्यालजीलाई धन्यवाद दियौँ । साँझ पर्न लागेकाले अर्को शिवलिंग गोखुरेश्वर कुन्छाल गाउँका बारे जानकारी लियौँ । उनले अर्का प्रहरी साथीबाट सबै जानकारी लिई हामीलाई हाम्रो गाडीसँगै बाइकमा जान भने । अर्का प्रहरी मित्र गोविन्द मगरातीले गोखुरेश्वर शिवलिंगको दर्शन गराउन सहयोग गरे । केही पैदल जानु पर्ने भयो । टिस्टुङ, कुन्छाल कार्कीछाप गाउँ खोलाकै नजिक सानो छाप्रो छ, भित्र पस्न असहज पनि छ, वरिपरि सिस्नोले पोल्यो हामीलाई, ढलान भएको छत्रे शैलीको सिमेन्टको गजुर भएको शिव मन्दिर रहेको छ, आकारले सबैभन्दा गरिब मन्दिर स्पष्ट हुन्छ हेर्दा, बाटोको मुनि, नदीका किनारमा, भित्र उभिन नमिल्ने खालको, जसोतसो गोखुरेश्वरको दर्शन पछि प्रहरी मित्रलाई धन्यवाद दिई त्यहीँबाट हामी चित्लाङ भएर मातातीर्थ झर्ने प्रयासमा रह्यौँ । बजार पुगेर कुलेखानी बाटो छोडी हामी चित्लाङ हुँदै थानकोट झर्ने तरखरमा साहै असहज बाटो, कच्ची र ढुंगा झर्दै गरेको, पिच गर्न पैसाको अभाव भनिएको र यसअघि धेरैपल्ट दर्जनौँ मान्छेहरू र आफन्तलाई नै निलिसकेको त्यो बाटो सास फुलाउँदै रातमा हामी चित्लाङको ओरालो सक्यौँ । मातातीर्थ झरेपछि मुटुले अलि राम्रो र लामो सास फेर्न थालेको थियो । हाम्रा कति पूर्वाधारहरू डर लाग्दो छन्, उतिखेरै पग्लन्छन् । बाढी र पहिरोको जोखिमा छौँ हामी, तथापि हाम्रो यात्रा सम्पन्न र राम्रो भइआएको छ अहिलेसम्म । ६४ ज्योतिर्लिङ्गको यात्राको क्रम करिब ३ वर्षमा अब सकिएको छ ।

ललितपुर भारदेउको गुप्तेश्वर, काठमाडौँको बागद्वार माथिको शिवपुरी शतरुद्रेश्वर र त्यसपछि रुद्रगारेश्वर पशुपतिको दर्शन, यात्रा पूरा भएको छ । पंक्तिकारले नेपालका १० जिल्लाहरूमा रहेका ६४ ज्योतिर्लिङ्गको यात्रा रुट, यसको महत्व र सबैजसो विषयवस्तुहरू आम सञ्चारबाट प्रस्तुत गरिसकेको छ । १० जिल्ला अर्थात् सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, भक्तपुर, ललितपुर, मकवानपुर, धादिङ, रसुवा, नुवाकोट र काठमाडौँका विभिन्न स्थानहरूमा ६४ सिद्ध ज्योतिर्लिङ्गहरू रहेका छन् । जसको दर्शन गर्नाले हामीलाई सुख, समृद्धि, दीर्घायु भई रोगहरण हुने र वाक्सिद्धि भई मनोरथ पूर्ति हुने शास्त्रीय

मान्यता छ। शिवपुरी शतरुद्रेश्वर पनि अति कठिन यात्रा छ, जहाँ सवारी सुविधा छैन । बुढानीलकण्ठदेखि उकालो लाग्दै हामी मुस्किलले पुगेका हौँ । शिखरमा शिवपुरी बाबाको शालिक छ भने हेर्न लायक टोड्के बाबा आश्रम बागद्वार तल छ। विष्णुमती र बागमतीको स्रोत भूमि त्यस तर्फ पैदल यात्राले काठमाडौँको हरियाली मात्रै देखाउँदैन, सबैलाई स्वास्थ्यबर्द्धक पनि हुन्छ । ♦♦♦

लघुकथा

# महँगो चन्दा



✍ **रन्जना पराजुली लम्साल**

“बेटि, सन्तोषी माइ के लिए चन्दा दो।”

आफ्नै सुरमा उधारो कपिको हिसाब जोड्दै थिएँ। सामान राख्ने खाना जति खाली पैसा जति सबै खातामा। के गर्नु उधारो नदिए पसल नचल्ने, दिए आफ्नो हालत यस्तो। कोही हिसाब जोड्दिनु, पैसा चाइदैन ? भन्छन् कोही लुसुक्क कोठा सर्छन्।

“बेटि,तु बहुत अच्छी हो। सबको भलाइ गर्छस् लेकिन जस पाउदैनस्। जति भलाइ गर्छस् सब लोग कैँची मार्छ। माइ सन्तोषीको पुजा गर् सब ठिक हुन्छ।” म उसको मुखै नहेरी हिसाब जोडिरहन्छु। “बेटि, बेर नकर सन्तोषी माइके लिए दिलसे चन्दा दो।” पुलुक्क हेरे। मकैको खोस्टोले बुनेको सानो ढकिमा सन्तोषी माताको फोटो र अलिकति फूल मेरो अघि राख्दै मधेस पहिरनकी एक महिला आधा नेपाली र आधा आफ्नो भाषाले भनिरहेकी हुन्छिन्। “बेटि, सब इच्छा पूरा हुन्छ। मन से चन्दा दो माइ के लिए” आदि आदि......।

ऊ बोल्न छोडेकी थिइन। गल्लाबाट ५० रूपैयाँ निकाली ढकिमा हालिदिए।

“बेटि, बढा दिल छ, बढा पसलको साहुनी छ लेकिन मन चञ्चल छ। शान्त होने के लिए एक लिटर तेल दो, एक माना चामल दो, कालो दाल दो, ओ बढा वाला बिस्कुट दो सन्तोषी माइ के लिए।” ऊ भन्दै थिइ। उसका कुराले म उथलपुथल भएको व्यापार ठिक होला कि भन्दै दिए तर के के दिए कति दिए थाहा पाइन। “आन्टी, एन.टि.सि को कार्ड दिनुन” भन्दा झस्किएर हेर्दा, न त्यो आइमाई थिइ न ढकी न देवता न त थुपारेका एक डङ्गुर सामान नै ।

# देशको समृद्धिः विज्ञान र प्रविधि



✍ **राजेशमान के.सी.**

कुनै पनि मुलुकको समग्र विकासका लागि विज्ञान प्रविधिको विकास हुनु अति नै आवश्यक मानिन्छ । विज्ञान प्रविधिले कुनै पनि मुलुकको सामाजिक आर्थिक विकासमा अहम् भूमिका निर्वाह गरेको हुन्छ। विगत केही दशकदेखि विज्ञान प्रविधिको समुचित विकास र प्रयोगले गर्दा विश्वका धेरै मुलुकहरू आफ्नो प्राकृतिक र मानवीय स्रोतहरूको अधिकतम उपयोगद्वारा जनताको जीवनस्तर माथि उकास्दै उन्नतिको शिखरमा पुग्न पूर्ण रूपमा सफल भएका छन् । टाढाको कुरा नगरौं । हाम्रै दुई छिमेकी मुलुक चीन र भारत पनि आज विज्ञान प्रविधिको यथोचित प्रयोगद्वारा सामाजिक तथा आर्थिक विकासको दिशामा प्रतिस्पर्धात्मक रूपमा अगाडि बढिरहेका छन् । त्यसैले हामीले पनि आफ्नो मुलुकको उन्नति र विकासका लागि विज्ञान प्रविधिको विकासमा यथेष्ट ध्यान दिनुपर्ने खाँचो देखिएको छ । वास्तवमा विज्ञान र प्रविधिको विकास गरी यसलाई उचित प्रयोग गर्न सकिएको खण्डमा नै नेपाल र नेपाली जनताको आर्थिक-सामाजिक जीवनस्तर उकास्ने कार्यमा महत्वपूर्ण टेवा पुग्न जाने कुरा निर्विवाद छ।

विडम्बनाको कुरा के छ भने विज्ञान प्रविधि क्षेत्रको यति व्यापक महत्व र भूमिका रहँदा रहँदै र जनताको आर्थिक-सामाजिक जीवनस्तर उकास्न गहन योगदान पुर्‍याउन सक्ने स्पष्ट हुँदाहुँदै राज्यबाट यसले उचित प्राथमिकता पाउन सकिरहेको छैन । जसको फलस्वरूप नेपालले विज्ञान प्रविधिको अधिकतम उपयोग गरी हाल गम्भीर समस्याको रूपमा देखा परिरहेको गरिबी न्यूनीकरण गर्न एवम् जनताको आर्थिकस्तर उकास्न यसको प्रयोग समुचित रूपमा गर्न सकिरहेको छैन । जबकी विज्ञान प्रविधिको समुचित विकासले नै गरिबी निवारण गर्न, कृषि व्यवसायको आधुनिकीकरण गरी जनताको जीवनस्तर माथि उकास्न र वातावरणीय विनाशलाई रोक्न वा कम गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरा घाम जत्तिकै छर्लङ्ग भइसकेको छ ।

हुन त विगत केही दशक यता

आएर नेपालले विज्ञान प्रविधिको क्षेत्रमा केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ । विज्ञान प्रविधिसँग सम्बन्धित केही राष्ट्रिय स्तरका संघ-संस्थाहरू स्थापना भएका छन् । त्यस्तै केही वर्ष यता आएर विज्ञान प्रविधि सम्बन्धी शिक्षण संस्थाहरूमा विद्यार्थीहरूको भर्ना संख्या जुन अनुपातमा वृद्धि भइरहेको छ र जुन अनुपातमा विभिन्न प्राविधिक शिक्षण संस्थाहरूको स्थापना गर्ने क्रम बढिरहेको छ, यसबाट पनि विज्ञान प्रविधि सम्बन्धी जनशक्तिको विकासले संख्यात्मक र गुणात्मक रूपमा महत्वपूर्ण उपलब्धि हासिल गरेको कुरा सहजै अनुमान लगाउन सकिन्छ । विज्ञान प्रविधिको महत्व के कति छ भन्ने कुरा त यस क्षेत्रमा अध्ययन गर्ने गराउनेतर्फ विद्यार्थी र अभिभावकवर्गको बढ्दो अभिरूचीबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

यद्यपि विज्ञान र प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान भनेको छोटो वा अल्प समयमै पूरा हुने कुरा होइन । यसको लागि निकै लामो समय, श्रम र लगानीको आवश्यकता पर्दछ । त्यसमाथि विज्ञान प्रविधिको क्षेत्रमा राज्यले गर्ने लगानी अत्यन्त कम रहेको कतिपय बुद्धिजीवीको धारणा आफ्नो ठाउँमा छदैछ । तर एउटा यथार्थ र व्यवहारिक कुरा चाँहि के पनि हो भने नेपाल जस्तो गरिब मुलुकका लागि राज्यले आफ्नो राष्ट्रिय बजेटको ठूलो अंश केवल विज्ञान प्रविधिको क्षेत्रमा मात्र भनेर छुट्याउन पनि सक्दैन । त्यसैले यसका लागि सामान्य नेपाली जनताको आधारभूत आवश्यकीय बस्तु परिपूर्ति गरी उनीहरूको जीवनस्तर माथि उकास्न सघाउ पुग्ने क्षेत्रहरू जस्तै- कृषि र कृषिमा आधारित आधुनिक उपकरण, जैविक प्रविधिको संरक्षण र विकास, वन र वनस्पतीजन्य औषधिको पहिचान एवम् प्रशोधन, वैकल्पिक उर्जा स्रोत जस्तै- सौर्य उर्जा, वायु उर्जा, वायो ग्यास आदि जस्ता क्षेत्रमा बढी केन्द्रित रहेर आफ्नो लगानी बढाउन सकियो भने यसबाट देशको सामाजिक आर्थिक विकासमा महत्वपूर्ण योगदान हुने ठहर विज्ञहरूको रहेको छ ।

अर्को महत्वपूर्ण पक्ष के हो भने हाम्रो अर्थ व्यवस्था कृषिमा आधारित छ । त्यसैले कृषि प्रधान मुलुकमा कृषि पैदावर बढाउने र यसमा आधारित उद्योग धन्दाको खाँचो हुन्छ । त्यसैले पशुपालन, उन्नत नश्ल, माटोको उर्वरा शक्तिको अध्ययन विश्लेषण, उन्नत बिउ बिजन, खनीज पदार्थको अन्वेषण, वन पैदावार, जडीबुटीको प्रशोधन, सिँचाई, खाने पानी, भू-भौगोलिक वा भू-रासायनिक सर्वेक्षण, मौसमी जानकारी, जलस्रोतको उपयोग एवम् वैकल्पिक उर्जा विकास जस्ता कुराहरूमा सुहाउँदो प्रविधिलाई प्राथमिकता दिनु अति नै आवश्यक

देखिन्छ । मुख्य कुरा नेपालको सन्दर्भमा भन्नु पर्दा कृषि क्षेत्रलाई आधुनिकीकरण तथा वैज्ञानिक कृषि प्रणालीलाई बढी महत्व दिइनु आवश्यक छ।

यस कार्यका लागि स्थानीय कच्चा पदार्थलाई नै अधिकतम प्रयोग गर्न सकिने किसिमको निर्माण क्षेत्रको प्रविधिलाई बढावा दिनु पर्दछ । यसको लागि हाम्रो आफ्नै स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी विज्ञान प्रविधिको विकासद्वारा नयाँ नेपाल निर्माणतर्फ अग्रसर रहनु पर्ने खाँचो देखिएको छ । यहाँ उल्लेख गर्नुपर्ने एउटा महत्वपूर्ण कुरा के पनि छ भने हाम्रो जस्तो भौगोलिक विकटता र प्राकृतिक विविधता भएको मुलुकमा विश्व बजारबाट आयातित सबै प्रविधि उपयुक्त र उपलब्धिमूलक हुन्छ भन्न सकिँदैन । तिनलाई मुलुकको भौगोलिक स्थिति र वातावरण सुहाउँदो किसिमले परिवर्तन एवम् परियोजनपरक बनाउनु आवश्यक हुन्छ । जुन राष्ट्रको विज्ञान र प्रविधिको क्षमतामा नै निर्भर रहने कुराहरू हुन् ।

विज्ञान प्रविधिको सन्दर्भमा चर्चा गर्दा विज्ञान प्रविधि सम्बन्धी विकास, खोज, अनुसन्धान र प्रवर्धनका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को स्थापना वि.सं. २०३९ साल मार्ग २० गते भएको हो। नास्टले मुख्यतया मुलुकमा विज्ञान तथा प्रविधिको विकासका निमित्त उपयुक्त वातावरणको सिर्जना गर्ने, राष्ट्रका लागि आवश्यक विज्ञान तथा प्रविधिसम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने र वैज्ञानिक तथा प्राविधिक क्षमताको अभिवृद्धिमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने रहेको छ। नास्टका गतिविधिहरू मुख्यतः विज्ञान प्रविधिसम्बन्धी क्षेत्रकै अध्ययन र अनुसन्धानमा केन्द्रित छ । नास्टद्वारा सञ्चालित यस्ता अनुसन्धानमूलक गतिविधिहरूमा वैकल्पिक उर्जा जस्तै सौर्य उर्जा, वायु उर्जा, हरित उर्जा, वायोमास, औषधिजन्य वनस्पति, वातावरण संरक्षण र जलवायु परिवर्तन, खानेपानीको गुणस्तरीय परीक्षण आदि रहेका छन् ।

समग्रमा भन्नु पर्दा देशमा विद्यमान गरिबी, बेरोजगारी र दक्ष जनशक्तिको अभावलाई अन्त्य गरी सामाजिक-आर्थिक विकासका गतिविधिहरूलाई अपेक्षित रूपमा अघि बढाउनुका साथै कृषि व्यवसायलाई आधुनिकीकरण एवम् व्यावसायिकरण गर्नका लागि समेत विज्ञान प्रविधिको विकासतर्फ राज्यको ध्यान पुग्नु आवश्यक मात्र होइन, अपरिहार्य नै देखिन्छ । राज्यले यसको लागि विज्ञान प्रविधिको क्षेत्रमा लगानी अभिवृद्धि गरी नास्ट जस्तो वैज्ञानिक संस्थालाई साधन स्रोत सम्पन्न तुल्याउनु पनि उत्तिनै आवश्यक देखिन्छ। ◆◆◆

नियात्रा

# झिल्टुङमा महाकविलाई भेट्दा



✍ **लीलाराज दाहाल**

**झिल्टुङ !**

झट्ट सुन्दा यो नाउँ अनौठो लाग्छ । मान्छेको नाउँ हो कि भूगोलको । यो त्यतिविधि प्रख्यात नाउँ पनि होइन । काठमाडौँदेखि खासै टाढा नरहे पनि यो विकटताको बादलले घप्लक्क छोपेको गाउँ हो भन्ने यहाँ आइपुगेपछि थाहा हुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको मामा ससुरालीका रूपमा चिनिएको यो गाउँ महाकविको कुञ्जिनी खण्डकाव्य र पहाडी जीवन निबन्ध प्रकाशन भएपछि अलि चर्चित हुन पुगेको हो ।

युवास्रष्टा एवम् सम्पादक प्रतीक घिमिरेको झिल्टुङ जाने प्रस्तावमा यात्राको तारतम्य मिल्न पुग्यो । एउटा माइक्रोबस लिएर यस क्षेत्रको यात्रा गर्ने सल्लाह अनुसार २०८२ सालको पुस १९ गतेको मिति तय भयो ।

यात्रा भनेपछि मेरो मन त्यसै त्यसै फुर्फुरिन्छ । बिहान सबेरै आँखा खुले पनि शरीर भने ओछ्यानमै लडिरहेको थियो । पुसको उपद्र्याहा जाडो कसैगरी पनि शरीरबाट ओढ्ने हटाउन दिँदैन । जाडोसँग जोर जबरजस्ती गर्दै दिनभरको लागि न्यानो ओढ्नेसँग अनायास सम्बन्ध विच्छेद गरेर ओछ्यानबाट बाहिरिन्छु ।

मेरो नित्यकर्म केहीबेरमै पूरा हुन्छ । लमकलमक लम्किन्छु चक्रपथ सडकमा । ललितपुरको महालक्ष्मीस्थानबाट स्वयम्भू पुग्न खासै धेरै समय नलागेको कारण केहीबेर स्वयम्भूनाथको वरिपरि टहलिँदै मज्जाले पुसे ठण्डीको स्वाद लिन पाउँछु ।

उताबाट राजन पुडासैनीको फोन आउँछ । मेरो कानमा उनको स्वर गुञ्जिन थाल्छ, “लीला सर कता हुनुहुन्छ, हामी माछा पोखरीबाट हिँड्यौं है । रातो माइक्रो रन्किएर आउँदैछ ।”

नेपाल राष्ट्र बैंकका कर्मचारी रहेका यी मनुवा सज्जन छन् । साहित्य भने पछि मरिहत्ते गर्छन् । साथी भनेपछि मरिहत्ते गर्छन् । यात्रा भनेपछि मरिहत्ते गर्छन् । पद र दौलतको अहमता अलिकता पनि छैन यिनको अनुहारमा । त्यसैले यी राजन मलाई पनि अच्छा मान्छे लाग्छन् ।

स्वयम्भू चोकमा उभिएर आउने गाडीहरूलाई नियाल्छु । अब त आउने

गाडी सबै रातै राता पो देखिन थाले । सात बजेर चौंतीस मिनेट गएको छ । घामको किरणले स्वयम्भू वरिपरिको परिवेश उज्यालो देखिएको छ । घामको किरणमा बढ्दै गएको न्यानोपनले गर्दा पुच्छर लुकाएर डिच्च गर्दै भाग्न खोज्दैछ जाडो । अन्त छोपिएकोले घरिघरि मेरा गालामै चुम्न खोज्छ यो असत्ती पुसे ठण्डी ।

केही समयमा रातो माइक्रो बस आइपुग्यो । चढ्न बाँकी म मात्रै छु । ढोकाबाट भित्र पस्दा देख्छु- हरेकका अनुहार उल्लासित छन् । खाली सिट अन्तिममै भेटिन्छ । बस्छु म पनि । गाडीमा आसनका आधारमा हाम्रो नामावली बन्छ ।

दुर्गाभवानी भट्ट, एञ्जल निलु, डिल्लीराज अर्याल, राजन पुडासैनी, दीपक लोहनी, शुकदेव उपाध्याय, विष्णुप्रसाद शर्मा पराजुली, गङ्गाप्रसाद भेटुवाल, चिरञ्जीवी नेपाल, प्रतीक घिमिरे, लीलाराज दाहाल, प्रमोद गिरी र कात्यायन छौं आजका सहयात्री ।

गाडीका चालक श्रीकृष्ण महर्जन माइक्रोबसलाई स्वयम्भूबाट सीतापाइला - धार्के सडकमा निकाल्ने ध्याउन्नमा भित्री बाटो समात्छन् ।

हामी गफको तालमा छौँ । गाडी आफ्नै तालमा गुड्दै छ । काठमाडौँको पश्चिमी चुचुरोमा पुगीवरि गाडी उतापट्टिको ओरालो झर्ने क्रममा छ । भञ्ज्याङ् आउँछ, जान्छ । काठमाडौँ धादिङ सिमाना आउँछ, जान्छ । आरू खोला आउँछ, जान्छ । रूप्से खोला आउँछ, जान्छ । गाडीको सिसाबाट बाहिर पनि नियाल्दैछु । बिहानी घामको किरणमा धुनिबेसीका खेत, फाँट चम्केका छन् । बालीनाली र वन बुट्यानको हरियालीले पूरै फाँटलाई श्रृङ्गार गरिदिएको छ ।

साथीहरूलाई चियाको तलतलले सताएको रहेछ । कसैलाई लघुशङ्काले पनि दुःख दिइरहेको थियो होला । गुरूजीले कुरा बुझ्छन् । अनि त धुनिबेसी- ५, अर्जेलटारमा रहेको चिया पसलमा गाडी अडियो । होटलका कामदार नउठ्दै हामी चिया पिउन तम्सिएका रहेछौं । एक घण्टा हुन लागिसक्यो- चिया आउँदैन । पछि थाहा पाइयो, हामीलाई चिया ख्वाउन दुध नभएकोले थानकोट पुगेर दुध लिएर आउँदा पो बिलम्ब भएको रहेछ ।

त्यहाँबाट अगाडि बढ्यौं । गाडीमा यात्रारत रहँदा हाम्रो यात्राको आय-व्ययको अभिलेख राख्ने प्रतीकले भन्नुभयो, "चिया होटलको आँगन र बरण्डा फराकिलो भए पनि साहुको मन भने निकै साँघुरो रहेछ ।"

हामीले बुझ्यौं - होटलका साहुले हिसाबकिताबमा अलिकति गोलमाल गर्न खोजेछन् ।

केहीबेरमा धार्के पुग्यौं । मूलबाटो समातेर हाम्रो सवारी पूर्ण यौवनको धावक झैं दौडिरहेको छ । गल्छी पुगेर त्रिशूली जाने सडकमा मौडियौं । अलिमाथि

कोल्पुखोला पुल पनि काटियो । त्यही ठाउँनिर कोल्पुखोलाले गहिरो त्रिशूलीमा हेलिएर आफ्नो जीवन समाप्त पार्दो रहेछ । अझै अगाडि बढेपछि कोल्पुटार आयो । झिल्टुङ जान त्यही कोल्पुटारबाट दाहिने मोडिएर उकालो लाग्नुपर्ने रहेछ । हामी पहिलोपटक आउनेलाई के थाहा, हामी त नुवाकोटकै दुर्गा भवानीको भर परेका छौं । गुरूजीको भर परेका छौं । गाडी पूर्ण रफ्तारमा कुदेको छ । तारूकाघाट कटिसक्यो । रातमाटे कटिसक्यो । एउटा सानोसानो बजार पनि कटिसक्यो । काँशिटार आइपुगेपछि दुर्गाभवानीले भन्नुभयो, “यता त होइन कि क्या हो ।”

बाटोमा भेटिएका बटुवालाई सोधेपछि थाहा भयो-हामी त झिल्टुङ छुट्टिने ठाउँ छोडेर निकैमाथि आइपुगेछौं ।

त्रिशूली नदी किनारका रमणीय हरियाली र उर्वर खेतबारी नियाल्न पाउँदा रमाइरहेको थिएँ । अचानक फर्कनुपर्दा मेरा आँखाहरूको चित्त बुझाउन मलाई हम्मेहम्मे परेको थियो । फर्केर आयौं र कोल्पुटारबाट उकालो लाग्यौं । उवडखावड धुले बाटोमा हाम्रो माइक्रोबस अल्छी गर्दै गुड्न थाल्यो । मैले मनमनै सोचें- सबै ठाउँमा गल्छी- त्रिशूलीजस्तै चिल्लो कालो पत्रे बाटो त कहाँ भेटिन्छ र । हाम्रो जिन्दगी जस्तै त हो नि यात्रा पनि ।

जङ्गलको बिचको बाटोमा उकालो, अलिअलि घुम्ती, तेर्सो तेर्सो गुडेर गाडी अगाडि बढिरहेको छ । धुलोमाटोको खार नाकभित्र भित्र पुग्दै छ । झण्डै आधा घण्टाभन्दा बढी गुडेपछि हामी पुग्छौं माझ गाउँ । यहाँ केही झुरूप्प बस्ती रहेछ । यो ठाउँ नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाको ५ नम्बर वडामा पर्दो रहेछ । एकदुई होटल, केही किराना पसल, उखु पेल्ने कोल र कुटानपिसानको मिल रहेको यस ठाउँ विकासको तीव्र प्रतीक्षामा रहेछ । हामी आउँदैछौँ भनेर केही स्थानीय बुढापाका, संघ संस्थाका प्रतिनिधि र वडा सदस्य जम्मा हुनुभएको रहेछ ।

होटलमा खानेकुराको लागि आग्रह गरेपछि होटलले खानेकुराको चाँजोपाँजो मिलाउञ्जेल हामी स्थानीय रहनसहन, कलासंस्कृति, पाटीपौवा नियाल्ने बिचार गरेर वडा सदस्य गोकर्ण नेपालको पछि लाग्यौं । बाटो वरिपरि, तलमाथि मिलेर बसेको नेवार बस्ती, केही पक्की केही कच्चा घरहरू लाइन लागेर उभिएका छन् । नेवार समुदाय बढी जस्तो व्यापारमा, बाहुन क्षेत्री समाज सेवा, खेती किसानी र राजनीतिमा, अन्य जातीहरू आ-आफ्नै पुर्ख्यौली पेसामा रहेको अवस्था रहेछ यहाँको । बाटोमा जाँदाजाँदै गोकर्णजीले हामीलाई यहाँको नेवारी समुदायमा रहेको अर्वासिनी प्रथाको बारेमा केही कुरा बताउनु भयो । कुनै जात्रामा, खेतीको काममा र

स्थानीय भैभगडाको लागि बस्ने पञ्च कचहरीमा जम्मा भेला हुन जारी हुने सूचना पुऱ्याउने कार्य नै अर्वासिनी प्रथा रहेछ।

हामी अगाडि बढ्दै गयौं र भिल्टुङ डबलीमा पुग्यौं। यो डबली पहिले पहिले मुद्दा मामिलाको सुनुवाइ हुने र न्याय निसाफ गरिने ठाउँ रहेछ। वडा सदस्य गोकर्णजीले यसको अस्तित्व पचास एकाउन्न सालसम्म थियो भन्ने जानकारी दिनुभयो।

स्थानीयहरूको भनाइ अनुसार यस क्षेत्रका खास सांस्कृतिक जात्रामा हिले जात्रा र भिल्टुङ लाखे जात्रा रहेछ। यो लाखे जात्रा नाग पञ्चमीदेखि श्रीकृष्ण जन्माष्टमीसम्म चल्ने रहेछ। घर घरबाट लाखे निकालेर यस डबलीमा जात्रा देखाइने रहेछ। संस्कृति र परम्परामा पनि धनी लाग्यो भिल्टुङ। नेवार, बाहुन र दलितको सहअस्तित्वपूर्ण रहनसहन यस ठाउँको विशेषता रहेछ। तल तलको होचो ठाउँमा बस्ती छैन तर यो अग्लो डाँडामा भने बस्ती छ। अग्लो डाँडामा बस्ती भएकोले पानीको दुःख हुनु स्वभाविक भइहाल्यो।

धेरै पहिलेको भिल्टुङ गाउँ पञ्चायतपछि गएर दुई पिपल गाउँ विकास समिति र अहिले बेलकोटगढी नगरपालिकामा परिवर्तन भएको छ। यो ठाउँ भिल्टुङ नाउँको अस्तित्व गुमाएर बसे पनि महाकवि देवकोटाले यस नाउँलाई अमरत्व दिनु भएको हो। अहिले जग्गाको श्रेस्तामा मात्रै भए पनि भिल्टुङ नाउँ अभिलेखित छ।

गोकर्णजीले हामीलाई कुमारी माई मन्दिर, बिष्णु मन्दिर, कोटघर र कोटथोक अवलोकन गराउँदै, तिनको विशेषताहरू वर्णन गर्दै हामीलाई फर्काएर माझगाउँमै ल्याइपुर्याउनु भयो। बाटोमा रामबहादुर विश्वकर्माको आरनघरमा पसेर दलित जातीको अवस्था, विगत र वर्तमानको बारेमा बुझ्ने प्रयास गर्यौं।

शुकदेव नेपाल, डिल्लीराज अर्याल र गङ्गाप्रसाद भेटवालले उनै रामबहादुरको बारेमा खोजीनीति गर्दै स्थानीय सरकारबाट के कस्ता सहयोग पाउनु भएको छ, राज्यले के गरिदियोस् जस्तो लाग्छ भनेर सोध्दा उनले लजाउँदै वडा सरकारले यो आरनमा घेराबेरा गरिदिए हातहतियार हराउने थिएनन् भनेर माग राखेका थिए र नगरपालिकाले त्यो गरिदिने भन्ने आश्वासन दिँदा उनी निकै हर्षित देखिए।

कुरै कुरामा गोकर्णजीले थप्नुभयो, "राततातो रङ्गको भुरूम भुरूम मुमफली बदाम, उखु र कोदो यहाँका प्रसिद्ध बाली हुन्।"

भिल्टुङ बचत तथा ऋण सहकारीका पदाधिकारी साथीहरूले होटलको माथिल्लो बरण्डामा हामी यात्रुहरूलाई स्वागत गर्ने तारतम्य मिलाउनु भएको रहेछ। सोही मुताबिकका कार्यक्रम पनि सञ्चालन भए।

दिउँसोको १ बजिसकेको हुँदा हामी कमजोर र भोक भने बलियो बलियो हुँदै गएको अनुभूति हुन थाल्यो ।

भोजनपछिको हाम्रो बाँकी काम कुञ्जिनी पार्क अवलोकन थियो । हामी कत्ति पनि ढिला नगरी अगाडि बढ्यौं । केही उकालो उक्लेपछि तेर्सैतेर्सो बाटोमा पैदल यात्रामा थियौँ । बाटैभरि सल्लाको बोटहरूले सुन्दरता थपिरहेका थिए ।

खड्काछापमा चारैतिरबाट तार जालीले घेरेर कुञ्जिनी पार्क बनाइएको रहेछ । १९९७ सालमा महाकवि देवकोटा बस्नुभएको घरको आडैमा रहेछ। महाकविको सालिक पनि मलाई मनमोहक लाग्यो । सालिकमा केही लेख्दै गरेको जस्तो भूमिकामा महाकवि देवकोटा । महाकविको सालिक छेउमा बसेर हामीले पनि केही अनुभूति पस्कने काम गरेका थियौं । केदार नेपाल, नारायण नेपाल, बच्चुराम लामिछानेहरू यस क्षेत्रलाई साहित्यिक पर्यटनको केन्द्र बनाउन लागि परेका रहेछन् । स्थानीय नगरपालिका र पर्यटन मन्त्रालयको आर्थिक सहयोगमा काम हुँदै गरेको रहेछ अहिले पनि ।

यो भिल्टुङ गाउँ महाकवि पत्नी मनदेवी देवकोटाको मावलीगाउँ रहेको र स्थानीयहरूको भनाइ अनुसार महाकविलाई उपचारको लागि भारतको राँचीमा लगेर ल्याएपछि पनि महाकविलाई ठिक नभएको भन्ने ठानी झारफुक पद्धतिबाट उपचार गर्न भनी वि.स. १९९७ मा यहाँ ल्याइएको रहेछ । महाकवि यस ठाउँमा एक महिनासम्म रहँदा यहाँको गाउँघर, डाँडापाखा, खोलानाला सबै चहार्नु भएको र यसै गाउँको कथालाई टपक्क टिपेर गोरेलाई नायक र कुञ्जिनीलाई नायिकाका रूपमा उभ्याई "कुञ्जिनी" जस्तो कालजयी खण्डकाव्य र "पहाडी जीवन" जस्तो खँदिलो निबन्ध लेख्नु भएको भनेर भन्ने गरिन्छ।

नियात्रा लेखनका शिखर आदरणीय निर्मोही व्यासले २०४३ सालको असार महिनामा यस क्षेत्रको भ्रमण गर्नुभई महाकविका नातेदारको घरमा महाकवि स्वयंले प्रयोग गर्नु भएको पिर्कामा बसी खाना खाएको र महाकवि सुत्ने गरेको ओछ्यानमा सुतेर महाकविप्रति असीम श्रद्धा प्रकट गरेको कुरा उहाँको संस्मरणात्मक नियात्रा "भिल्टुङको यात्रा कुञ्जिनीको खोजीमा" मा व्यक्त गर्नुभएको छ।

भिल्टुङले केही समय आफ्नो अस्तित्व गुमाउनु परे पनि अहिले स्थानीय युवाहरू भिल्टुङलाई स्थानीय, प्रदेश र राष्ट्रियस्तरमा चिनाउन लागि परेका छन्। महाकवि एक महिनासम्म बसेको घर भत्केकाले त्यो पवित्र घर हेर्ने हाम्रो चाहना भने पूरा हुन पाएन। घर हाल भत्किसकेको रहेछ।

बेलुकाको चार बजेकाले काठमाडौँ

फर्कनलाई हामी झर्न थाल्यौं ओरालै ओरालो । यस सुन्दर ठाउँ झिल्टुङलाई छोडेर फर्कनु पर्दा मनमा कस्तो कस्तो नरमाइलो लागिरहेको थियो । बाटोघाटो बन्दै गरेको र देवकोटा पार्कको पनि निर्माण कार्य हुँदै गरेकाले पछि फेरि समय मिलाएर आउने कुरा मनमा खेलाउँदा भने मन त्यसैत्यसै रमाउन थालेको थियो । ♦♦♦

कविता

# सद्भावको सनतरी



✍ **जयश्वर रिमाल**

आजकाल बढेको मोबाइलको "रिङटोन" ले
सूचना र जानकारीसँगै व्यस्तता बढाइरहेछ ।
समन्वयका पानामा हार्दिकताका हरफ बढाउँदै जाँदा
छिमेकमा लागेको आगोले चिन्ता थपिरहेछ ॥

आशंकाले जन्माएको कम्पनसँगै,
आक्रोशको ज्वारभाटा थाम्नुछ यहाँ ।
सडकमा निस्केको मशालभन्दा धेरै
सामाजिक सञ्जालको आगो निभाउनुछ जहाँ ॥

मन्दिरको घण्टी र मस्जिदको अजान,
दुवैको अस्तित्व जोगाउनुछ यहाँ ।
मतदाता र मतपेटिकाको मात्रै होइन,
आफ्नै विश्वासको रक्षा गर्नुछ जहाँ ॥

हामी सचेत छौं-
कतै एउटा अफवाहले शहरको शान्ति नखोसियोस् !
धार्मिक-सांस्कृतिक सद्भाव तोड्न
प्रतिशोधको आगो नझोसियोस् !!

हामी प्रतिबद्ध छौं-
सेवाले भरिएको हाम्रो मस्तिष्कलाई,
तन-मनले कहिल्यै थाक्न दिँदैनौं ।
देश र जनताको शान्तिको अभिलाशा
कसैले चाहदैमा रोक्न दिँदैनौं ॥

हामी बुझ्दछौं-
नागरिकको मौन अपेक्षा,
हाम्रो साथमा छ सहकर्मीको अटल भरोसा ।
चिर्दै जानेछौं सबै प्रतिकूलता,
किनकि, कर्तव्य नै हो, हाम्रो जिजीविषा ॥

हामी ठान्दछौं-
राष्ट्र र रष्ट्रियता सधैं,
हामीभन्दा धेरै माथि छन् ।
सार्वजनिक शान्तिका लागि हाम्रो कर्म,
इतिहासमा सधैं साक्षी छन् ॥

# इन्टरनेटको विकासक्रम



✍ **त्रिचन्द्र प्रतीक्षा**

काठमाडौँ बस्ने सुगतमानले अमेरिका बस्ने आफ्नी छोरीसित इन्टरनेटकै माध्यमद्वारा सदृष्य कुराकानी गरे । विज्ञान विषय अध्ययनरत अमित जोशीले इन्टरनेटको प्रयोग गरेर ब्रह्माण्डको सुरूवातबारे गरिएका वैज्ञानिक खोजहरूबारे अध्ययन गरे । त्यस्तैगरी, एक किसानले इन्टरनेटकै माध्यमबाट बोट बिरूवामा लागेको रोगको समाधान बारेमा जानकारी प्राप्त गरे । उद्योग, संघसंस्थाहरूले आफ्ना उत्पादन तथा सेवा बेचबिखनका लागि लाखौं सम्भाव्य ग्राहकहरू माझ पुराउन इन्टरनेटमै विज्ञापन दिन्छन् । अनि इन्टरनेटमा प्रशस्त रिपोर्ट एवं जानकारी सेवाहरू उपलब्ध भएको हुँदा संसारभरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार प्राप्त गर्न मानिसहरू इन्टरनेटकै प्रयोग गर्छन् ।

**इन्टरनेट के हो ?**

कल्पना गरौँ, माकुराहरू आ-आफ्नै जालो बुनेर बसेका छन् र ती जालोहरू आपसमा यति राम्ररी जोडिएका छन् कि माकुराहरू एकअर्काको जालोमा सजिलै आउन जान सक्छन् । यस्तै, इन्टरनेट भनेको पनि संसारभरि छरिएर रहेका विभिन्न प्रकारका कम्प्युटर र कम्प्युटर नेटवर्कहरू आपसमा जोडेर बनेको एकप्रकारको विशाल जालो हो । टेलिफोनको माध्यमद्वारा संसारको अर्को कुनामा बस्ने मानिससँग कुरा गर्न सकेझैं इन्टरनेटको माध्यमबाट संसारको जुनसुकै ठाउँका कम्प्युटर वा कम्प्युटर चलाउने व्यक्तिसँग तपाईं जानकारी आदानप्रदान गर्न सक्नुहुन्छ ।

जानकारीको राजमार्ग पनि भन्ने गर्छन् इन्टरनेटलाई । राजमार्गबाट देशको कुनाकाप्चाको यात्रा गर्न सकिएझैं इन्टरनेटको माध्यमबाट आपसमा जोडिएका विभिन्न प्रकारका कम्प्युटर नेटवर्क हुँदै जानकारी पठाउन सकिएको कारणले नै राजमार्ग भनिएको हुनसक्छ । हामीले पठाएको सन्देश एक नेटवर्कबाट अर्को नेटवर्क हुँदै जाँदा प्रत्येक नेटवर्कसित सो सन्देश अर्को नेटवर्कसम्म पुऱ्याउने निर्देशनहरू हुन्छन् । यसरी हामीले सन्देश पुऱ्याउन खोजेको ठाउँ अर्कै शहर वा देशमा होला, तर एक नेटवर्कबाट अर्को नेटवर्क

हुँदै हाम्रो सन्देश हामीले चाहेको ठाउँमा पुग्छ ।

**इन्टरनेटको सुरूवात**

सन् १९६० मा अमेरिका रक्षा मन्त्रालयले परीक्षणको रूपमा इन्टरनेटको सुरूवात गरेको थियो । विशेषगरी छरिएका वैज्ञानिक तथा अन्वेषकहरूले दुर्लभ तथा महँगा कम्प्युटर र त्यसमा सङ्कलन गरिएका इलेक्ट्रोनिक जानकारीहरू आपसमा बाँड्न सकोस् भन्ने हेतुले यसको निम्ति रक्षा मन्त्रालयले नेटवर्कहरूलाई आपसमा जोडेर सिंगो प्रणाली सिर्जना गरे ।

अझ शीतयुद्धको सुरूवात भएपछि "बमले नष्ट गर्न नसक्ने" नेटवर्कप्रति चासो बढ्न थाल्यो । फलतः नेटवर्कको कुनै भाग नष्ट भए तापनि बाँकी रहेका भागबाट जानकारी आफ्नो गन्तव्य स्थानमा पुऱ्याउन सकिने प्रविधिको विकास भयो ।

इन्टरनेट प्रविधि लोकप्रिय हुनुमा मुख्यतः ब्राउजरहरूको मुख्य भूमिका रहेको हुन्छ । ब्राउजर भनेको इन्टरनेटमा पाइने विभिन्न सामग्रीहरू अति सरल तरिकामा "पत्ता लगाउन" मद्दत गर्ने सफ्टवेयर हो ।

**इतिहास**

सन् १९५० को दशकतिर सुरू भएको इन्टरनेटको इतिहास सन् १९८२ मा टिसिपि आईपि मापदण्ड तोकिए लगत्तै इन्टरनेटको जन्म भएको हो । त्यसबेला इन्टरनेटलाई ARPANET अर्थात् Advanced Research Projects Agency Network भनिन्थ्यो । उक्त इन्टरनेटको सञ्जाल सुरूमा केवल चार वटा विश्वविद्यालयमा मात्र सिमित थियोः युसिलए, युसियसबि, स्ट्यान्डफोर्ड रिसर्च इन्स्टिच्युट र युताह विश्वविद्यालय । सुरूमा इन्टरनेट केवल वैज्ञानिक, इन्जिनियर, प्राध्यापकहरूमा मात्र सिमित थियो । पूर्ण व्यावसायिकरण भने सन् १९९५ मा आएर मात्र भएको हो ।

संसारभरि छरिएर रहेका करोडौं करोड कम्प्युटरहरूबिचको सञ्जाललाई इन्टरनेट भनिन्छ । यी कम्प्युटरहरू एकआपसमा विभिन्न माध्यम जस्तै, धातुका तार, फाइबर अप्टिक तार, तार बिहिन (वायरलेस) प्रविधिबाट जोडिएका हुन्छन् । यी कम्प्युटरहरू बिच सूचना आदान प्रदान गर्न विभिन्न प्रोटोकलहरू प्रयोग भएका हुन्छन् । नेटवर्क सञ्जालहरू विभिन्न प्रकारका हुन्छन् । जस्तै- लोकल एरिया नेटवर्क (LAN), वाइड एरिया नेटवर्क (WAN), मेट्रोपोलिटन एरिया नेटवर्क (MAN), स्टोरेज एरिया नेटवर्क (SAN) इत्यादि । यस्ता लाखौं सञ्जालहरू बिचको सञ्जाल नै संसारकै सबैभन्दा ठुलो सञ्जाल इन्टरनेट हो ।

**वेब पेजको सुरूवात**

सन् १९८९ मार्च १२ का दिन पारमाणविक अध्ययनका लागि

युरोपेली संस्था सर्नका बेलायती वैज्ञानिक टिम बर्नर्स-लीले वर्ल्डवाइड वेब (डब्ल्युडब्ल्युडब्ल्यु)को आविष्कार गरेका थिए । यसको जन्मदाता बेलायती भौतिकशास्त्री तथा इन्जिनियर टिम बर्नर्स-ली जसले ती सबै वैज्ञानिकहरू बिच सुरक्षितरूपमा आफ्नो अध्ययनका बारेमा जानकारी आदानप्रदान गर्न 'सूचना व्यवस्थापन प्रणाली'को प्रस्ताव गरेका थिए । सुरूमा विश्वविद्यालय र वैज्ञानिकहरूबीच स्वचालित सूचना आदान प्रदान गर्ने उद्देश्यले यसको स्थापना भएको थियो । उक्त समयमा १०० भन्दा बढी देशमा रहेका १० हजार जनाभन्दा बढी वैज्ञानिकहरू जोडिएका थिए ।

बर्नर्स-लीले आफ्नो कम्प्युटरमा आफ्नो आविष्कार राखेका थिए र यसलाई हाइपरटेक्स्ट ट्रान्सफर प्रोटोकल भनेर नाम दिएका थिए । आज हामीले इन्टरनेटको ठेगानामा देख्ने एचटीटीपी उनले दिएको नामको छोटकरी रूप हो । सन् १९९० डिसेम्बर २० मा वेब आन्तरिक प्रयोजनका लागि र सन् १९९१ अगस्टमा सर्वसाधारणका लागि उपलब्ध गराइएको थियो । भने सन् १९९४ मा बर्नर्स-लीले डब्ल्युडब्ल्युडब्ल्युको व्यवस्थापन गरेर विश्वभर एउटै मापदण्ड बनाउने डब्ल्युडब्ल्युडब्ल्यु कन्सोर्टियम स्थापना गरे ।

**वर्ल्ड वाइड वेब अर्थात् डब्ल्युडब्ल्युडब्ल्यु**

'खासमा वर्ल्ड वाइड वेब भनेको सर्भरहरूमा राखिएका वेबसाइट एवं वेब पेजहरूको संग्रह हो' जुन वेबसाइट वा वेब पेजहरू इन्टरनेटको प्रयोग गरेर जोसुकैले पनि आफ्नो कम्प्युटर वा मोबाइलमा देख्न सक्छन् ।


यसलाई उदाहरणका रूपमा यसरी हेरौं मानौ वर्ल्ड वाइड वेबलाई एउटा पुस्तक मान्ने हो भने त्यसको एउटा पाठ फेसबुक हो, अब सोभ्रैं फेसबुक पाठ खोल्नका लागि चाहिने पेज नम्बरलाई 'डब्लुडब्लुडब्लु डट फेसबुक डटकम' मान्न सकिन्छ ।

क्रोम, फायर फक्स, मोजिला, सफारीमध्ये कुनै एक वेब ब्राउजरमा हामीले फेसबुक सर्च गर्‍यौं अब त्यसपछि फेसबुकको वेबसाइटमा जाँदा खुल्ने लिंक फेसबुक डटकम मात्रै नभएर डब्लुडब्लुडब्लुबाट सुरू हुन्छ । हामीलाई फेसबुकमा प्रवेश गराउने त्यो तीनवटा डब्लुको माध्यम नै वर्ल्ड वाइड वेब हो ।

**के के पाइन्छ इन्टरनेटमा**

अहिलेको समयमा इन्टरनेटमा कस्ता जानकारीहरू प्राप्त गर्न सकिन्छ भनिरहनु नपर्ला । यसले औषधीदेखि लिएर विज्ञान तथा प्रविधिसम्म विविध विषयहरूमा थुप्रै नयाँ नयाँ जानकारीहरू दिन्छ । कला सम्बन्धी जानकारीहरूका साथै


विद्यार्थीहरूका निम्ति चाहिने अनुसन्धान सामग्रीहरू अनि 'सोख, मनोरञ्जन, खेलकुद, किनमेल र जागिर कहाँ कहाँ



पाइन्छन् यी सब विषयमा तपाईंले थुप्रै जानकारी इन्टरनेटमा पाउन सक्नुहुन्छ । यसबाहेक, इन्टरनेटको माध्यमबाट तपाईंले वर्षभरि भएका घटनाहरूको विवरणका साथै शब्दकोश, विश्वकोश अनि मानचित्रहरू पल्टाएर हेर्न सक्नुहुन्छ ।

सन् १९८९ मा भौतिकशास्त्री टिम बर्नर्स-लीले वैज्ञानिकहरूका लागि पहिलो वेबपेज बनाएका थिए ।

**पहिलो वेबपेज:**



Welcome to the Universe of HyperText

**Home**

Access to this information is provided as part of the WorldWideWeb project. The WWW project does not take responsability for the accuracy of information provided by others.

**How to proceed**

References to other information are represented like this . Double-click on it to jump to related information.

**General CERN Information sources**

Now choose an area in which you would like to start browsing. The system currently has access to three sources of information. With the indexes, you should use the keyword search option on your browser.

| | |
|---|---|
| CERN Information | A general keyword index of information made available by the computer centre, including CERN, Cray and IBM help files, "Writeups", and the Computer Newsletter (CNL). (This is the same data on CERNVM which is also available on CERNVM with the VM FIND command ) . |
| Yellow Pages | A keyword index to the CERN telephone book by function. |
| Internet News | You can access the internet news scheme (See information for new users ). News articles are distributed typically CERN-wide or worldwide, and have a finite lifetime. |

Newsgroups which may be of general interest at CERN include

- CERN/ECP news
- STING (Software Technology Interest Group) news.

**NeXT-related**

If you have a NeXT machine, see also the following topics:

| | |
|---|---|
| HELP | on this WorldWideWeb application |
| Installation at CERN | A few notes on installing NeXTs and applications at CERN. |
| comp.sys.next.announce | The NeXT announcements newsgroup |
| comp.sys.next.programmer | The NeXT programmer's newsgroup |
| comp.sys.next.misc | The NeXT miscellaneous newsgroup |
| comp.sys.next.sysadmin | The NeXT miscellaneous newsgroup |

◆◆◆

# पुराणमा कर्म र भाग्यः एक विवेचना



ऐन्दवी शर्मा

**विषय प्रवेश**

"भाग्यमानीको भुतै कमारो" भन्ने र "भाग्यमा छ भन्दैमा डोकामा दुध दुहेर अडिँदैन" भन्ने नेपाली उखानहरूले नेपाली समाजको भाग्य र कर्म दुबै प्रतिको धारणालाई राम्ररी व्यक्त गरेका छन् । कतिपय मानिसहरू आफ्नो वर्तमान परिस्थितिलाई पूर्वनिर्धारित भाग्यको खेल मानेर कर्म गर्नबाटै विमुख हुने गरेका पनि देखिन्छन् । तर नयाँ पुस्ताचाहिँ भाग्यजस्ता कुरामा विश्वास नगरेर सबै विषय आफ्नै मेहनतमा निर्भर हुने कुरा मान्दछन् । यसरी समाजमा भाग्य र कर्मलाई दुई विपरीत अवधारणाका रूपमा लिने गरिएको छ । हाम्रा पौराणिक ग्रन्थहरूले चाहिँ यी दुईका बिचमा गहिरो सम्बन्ध हुने कुरालाई प्रस्ट्याएका छन् । यस लेखमा यसै विषयमा केन्द्रित भएर केही विवेचनात्मक विचार प्रस्तुत गरिन्छ ।

**भाग्य र कर्म**

मानवजीवनमा भाग्य एउटा रहस्यमय विषय बन्न पुगेको छ । हामी जन्मदा नै विधाताद्वारा निश्चित गरिएको वा तोकिएको कर्म र फलको सम्बन्धलाई भाग्य भन्न सकिन्छ । मानिस गर्भमा आउँदा नै उसको के–कति आयु हुन्छ, उसले के कस्तो कर्म गर्दछ, कति धन कमाउँछ, कति विद्या आर्जन गर्दछ र उसको मृत्यु केकसरी हुन्छ यी पाँच कुरा निश्चित भएका हुन्छन् भनिएको छ ।

**आयुः कर्म च वित्तं च विद्या निधनमेव च ।**
**पञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिनः॥**
(चाणक्यनीतिदर्पण ४।१)

उक्त भनाइबाट पहिला गरिएका कर्मअनुसार नै वर्तमान स्थिति सिर्जना भएको हो भन्ने बुझिन्छ । कर्म भनेको चाहिँ अहिले गरिँदै गरिएको क्रियाकलाप वा कार्य हो । शब्दकोश हेर्दा त्यहाँ कर्म भनेको प्रारब्ध या भाग्य भनेर पनि अर्थ्याइएको देखिएकाले यसले कर्म र भाग्यको सम्बन्धलाई सङ्केत गरेको बुझ्न सकिन्छ ।

पुराणहरूमा भाग्य कर्मकै परिवर्तित रूप मात्र हो, भनिएको छ । साथै कर्मलाई पुरुषार्थ भनेर उल्लेख गरिएको पनि पाइन्छ । पहिला गरिएको कर्मले नै अहिलेको भाग्य बन्ने कुरा पनि त्यहाँ

बताइएको छ । पुराणअनुसार मन, वचन र कर्मका त्रिवेणीमा भाग्य निहित हुन्छ । कर्म केवल बाहिरी क्रियामा मात्र सीमित हुँदैन, अपितु मनले सोच्नु, मुखले बोल्नु र शरीरले गर्नु यी तीनै कुरा कर्मकै विभिन्न रूप हुन् । मन, वचन र कर्म एकअर्कामा सम्बन्धित छन् । मन, वचन र कर्मद्वारा गरिएको क्रियाकलापको फल यही जन्ममा अथवा अर्को-अर्को जन्ममा पनि प्राप्त हुन सक्छ । अघिल्लो जन्ममा गरिएको यसै जन्मका लागि जम्मा भएर रहेको कर्मको फल नै यस जन्मको भाग्य हो भन्ने बुझिन्छ । हाम्रा समाजमा जे रोपिन्छ त्यही फल्छ भन्ने भनाइ पनि प्रसिद्ध छ । विज्ञानले पनि हरेक क्रियाको प्रतिक्रिया हुन्छ भन्दछ । यस्तो क्रिया र प्रतिक्रियाका रूपमा परस्पर सम्बन्धित देखिने कर्म र भाग्यको जड पनि पुराणहरूमा बताइएको कर्म सिद्धान्तमा निहित छ ।

**कर्म र त्यसको फलभोग**

'आफूले गरेको शुभ या अशुभ कर्मको फल अवश्य भोग्नै पर्छ, नभोगीकन करोडौँ जन्म बित्दा पनि त्यो कर्मफल क्षीण भएर समाप्त हुँदैन ।' भनेर विभिन्न पुराणहरूमा उल्लेख गरिएको छ । देवीभागवतमा 'जस्तो कर्म गरिन्छ त्यस्तै फल पाइन्छ, त्यो कर्मफल अवश्य भोग्नुपर्छ' भनिएको छ ।

**यादृशं कुरुते कर्म तादृशं फलमाप्नुयात् ।**
**अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्॥**
(देवीभागवत ६।९।६७)

यसरी आफूले गरेको कर्मको फल जसरी पनि भोग्नै पर्छ, नभोगी सुखै छैन भन्ने कुरा धेरै पुराणहरूमा स्पष्ट पारिएको देखिन्छ । यसैगरी मानिसले गरेका कर्मले सधैँ नै उसलाई पछ्याइरहने कुरा महाभारतको अनुशासनपर्वमा पनि उल्लेखित छ-

**यथा धेनुसहस्रेषु वत्सो विन्दति मातरम् ।**
**एवं पूर्वकृतं कर्म कर्तारमनुगच्छति ॥**
(अनुशासनपर्व ७।२२)

अर्थात्- जसरी हजारौँ गाईहरूका बथानमा पनि बाच्छाले आफ्नी आमालाई चिन्दछ र पछ्याउँछ, त्यसैगरी मानिसका पहिले गरेका कर्मले पनि त्यो कर्म गर्ने कर्तालाई चिनेर उसलाई पछ्याउँछ । यसले के पुष्टि गर्दछ भने हामीले गरेको कुनै पनि कार्य कहिल्यै व्यर्थ जाँदैन र त्यसको शुभ वा अशुभ फल पनि कुनै-न-कुनै समयमा अवश्य पाइने हुनाले त्यो भोग्न हामी सधैँ तयार हुनैपर्छ । 'हरेक जीव आफ्नो कर्मअनुसार जन्मिन्छ, सुख र दुःख अनुभव गर्छ, भय र कल्याण पाउँछ र अन्त्यमा मर्दछ । यदि कर्मफल दिनेवाला ईश्वर छन् भने पनि उनले कर्म गर्नेलाई कर्मअनुसारकै फल दिन सक्छन्, कर्मै नगर्नेमा त उनको पनि केही चल्दैन' भनेर श्रीमद्भागवतमा उल्लेख गरिएको छ ।

**कर्मणा जायते जन्तुः कर्मणैव विलीयते।**
**सुखं दुःखं भयं क्षेमं कर्मणैवाऽभिपद्यते ॥**
**अस्ति चेदीश्वरः कश्चित् फलरूप्यन्यकर्मणाम्।**
**कर्तारं भजते सोऽपि न ह्यकर्तुः प्रभुर्हि सः॥**
(श्रीमद्भागवत १०।२४।१३-१४)

यसरी कर्मको र फलको सिद्धान्त एक निष्पक्ष तथा अटल सिद्धान्त हो, जसमा अन्यायको कुनै सम्भावना नै रहँदैन। ईश्वरले पनि कर्मकै आधारमा फल दिने हुन्, उनी पनि फल दिन स्वतन्त्र नभएर कर्मसापेक्ष छन्। कौषीतकी उपनिषद्मा पनि भनिएको छ- '**एष ह्येव साधु कर्म कारयति तं यमेभ्यो लोकेभ्य उन्निनीषत एष उ एवाऽसाधु कर्म कारयति तं यमधो निनीषते**' (३।८)। अर्थात् ईश्वरले नै जसलाई यहाँबाट माथि लानु छ, तिनलाई राम्रा कर्म गराउँछन् र जसलाई तल खसाउनु छ तिनलाई नराम्रा कर्म गराउँछन्। ब्रह्माण्डको कुनै पनि शक्ति कर्मको प्रभावबाट मुक्त हुन पनि सक्तैन। श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले आफूले पनि निर्लिप्त भई (आसक्त नभई) शास्त्रोक्त कर्म नै गरिरहेको कुरा अर्जुनसित गर्नुभएको छ।

**न मे पार्थाऽस्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन।**
**नाऽनवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥**
(श्रीमद्भगवद्गीता३।२२)

मानव मात्र होइन त्रिमूर्ति देवताहरू पनि कर्मको नियममै रहेर आफ्नो कर्म गर्न बाध्य छन्। गरुडपुराणमा पनि यही कुरा यस प्रकार बताइएको छ- 'जसले कुमालेलाई झैँ ब्रह्माजीलाई ब्रह्माण्डरूपी भाँडा बनाउन लगाएको छ, विष्णुलाई दस अवतार लिनुपर्ने महासङ्कटमा खसालेको छ, रुद्रलाई भिक्षा माग्न बाध्य पारेको छ र सूर्यलाई नित्य आकाशमा परिक्रमा गराइरहेको छ, त्यस कर्मलाई नमस्कार छ'-

**ब्रह्मा येन कुलालवन्नियमितो ब्रह्माण्डभाण्डोदरे**
**विष्णुर्येन दशावतारगहने क्षिप्तो महासङ्कटे।**
**रुद्रो येन कपालपाणिपुटके भिक्षाटनं कारितः**
**सूर्यो भ्राम्यति नित्यमेव गगने तस्मै नमः कर्मणे ॥** (आचारकाण्ड ११३।१५)

यसबाट संसारका नियन्ता ईश्वर पनि कर्मकै अधीनमा रहेर सञ्चालित हुनुपर्ने भन्ने बुझिन्छ। कर्मको फल अवश्य नै प्राप्त हुन्छ भन्ने यस कर्मबन्धनको सिद्धान्तले कार्य र कारणको सम्बन्ध देखाउँदछ। पौराणिक ग्रन्थहरूले व्यक्तिलाई भाग्यमा भर नपरी सधैँ पुरुषार्थ (पौरख) गर्न प्रेरित गरेका छन्। तथापि सफलता प्राप्त गर्न चाहिँ भाग्य वा दैवले पनि साथ दिनुपर्ने हुन्छ। कर्मविना भाग्यले मात्र फल पाइन्न भनी महाभारतमा पनि सम्झाइएको छ-

**यथा बीजं विना क्षेत्रमुप्तं भवति निष्फलम्।**
**तथा पुरुषकारेण विना दैवं न सिध्यति ॥**
(अनुशासनपर्व ६।७)

अर्थात्- जसरी बिउको रोपाइविना खेत निष्फल हुन्छ, त्यसरी नै पौरखविना भाग्य सिद्ध हुँदैन। यसबाट

भाग्यले फल कस्तो दिन्छ भन्ने कुरा व्यक्तिले गर्ने कर्मले निर्धारण गर्न सक्छ भन्ने निष्कर्ष निस्कन्छ । कर्मको बृहत्तर शक्ति देखाउन पुराणहरूमा विभिन्न किसिमका कथाहरू पाइन्छन्, जसमध्ये श्रीमद्भागवतमा आएको ययातिको कथा सुप्रसिद्ध छ । जुन यस प्रकार छ :

चन्द्रवंशी राजा ययाति एक शक्तिशाली र धार्मिक शासक हुँदाहुँदै पनि आफ्ना इन्द्रिय र कामनाका वशमा परेका थिए। शुक्राचार्यको सरापले गर्दा असमयमै वृद्धावस्थामा पुगेका उनले आफ्नो अतृप्त इच्छा पूरा गर्न आफ्नै छोरा पुरुको युवावस्था प्राप्त गरेर हजारौँ वर्षसम्म भोगविलासको आनन्द लिए । वर्षौंको भोगपछि अन्त्यमा उनले एउटा ठुलो सत्यको साक्षात्कार गरे। त्यो के हो भने कर्मको फलभोगबाट मनुष्यलाई कहिल्यै पनि तृप्तिचाहिँ मिल्दैन, बरु त्यसले झन् ठुलो तृष्णा जगाउँदछ । ययातिले अन्त्यमा भनेका थिए- "जसरी आगोमा घिउ हाल्दा आगो निभ्दैन, झन् दन्किन्छ, त्यसैगरी सांसारिक वस्तुको भोगले कामना कहिल्यै शान्त हुँदैन, झन् बढ्दै जान्छ" ।

**न जातु कामः कामानामुपभोगेन शाम्यति ।**
**हविषा कृष्णवर्त्मेव भूय एवाऽभिवर्धते ॥**

(श्रीमद्भागवत ९।१९।१४, महाभारत आदिपर्व ७५।५०, ८५।१२)

त्यसपछि उनी आफूले छोराबाट पाएको युवावस्था छोरालाई नै फिर्ता दिएर तपस्या गर्न गएका थिए । ययातिको यस पौराणिक कथाका प्रसङ्गले वर्तमान समयको उपभोक्तावादी समाजलाई ऐना देखाउँछ । वर्तमान अवस्थामा मानिस जति धेरै स्रोत र साधन बटुल्दै गए पनि झन्झन् अतृप्त बन्दै गएको देखिन्छ। यो सबै कर्मकै फल हो, जसद्वारा प्रेरित भएर आज मानिस सुख खोज्न गलत दिशातिर दौडिरहेको छ।

**कर्मका तीन प्रकार**

पौराणिक वर्गीकरणअनुसार कर्म तीन प्रकारका हुन्छन्, जसद्वारा जीवनको गति निर्धारित हुन्छ । ती हुन्- १.सञ्चित कर्म, २.प्रारब्ध कर्म र ३. क्रियमाण कर्म ।

**१.सञ्चित कर्म–** सञ्चित कर्म भन्नाले पूर्व जन्मदेखि जम्मा हुँदै आएको कर्मको भण्डार हो । यसै कर्मअनुसार राम्रा र नराम्रा कर्मका फल मानिसका खातामा जम्मा भएका हुन्छन्। यसै कर्मका आधारमा व्यक्तिको स्वभाव, अन्तर्निहित प्रतिभा र जीवनप्रतिको दृष्टिकोण इत्यादि प्रभावित हुन्छन् । साथै भाग्य पनि सञ्चित कर्मबाटै बन्ने हो । यस जन्ममा गरिएका राम्रा र नराम्रा कर्मका फलहरू नै अर्को जन्मका लागि सञ्चित भएर भाग्य बनेका हुन्छन् ।

**२.प्रारब्ध कर्म–** सञ्चित कर्मकै अंशका रूपमा प्रारब्ध कर्मलाई लिन सकिन्छ, जसले यस जन्ममा फल दिन थालिसकेको हुन्छ। सञ्चित कर्ममध्ये केही चाहिँ अर्को जन्मका निम्ति पनि सञ्चित भएर रहिरहेका हुन्छन्, यसै

जन्ममा फल दिन थालिसकेका हुँदैनन्। व्यक्तिको जन्म कहाँ, कस्तो परिवारमा र कस्तो अवस्थामा हुन्छ भन्ने जस्ता बदल्न वा फेर्न नसकिने परिस्थिति पनि प्रारब्ध कर्मकै फल हुन्।

३.**क्रियमाण कर्म**– क्रियमाण कर्म भन्नाले अहिले गर्दै गरिरहिएका कर्म भन्ने बुझिन्छ, जसका आधारमा व्यक्तिको भविष्य-निर्माण हुन्छ । वर्तमानमा गरिने भएकाले सत्कर्म गरेर पुण्य सञ्चित गर्न पनि सकिन्छ। वर्तमान समयमा मानवहरू कर्म गर्दा स्वतन्त्र इच्छा (free will) र निर्धारणवाद (determinism) का नाममा दिग्भ्रान्त भएका छन् र उनीहरूलाई हामी जे गर्न चाहन्छौँ त्यही गर्न स्वतन्त्र छौँ भनेजस्तो लाग्दछ। तर वास्तवमा स्वतन्त्र इच्छा सोचेजति पूर्ण स्वतन्त्र भने छैन र हुँदैन पनि । प्रारब्ध कर्मका फलमा स्वतन्त्र इच्छा चल्दैन, क्रियमाण कर्म गर्न पनि सोचेजति स्वतन्त्रता प्राप्त हुन सक्तैन, किनभने क्रियामाण कर्म पनि व्यक्तिको स्वभावअनुरूप नै भइरहेको हुन्छ, जुन सञ्चित कर्मकै फलस्वरूप आएको हुन्छ। भाग्यनिर्माण कर्मद्वारा गरिने र कर्म पनि भाग्यद्वारा निर्धारित हुने भएपछि मानिस कर्म र भाग्यका चक्रमा परी मोक्षबाट विमुख रहन पुग्दछ।

यसै कर्म र भाग्यका चक्रलाई बुझेर सुकर्म गरी आफ्नो उत्थान गरोस् भनेर पुराणहरूमा मानिसलाई पापकर्मबाट विमुख गराउन र पुण्यकर्मतिर उन्मुख गराउन अनेक कथाका सन्दर्भहरूद्वारा प्रेरणा दिइएको पाइन्छ । यमराजले दिने यातनाको भय देखाएर दुष्कर्मको दण्डको र स्वर्गप्राप्तिको आश देखाएर सुकर्मको पुरस्कारको व्यवस्था भएको कुरा पुराणहरूमा बताइएको छ । यसले मानवलाई आफ्नो निर्णयको उत्तरदायित्व लिन, धैर्यवान् हुन र फलको आशा नगरी कर्तव्य पालन गर्न सचेत बनाउँछ। श्रीमद्भगवद्गीतामा पनि- "**कर्मण्येवाऽधिकारस्ते मा फलेषु कदाचन**" (२।४७) भनेर यही कुरा बुझाइएको छ।

योगवासिष्ठ (उत्तररामायण अथवा महारामायण) भन्ने ग्रन्थमा पनि कर्म अर्थात् पुरुषार्थमा जोड दिइएको छ । त्यहाँ मुमुक्षुव्यवहार-प्रकरणमा वसिष्ठ ऋषिले दैवबल र पुरुषार्थबलमा जुन अधिक बलियो हुन्छ त्यसैले जित्दछ भनी श्रीरामलाई पुरुषार्थका आधारमा ज्ञानमार्गमा लाग्न प्रेरित गर्नुभएको प्रसङ्ग आउँछ (योगवासिष्ठ २।५।५)।

मानवले राम्रो कर्म गर्दै गर्दा भाग्य राम्रो बनाउन सक्ने कुरा यस क्रियमाण कर्मले बुझाउँछ। कर्मको सिद्धान्त दण्ड वा पुरस्कारको नियम मात्र नभई सुधारको एउटा अवसर पनि हो। साथै भाग्यमा भए जे पनि प्राप्त हुन्छ भन्ने गलत धारणाले मान्छेलाई पलायनवादी पनि बनाउँछ भन्ने कुरा पनि यहाँ स्मरणीय छ। विनापुरुषार्थ भाग्य भनेको कुरा कल्पना मात्रै हो, मनले सोचेर मात्र कार्यसिद्धि हुँदैन । यसै विषयको एउटा प्रसिद्ध श्लोक हितोपदेशमा पनि सङ्गृहीत छ।

**उद्यमेन हि सिद्धयन्ति कार्याणि न मनोरथैः।**
**न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः॥**
(प्रस्ताविका, श्लोक ३६)

अर्थात्- मनमा सोचेर मात्रै कार्यहरू सिद्ध हुँदैनन्, उद्यमबाट नै कार्यहरू सिद्ध हुन्छन् । सुतेको सिंहको मुखमा मृग आफैँ आएर पस्दैनन् । यस श्लोकको आशय- 'जसरी सुतेको सिंहको मुखमा मृग स्वतः आएर पस्दैनन् अर्थात् सिंहले आफ्नै प्रयासले शिकार नगरीकन मृगलाई खान पाउँदैन, त्यसरी नै उद्यम गरेर मात्रै कार्यहरू सिद्ध हुन्छन्, मनःकामनाले मात्रै कार्य सिद्ध हुँदैनन्' भन्ने हो । अतः भाग्यवादी नभई निरन्तर पुरुषार्थ गरी व्यक्तिले आफ्नै कर्मद्वारा भाग्यनिर्माण गर्नुपर्दछ भन्ने स्पष्ट हुन्छ।

**निष्कर्ष**

आजको कर्म नै भोलिको भाग्य हुने भएकाले कर्म र भाग्य वास्तवमा अलगअलग तत्व होइनन्, भाग्य भनेको कर्मकै फल वा परिणाम हो भनेर बुझ्नुपर्दछ । पौराणिक ग्रन्थहरूमा भाग्यको निर्माता स्वयम् व्यक्ति नै हुने भन्ने कुरा उल्लेख गर्दै भाग्य र कर्म परस्पर सम्बन्धित विषय हुन् भनिएको पाइन्छ। प्राणी आफ्नै कर्मको फलस्वरूप जन्म लिन्छ, जीवनभर सुख, दुःख, भय इत्यादि भोग्दछ र अन्ततः मृत्युलाई वरण गर्न पुग्दछ । यसरी पौराणिक साहित्यले भाग्य र कर्मलाई एकअर्काको पूरक तत्वका रूपमा प्रस्तुत गर्दै मानिसलाई भाग्यवादी नभई कर्मशील बन्न प्रेरित गरेको छ। आजको कर्म भोलिको भाग्यनिर्माता हुने भएको कुरा देखाएर प्रत्येक व्यक्ति आफ्नो नियतिको (भाग्यको) स्रष्टा आफैँ हो भन्ने शाश्वत सन्देश यी ग्रन्थहरूले दिएका छन् ।

**सन्दर्भग्रन्थसूची–**

गरुडपुराण, चाणक्यनीतिदर्पण, देवीभागवत, महाभारत, योगवासिष्ठ, श्रीमद्भगवद्गीता, श्रीमद्भागवत, हितोपदेश। ♦

बालकविता

## फूलबारी



✍ **अरुणबहादुर खत्री 'नदी'**

हाम्रो सानो घरमा छ है राम्रो फूलबारी,
आउँछन्-जान्छन् पुतली रमाइलो पारी ।

धेरै रंगका राम्राराम्रा फुलेका छन् फूल
त्यस्तै राम्रो रङ्गीचङ्गी पुतलीका हूल ।

फूलबारीको छेउमा छन् साना धुपी रूख
गुँड बनाउन चरीलाई हुँदैन है कुनै दुःख

फूलबारीमा पसेपछि मनै मेरो रमाउँछ
भन्नु हुन्छ आमाले दुःख-पीर भगाउँछ

खुसी पार्न सबैलाई रोप्छु राम्रा राम्रा फूल
कोपिलामै टिपेर गर्ने छैन मैले भुल ।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४६ साल अङ्क, १ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.ना.उ. ओमविक्रम राणाद्वारा लिखित 'यौन अपराधको परिचय'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।


*-सम्पादक*

यौन तृष्णा मानिसमा सधै रहिरहने कुरा हो। यसको अन्त्य त्यसवेला हुन्छ, जुनबेला शरीरको अस्तित्व हराउँछ। यौन तृष्णा एक निश्चित आयु प्राप्त गरी किशोरावस्थामा प्रवेश गर्न थालेपछि उत्पन्न हुन्छ भने यौन आकर्षण शैसवकालदेखिनै जागृत हुन्छ।

यौन तृप्तिका लागि कानूनको बिपरीत हुने करणीलाई यौन अपराध भनिन्छ। हरेक दिनको पत्रपत्रिकाहरूमा बहुविवाह, हाडनाता करणी, पशु करणी, अप्राकृतिक मैथुन आदि जस्ता यौन अपराधहरू घटेको कुरा प्रकाशमा आएको पाइन्छ। त्यसमा पनि स्वास्नीमानिस बिरुद्धको अपराध जस्तो- अपहरण, धोका दिएर भगाएको, दाइजोको कारण मारिएको र जबर्जस्ती करणी लगायतका अन्य अनैतिक कार्यहरू घट्न गएको समाचारहरू प्रशस्त पढ्न पाइन्छ।

यस किसिमको महिलाहरू विरूद्ध हुने अपराधले पीडित ब्यक्तिको अलावा समाजलाई नै शारीरिक वा मानसिक रूपमा अस्त-व्यस्त एवं चिन्तित पारेको हुन्छ। त्यसैले नेपाल र भारतमा यौन सम्बन्धी अपराधलाई गम्भीर रूपमा हेरी कानूनले कडा प्रतिबन्ध लगाएको पाइन्छ।

यौन अपराधहरू मध्ये जबर्जस्ती करणी जस्तो अपराध सामाजिक तथा कानूनी दृष्टिकोणले समेत ज्यादै घृणित र गम्भीर मानिन्छ। यस्तो अपराधको अनुसन्धानको पनि ज्यादै गहिराइमा पुगी गर्ने गरिन्छ। नेपाल र भारतमा महिला वर्गको सतित्व र कुमारीत्वको ठूलो महत्व छ। कुमारीत्व गुमाई सकेकी महिलालाई कसैले पनि विवाहको लागि स्वीकार्न चाहदैनन्। किनभने महिलाको कुमारीत्व विवाह पश्चात् पतिको सम्पत्तिको रूपमा हेर्ने गरी आएको पाइन्छ। यसैले यदि कुनै महिला जबर्जस्ती करणीको शिकार बन्न पुगेमा उनी कसैलाई पनि भन्न चाहदिनन्। ज्यादै शारीरिक पीडा वा गर्भ रहन जाने त्रासको कारण प्रकाशमा ल्याउनै परेमा पनि आफ्नो अभिभावकहरूलाई मात्र भन्ने गरेको भेटिन्छ।




**एक जना कन्चुस बुढोलाई करेन्ट लागेछ।**

**बुढी**ः– लौन नि ! के भयो यस्तो।

**बुढो**ः– नकरा बुढी, मलाई केही भाछैन, बरु त्यो मिटर हेर त कति युनिट बढेछ।

♦ ♦ ♦

**एक**ः– एउटा चुरोट निकाल्न यार !

**अर्को**ः– तैले त चुरोट छोड्छु भन्थिस् होइन र ?

**एक**ः– म चुरोट छोड्ने प्रक्रियाको पहिलो चरणमा छु।

**अर्को**ः– यो पहिलो चरण भन्या के हो नि ?

**एक**ः- मैले चुरोट किनेर खान छोडिसके।

♦ ♦ ♦

**श्याम**ः– राम तिमीलाई पौडी खेल्न आउँछ ?

**राम**ः–अहँ आउदैन।

**श्याम**ः– (खिसी उडाउँदै) तिमी जस्तो त कुकुरले पनि पौडी खेल्न जान्दछ।

**राम**ः–तिमीलाई पौडी खेल्न आउँछ त ?

**श्याम**ः–(गमक्क फुल्दै) आउँछ।

**राम**ः– त्यसो भए तिमी र कुकुरमा के फरक भयो त ?

♦ ♦ ♦

**पहिलो युवक**ः– तिम्रो बा के गर्नु हुन्छ हँ ?

**दोस्रो युवक**ः– मेरो बा तिम्रो बा भन्दा ठूलो हुनुहुन्छ । एक दिनमा ४०/५० जना मानिस हाम्रो बाको अगाडि आएर शिर निहुराउँछन्।

**पहिलो युवक**ः– ओ हो ! ठूलो रहेछन्। के काम गर्नु हुन्छ।

**दोस्रो युवक**ः– केस काट्ने नाउ।

♦ ♦ ♦

**आफन्त**ः– तिमीलाई फेसबुक भरि कति खोजिसके कहिले भेट्दिन त।

**म**ः– कहाँ भेट्नु त, मैले पहिले नै तपाईंलाई खोजी खोजी ब्लक गर्दिसके।

**संकलनः– प्र.ज.अभिन गुरुङ**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.स. १०८१ फागुन १२ गते तत्कालीन प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरद्वारा प्रहरी कल्याण कोष, पेट्रोल पम्प कोहलपुर बाँकेको उद्घाटन भएको थियो।

➲ वि.स. २०८१ माघ २६ गते नेपाल पुलिस क्लब परिसरमा नेपाल पुलिस क्लब 'The Blue Pavilion' भवन उद्घाटन भएको थियो।

➲ वि.स.२०७९ फागुन १० गते तत्कालीन प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहद्वारा कोशी प्रदेश प्रहरी अस्पतालको उद्घाटन भएको थियो।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**ऋषि धमला विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय समेत, (ने.का.प. २०६६ अंक १ नि.नं. ८०५०, बन्दीप्रत्यक्षीकरण)** मुद्दा हेर्ने अधिकारी समक्ष पेस गरिने र मुद्दा हेर्ने अधिकारीले अनुसन्धानको लागि थुनामा राख्न अनुमति दिने कुरा केवल कानुनी औपचारिकता मात्र नभई यो उचित र पर्याप्त आधारको विद्यमानतामा भर पर्ने कुरा हो। यसरी मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारीले तत्काल प्राप्त प्रमाणको आधारमा उचित र मनासिव देखिए अनुसन्धानको लागि थुनामा राख्न अनुमति दिन सकिने कानुनको उद्देश्य रहेको हुँदा अनुमति दिँदा नै अधिकार प्राप्त अधिकारीले न्यायिक विवेक प्रयोग गरेको हुनुपर्ने । अनुसन्धानबाट देखिन आउने परिणामका आधारमा मुद्दा चलाउने वा नचलाउने भन्ने अवस्था बाँकी नै रहेको, थुनुवा पूर्जी तोकेको ढाँचा अनुरुप भई कानुन प्रतिकूल नभएको, कानुन बमोजिम अनुसन्धानको कार्य भइरहेको अवस्थामा अनुसन्धानको प्रक्रियामा नै प्रभाव पर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

**राम प्रसाद राई विरुद्ध राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय समेत, (ने.का.प. २०७७ अंक १०/११ नि.नं. १०५८८, परमादेश)** घर बिदा भनेको कार्यालयमा उपस्थित भएको वा कार्यालयको कार्यमा संलग्न रहेको अवस्थामा केही अवधि फुर्सद दिनुपर्छ भन्ने मान्यतामा दिइने बिदा हो। पदबाट निलम्बन भएको अवस्थामा पनि घर बिदा पाइरहन्छ र सो बापतको सुविधा दिनुपर्छ भन्नु उचित र न्यायसंगत नहुने।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**

कविता

## कसैसँग झुक्दिन म



✍ **लक्ष्मीप्रसाद मिश्र**

कसैसँग झुक्दिन म, आमसँग शिर झुक्छ
गोर्खालीको छोरा हुँ म, नझुके नि यसै पुग्छ।
बुद्धको जन्म भूमि, नेपालै हो सबले भन्छन्
यी फटाहा, पशुजस्ता नबुझेर किन भुक्छ।

गोर्खालीको रगतले, महाकाली, मेची बगे,
यै पुर्खाको पसिना हो, नदी अब किन सुक्छ।
साहसमा मात्रै हैन, लासमा नि वीरता छ,
यी नेपाली देख्ना साथ, बैरी पनि उसै लुक्छ।

गौतमको रगतले, हामी यहाँ जन्मेका हौ,
झुट्टो आरोप लगाए, नेपालीको मन दुख्छ।
आमामाथि धावा बोले, सन्तानले सहँदैनौं,
कसैले नि धर्म छाडे, कानुनमा उहीं चुक्छ।